# परिच्छेद एक

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक 'भवानी भिक्षुका उपन्यासमा नारीपात्रको अध्ययन र विश्लेषण' रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

यस शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा निर्धारित स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको आवश्यकता पूरा गर्नु रहेको छ ।

### १.३ विषयपरिचय

भवानी भिक्षुको जन्म वि. सं. १९६६ जेठ २१ गते बिहीवारका दिन कपिलवस्तु जिल्लाको तौलिहवामा पिता इन्द्रप्रसाद गुप्ता र माता यशोदादेवी गुप्ताका कोखबाट भएको हो । बाल्यकाल तराईको ग्रामीण भूभाग तौलिहवामा बिताएका भिक्षुले काठमाडौँ आएपछि सिद्धिचरण श्रेष्ठ, ऋद्धिबहादुर मल्लजस्ता साहित्यिक व्यक्तिहरूसँग सम्पर्क बढाएका थिए । भारतीय साहित्यकारहरूद्वारा प्रेरित भिक्षु नेपाली साहित्यमा चर्चित साहित्यकारका रूपमा रहेका छन् । यिनले साहित्यका कविता, निबन्ध तथा आख्यान विधामा कलम चलाएका छन् ।

भवानी भिक्षुका प्रकाशित कृतिहरूमा कविता सङ्ग्रहहरू **छायाँ** (२०१७), **प्रकाश** (२०१७) र **परिष्कार** (२०१७), कथा सङ्ग्रहहरू **गुनकेशरी** (२०१७) **मैयासाहेब** (२०१७) **आवर्त** (२०२४) र **अवान्तर** (२०३५), उपन्यासहरू **सुभद्रा बज्यै** (२०१९), **आगत** (२०३२), **पाइप नं. २** (२०३४) र **सुन्तली** (२०४०) रहेका छन् । यसमध्ये **सुभद्रा बज्यै** लघु उपन्यास **आवर्त** कथासङ्ग्रहमा सङ्ग्रहित छ । **सुन्तली** उपन्यास **गरिमा** (२०४०) मा धाराबाहिक रूपमा पाँच भागमा प्रकाशित भएको छ । **आगत** र **पाइप नं. २** उपन्यासमात्र पुस्तकाकार कृतिका रूपमा रहेका छन् ।

यीमध्ये **आगत** उपन्यास आकार र चिन्तन दुवै दृष्टिले उत्कृष्ट महाकाव्योन्मुख उपन्यास हो । यीबाहेक अन्य तीन उपन्यासहरू लघु उपन्यास हुन् । लघु र बृहत दुवै प्रकारका उपन्यास लेख्न सफल भावनी भिक्षु नेपाली उपन्याससाहित्यका विशिष्ट प्रतिभा हुन् । यिनको साहित्यिक सिद्धि आख्यानका क्षेत्रमा रहेको छ ।

### १.४ समस्याकथन

भवानी भिक्षुको जन्म वि. सं. १९६६ जेठ २१ गते बिहीवारका दिन कपिलवस्तु जिल्लाको तौलिहवामा भएको हो । नेपालीसाहित्यमा चर्चित साहित्यकारका रूपमा रहेका भिक्षुले नेपाली साहित्यका कविता, निबन्ध र आख्यान विधामा कलम चलाएका छन् ।

यिनका उपन्यासहरू **सुभद्रा बज्यै** (२०१९), **आगत** (२०३२), **पाइप नं. २** (२०३४) र **सुन्तली** (२०४०) रहेका छन् । विविध व्यक्तिहरूले उनका उपन्यासमा रहेका नारीपात्रहरूको विश्लेषण गरेका भए पनि उपन्यासमा केन्द्रित रहेर सम्पूर्ण नारीचरित्रका बारेमा अध्ययन र विश्लेषण हुन भने सकेको छैन । त्यसैले यिनका उपन्यासहरू भित्र रहेका नारीपात्रहरूको अध्ययन र विश्लेषणमा केन्द्रित यस शोधपत्रमा निम्नलिखित समस्यामा आबद्ध रहेर शोधकार्य सम्पन्न गरिएको छ :

क) भवानी भिक्षुको जीवनी केकस्तो रहेको छ ?

ख) आधुनिक नेपाली उपन्यासमा केकस्ता नारीपात्रहरू रहेका छन् ?

ग) भवानी भिक्षुका उपन्यासमा केकस्ता नारीपात्रहरू रहेका छन् ?

### १.५ शोधकार्यको उद्देश्य

भवानी भिक्षुका नारीपात्रमा केन्द्रित रहेको यस शोधपत्रमा निम्नलिखित उद्देश्य राखेर शोधकार्य गरिएको छ :

क) भवानी भिक्षुको जीवनी उल्लेख गर्नु,

ख) आधुनिक नेपाली उपन्यासमा प्रयोग गरिएका नारीपात्रहरूको अध्ययन र विश्लेषण गर्नु,

ग) भवानी भिक्षुका उपन्यासका नारीपात्रहरूको अध्ययन र विश्लेषण गर्नु ।

### १.६ पूर्वकार्यको समीक्षा

भवानी भिक्षुका उपन्यासमा रहेका नारीपात्रका बारेमा यसपूर्व पनि केही विद्वान्हरूले धेरथोर चर्चा गरेका छन् । जुन यसप्रकार छ :

अच्युतरमण अधिकारीले **मधुपर्क**, (वर्ष ७, अङ्क ८, २०३१ पौष), मा प्रकाशित 'आलोचनाका कसीमा सुभद्रा बज्यै', भन्ने लेखमा उपन्यसकी नायिका सुभद्रा बज्यैको मनोविश्लेषण फ्रायडवादी सिद्धान्तका आधारमा गरेका छन् ।

भवानी भिक्षुले **आगत** (२०३२) को भूमिकमा आफ्ना उपन्यासका नारीपात्रहरू परमआदरणीय, परिष्कृत र परम्प्रियसमेत भएको कुरा उल्लेख गरेका छन् ।

भवानी भिक्षुले **पाइप नं २**, (२०३४) को भूमिकामा आफूले पाइप कथालाई औपन्यासिक आयम दिने क्रममा कथामा भएकी किशोरीलाई शिक्षा प्राप्त यौवनोदीप्त तरुणीका रूमपा प्रस्तुत गरेको उल्लेख गरेका छन् ।

मुरारीप्रसाद रेग्मीले **रूपरेखा**, (वर्ष १७, अङ्क २, २०३३ असार) मा प्रकाशित 'चारित्रिक कसीमा सुभद्रा बज्यै', भन्ने लेखमा **सुभद्रा बज्यै** उपन्यासकी नायिका सुभद्राको बारेमा सामान्य चर्चा गरेका छन् ।

लक्ष्मीदेवी सुन्दासले **मधुपर्क**, (वर्ष १०, अङ्क ५, २०३४ असोज), मा प्रकाशित 'आगतका नारीपात्रहरू', भन्ने लेखमा सात नारीपात्रहरूको उल्लेख गर्दै 'प्रत्येकनै आफ्ना चारित्रिक विशेषता संस्कार सम्पन्न र अनट्राडिसनल व्यवहारले बेग्लाबेग्लै स्थानमा उभिन्छन्' भनी नारीचरित्रहरूको विश्लेषण गरेकी छिन् ।

खेम कोइराला बन्धुले **मधुपर्क,** (वर्ष १०, अङ्क १०, २०३४ फागुन), मा प्रकाशित 'नेपाली उपन्यास परम्परामा पाइप नं. २', मा **पाइप नं. २** की नायिका नेलीको विश्लेषण गर्ने क्रममा  नायिका नेलीको चरित्र र व्यक्तित्वलाई धुँस्वा सायमीको **रेतकी दरार**की नायिकासँग दाँजेका छन् ।

मुरारीप्रसाद रेग्मीले **मधुपर्क**, (वर्ष ११, अङ्क ७, २०३५ मङ्सिर), 'पाइप नं. २ मनोविश्लेषणात्मक अध्ययन' भन्ने लेखमा **पाइप नं. २** की नायिका नेलीको मनोवैज्ञानिक पक्षको विश्लेषण गरेका छन् ।

ईश्वर बरालले **गरिमा**, (वर्ष १, अङ्क ९, २०४० भदौ), मा प्रकाशित 'आगतकी सम्झना' मा **आगत**की नारीपात्र सम्झनाको मनोवैज्ञानिक विश्लेषण गरेका छन् ।

तेजप्रसाद पौडेलले 'उपन्यासकार भवानी भिक्षुको औपन्यासिक कृतिहरूको विश्लेषण' (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर २०४०), मा नारीचरित्रभन्दा पुरुष चरित्रको सङ्ख्या बढी देखिने तर नारीचरित्रको भूमिका नै उल्लेखनीय रहेको कुरा उल्लेख गरेका छन् ।

शारदा शर्माले 'उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र तथा तीनका दृष्टिकोण र आकाङ्क्षा' (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर  २०४९), मा विलक्षण तर्कशीलता नै भिक्षुका नारीपात्रका विशेषता भएको कुरा उल्लेख गरेकी छिन् ।

गङ्गाप्रसाद उप्रेतीले **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज),  मा प्रकाशित 'आगतको परिवेश र भिक्षुको औपन्यासिकता' भन्ने लेखमा अधिकांश नारीपात्रहरू स्त्रीत्त्वका उपज होइनन् भन्दैनारीचरित्रको चर्चा गरेका छन् ।

रमेश भट्टराईले **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), मा प्रकाशित 'उपन्यासकार भवानी भिक्षु र उनको आगत उपन्यास' भन्ने लेखमा एउटी असल, सद्गुणी र सत्चरित्र भएकी नारीको जीवनको बाध्यता र उसको जीवनको आदर्श यसमा छ भन्दै नारीचरित्रको चर्चा गरेका छन् ।

गोपाल भण्डारीले **गरिमा**, (वर्ष २४, अङ्क १, २०६२ पुष), मा प्रकाशित 'नेपाली औपन्यासिक क्षेत्रमा भवानी भिक्षु'  भन्ने लेखमा भिक्षु आफ्ना निम्नवर्गका नारीचरित्रको मनोविज्ञान केलाउन उत्सुक देखिएको कुराको चर्चा गरेका छन् ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

आधुनिक नेपाली उपन्याससाहित्यमा यथार्थवाद र मनोवैज्ञानिक यथार्थवादी धारामा उपन्यास रचना गर्ने उपन्यासकार भवानी भिक्षुका उपन्यासहरूमा रहेका नारीचरित्रहरूका बारेमा **मधुपर्क, रूपरेखा, गरिमा, उन्नयन**जस्ता पत्रिकाहरूमा छिटपुट रूपमा चर्चा भएको तथा उनका औपन्यासिक कृतिहरूमाथि आधारित रहेर 'उपन्यासकार भवानी भिक्षुको औपन्यासिक कृतिहरूको विश्लेषण' स्नातकोत्तर शोधपत्रसमेत तयार भैसकेको छ । तथापि भवानी भिक्षुका उपन्यासका नारीपात्रहरूको समष्टि अध्ययन र विश्लेषण हुन नसकेकाले  यस शोधकार्यको उद्देश्य 'भवानी भिक्षुका उपन्यासमा नारीपात्रको अध्ययन र विश्लेषण' मा केन्द्रित रहेको छ । यसबाट उनका उपन्यासमा नारीपात्रको अध्ययन गर्न चाहने जो कोही पनि लाभान्वित हुने भएकाले यस शोधकार्यको औचित्य स्पष्टिन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका विशिष्ट प्रतिभा भवानी भिक्षुका उपन्यासका बारेमा विविध खाले अध्ययन र विश्लेषण भइसकेका छन् । यिनका उपन्यासमा रहेका केही नारीचरित्रका बारेमा पनि छिटपुट रूपमा विश्लेषणहरू भएका नै छन् । यसै सन्दर्भमा भिक्षुका उपन्यासहरूमा भएका नारीपात्रहरूको अध्ययन र विश्लेषणमा यो शोधकार्य केन्द्रित रहेको छ । यसका लागि आधुनिक साहित्य मान्यता र पात्र विधानगत सिद्धान्तका आधारमा भिक्षुका नारीचरित्रहरू कै अध्ययनमा र विश्लेषणमा मात्र केन्द्रित रहनु यस शोधपत्रको सीमा रहेको छ  ।

## १.९ सामग्रीसङ्कलनविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा पुस्तकालयीय अध्ययन विधिलाई मूल आधार मानी सम्बन्धित विषयका पुस्तक तथा पत्रपत्रिकाहरूको अध्ययन गरी सामग्रीसङ्कलन गरिएको छ । यसका साथै  सम्बन्धित विषयका अध्येता तथा लेखकहरूबाट आवश्यक जानकारी लिएको छ ।

## १.१० शोधविधि

सामग्रीसङ्कलनविधिद्वारा प्राप्त भएका सामग्रीहरूलाई सामान्यीकरण गरी वर्णनात्मक र विश्लेषणात्मक विधिद्वारा अध्ययन गरिएको छ । यस क्रममा पाश्चात्य साहित्य सिद्धान्तलाई पनि आधार बनाइएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

परिच्छेद १ - शोधपरिचय

परिच्छेद २ - उपन्यासकार भवानी भिक्षुको सङ्क्षिप्त जीवनी

परिच्छेद ३ - आधुनिक नेपाली उपन्यासमा प्रयोग गरिएका नारीपात्र

परिच्छेद ४ - भवानी भिक्षुका उपन्यासमा नारीपात्र

परिच्छेद ५ - उपसंहार

# परिच्छेद दुई

## आख्यानकार भवानी भिक्षुको सङ्क्षिप्त परिचय

### २.१ जन्म

भवानी भिक्षुको जन्म वि. सं. १९६६ जेठ २१ गते बिहिवारका दिन वर्तमान लुम्बिनी अञ्चलको कपिलवस्तु जिल्लाको तौलिहवा नगरपालिकामा भएको हो ।[१] उनको जन्म मितिका बारेमा विद्वानहरूबीच मतभेद रहेको पाइन्छ । कतिपय विद्वानहरूले यिनको जन्म वि. सं. १९७१ लाई मानेका छन् भने कतिपयले १९६६ लाई मानेका छन् ।[२] उनको जन्म मितिका बारेमा भवानी भिक्षु विशेषाङ्क **उन्नयन** मा पनि यो मतभेद देखिएको छ । यसमा उनको जन्म मितिका बारेमा वि. सं. १९७१ भन्नेहरूमा कृष्णप्रसाद पराजुली, [३] कुमारबहादुर जोशी, [४] केशव उपाध्याय, [५] खेम कोइराला बन्धु, [६] गोपीकृष्ण शर्मा,[७] दधिराज सुवेदी,[८] धर्मराज थापा (जनकविकेशरी),[९] पूर्णप्रकाश नेपाल यात्री, [१०] महादेव अवस्थी, [११] रमेश भट्टराई,[१२] आदि रहेका

---

[१] गोपालप्रसाद भण्डारी, 'भवानी भिक्षुका कथामा मनोविज्ञान', (अप्रकाशित विद्यावारिधि शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०५२), पृ. क ।

[२] भानु घिमिरे, 'कवि भवानी भिक्षुको कवित्वको विश्लेषण', (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०५३ ), पृ. ७ ।

[३] कृष्णप्रसाद पराजुली, 'कथा समाप्त भैसक्यो' **उन्नयन**, (भिक्षु विशेषाङ्क),(अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. ५४ ।

[४] कुमारबहादुर जोशी, 'भवानी भिक्षुसँग भेट', **उन्नयन**, (भिक्षु विशेषाङ्क),(अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. १५६ ।

[५] केशव उपाध्याय, 'प्रकाशका आलोकमा भिक्षुको कवितात्मक दृष्टि र सृष्टिको रेखाङ्कन', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. ४७ ।

[६] खेम कोइराला बन्धु, 'कथाकार भिक्षुको पाइप नं. २ एक दृष्टि', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. ३१७ ।

[७] गोपीकृष्ण शर्मा, 'कथाको नौलो संयोजन सुभद्रा बज्यै', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. १६६ ।

[८] दधिराज सुवेदी, 'भिक्षुको मेरो सानू साथीमा बालमानसिकताको नैसर्गिक प्रस्तुति', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. २४ ।

[९] धर्मराज थापा (जनकविकेशरी), 'रसवर्णनमा अवरोध किन ?- भिक्षु', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. ४७ ।

छन् । त्यसै गरी भवानी भिक्षु विशेषाङ्क **उन्नयन**मा भिक्षुको जन्म १९६६ साल उल्लेख गर्नेहरूमा अच्युतरमण अधिकारी, [१३] वासुदेव त्रिपाठी, [१४] गोपालप्रसाद भण्डारी, [१५] शिव रेग्मी[१६] लगायतका समालोचकहरू रहेका छन् । कृष्णप्रसाद पराजुलीको **पन्ध्र तारा र नेपाली साहित्य** नामक पुस्तकमा पनि १९७१ नै उल्लेख गरिएको छ ।[१७] तारानाथ शर्माको **नेपाली साहित्यको ऐतिहासिक परिचय** भन्ने पुस्तकमा भने १९६६ उल्लेख गरिएको छ ।[१८] गोपालप्रसाद भण्डारीले भिक्षु विशेषङ्क **उन्नयन**मा 'भैरहवादेखि गोटीहवासम्म' भन्ने लेखमा भिक्षुको पुर्ख्यौली घर गोटीहवामा पुगेर उनका भाइ मखनलालसँग भेटी भिक्षुको जन्म मितिका बारेमा जिज्ञासा राख्दा मखनलालले भिक्षुको चिना नै देखाइदिएका र उक्त चिनामा भिक्षुको जन्म १९६६ उल्लेख भएको कुरा प्रस्तुत गरेका छन् । [१९] अझ यस विवादको अन्त्य गर्न अच्युतरमण अधिकारीले भिक्षु विशेषाङ्क **उन्नयन**मा 'एउटा भिक्षुको कथा' भन्ने लेखमा उनको जन्मपत्रिका समेत समावेश गरी जन्म मिति १९६६ साल जेठ २१ गते बृहस्पतिवार तिथि अनुसार जेष्ठ शुक्ल चतुर्दशी समाप्त भएर पूर्णिमा लागेका दिन भएको हो भनी उनको जन्ममितिको प्रमाण प्रस्तुत गरेका छन् ।[२०] यसपछि उनको जन्ममिति १९६६ जेठ २१ गते भएको प्रमणित भएको छ ।

---

१० पूर्णप्रकाश नेपाल यात्री, ' कथाकार भवानी भिक्षु र त्यो फेरि फर्कला ? कथामाथि विहंगम दृष्टि', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (
अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. ६० ।

११ महादेव अवस्थी, 'कथाकार भिक्षुको पाइप नं. २ एक दृष्टि', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. ४७ ।

१२ रमेश भट्टराई, 'उपन्यासकार भवानी भिक्षु र उनको आगत उपन्यास', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन,
भदौ, असोज), पृ. ४७ ।

१३ अच्युतरमण अधिकारी, 'एउटा भिक्षुको कथा', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. ४५४ ।

१४ वासुदेव त्रिपाठी, 'भवानी भिक्षुको समष्टि कथायात्रा', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. ३४६ ।

१५ गोपालप्रसाद भण्डारी, 'भैरहवादेखि गोटीहवासम्म', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. ३३-३४ ।

१६ शिव रेग्मी, 'भवानी भिक्षु (१९६६-२०३८) को शारदामा योगदान', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ,
असोज), पृ. ३३ ।

१७ कृष्णप्रसाद पराजुली, **पन्ध्र तारा र नेपाली साहित्य,** दो. सं.,(ललितपुर : साझा प्रकाशन,२०६२), पृ. १२६ ।

१८ तारानाथ शर्मा, **नेपाली साहित्यको ऐतिहासिक परिचय,** ते. सं.,( ललितपुर : साझा प्रकाशन,२०६२), पृ. ६३।

१९ गोपालप्रसाद भण्डारी, 'भैरहवादेखि गोटीहवासम्म', **उन्नयन**, पूर्ववत्, पृ. ३३-३४ ।

२० अच्युतरमण अधिकारी, 'एउटा भिक्षुको कथा', **उन्नयन**, (भिक्षु विशेषाङ्क), पूर्ववत्, पृ. ४५४ ।

भिक्षुका पिताको नाम इन्द्रप्रसाद गुप्ता र माताको नाम यशोदादेवी हो । उनको दाजुको नाम त्रिवेणी हो । अढाई तीन वर्षभित्रैमा उनको निधन भइसकेको थियो । त्यसैले भिक्षु जन्मले माइला कर्मले जेठा (बड्कु) छोरा थिए । भिक्षुपछि लालमोहन, मखनलाल र मदन नाम गरेका भाइ तथा गिरिधर नाम गरेकी बहिनीले जन्म लिएका थिए । भवानी भिक्षु जन्मेका केही दिनमा नै शीतला (बिफर) रोगबाट अक्रान्त भएका थिए । उनकी आमा यशोदादेवीले शीतलादेवीसँग जीवनको भिक्षा मागेर उनलाई बचाएकी थिइन् । शीतलादेवीसँग भिक्षा मागेर बचाएको हुनाले यिनी 'भिक्षा' 'भिष' आदि नामबाट सम्बोधित हुँदै गए । पछि आफैँले भवानी भिक्षु लेख्न थाले र यही नामबाट प्रसिद्धि पाए ।[२१] वास्तवमा यिनको न्वारनको नाम चाहिँ 'नोहरराम' थियो ।[२२] साहित्यिक क्षेत्रमा भवानी भिक्षुका रूपमा चिनिए पनि उनको औपचारिक नाम भवानीप्रसाद गुप्ता हो । यिनको बाल्यजीवन तौलिहवा र गोटीहवामा बितेको थियो । यिनका पिता ठेक्का, व्यापार र खेतीपाती व्यवसायमा संलग्न थिए ।[२३]

तराईको चालचलनअनुसार बाल्यजीवनमै यिनले विवाह गरेका थिए । बाल्यजीवनमै यिनले पत्नीशोक पनि व्यहोर्नु पर्‍यो । त्यसपछि यिनले दोस्रो विवाह गरेका थिए । विवाहको चार वर्ष पनि नपुग्दै यिनकी दोस्री पत्नीको पनि मृत्यु भयो ।[२४] त्यसपछि उनी काठमाडौँ आए । काठमाडौँ आएपछि साबित्री नामकी परिचारिकासँग यिनको प्रेमप्रसङ्ग चलेको थियो । त्यस प्रेम प्रसङ्गलाई विवाहमा परिणत गरी दाम्पत्य जीवनको सुरूवात गरेका थिए । त्यस परिवारबाट सव्यसची नामक पुत्र पनि जन्मिएको पाइन्छ ।[२५] यस परिवारबाट पनि उनले सन्तोष पाएनन् । यिनले बाल्यकालदेखि नै पारिवारिक, आर्थिक रूपमा दुःखद जीवन व्यतीत गर्नुपर्‍यो । साहित्यका क्षेत्रमा भने भिक्षुको जीवन उत्कृष्ट बन्न पुग्यो । त्यसैले भिक्षु आज नेपाली साहित्यमा सुप्रसिद्ध साहित्यकारका रूपमा स्थापित भएका छन् ।

## २.२ शिक्षा

---

२१ तेजप्रसाद पौडेल, 'उपन्यासकार भवानी भिक्षुका औपन्यासिक कृतिहरूको विश्लेषण', (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०४७), पृ. ३५ ।

२२ गोपालप्रसाद भण्डारी, 'भवानी भिक्षुका कथामा मनोविज्ञान', पूर्ववत्, पृ. ख ।

२३ गोपालप्रसाद भण्डारी, 'नेपाली औपन्यासिक क्षेत्रमा भवानी भिक्षु' **गरिमा**, वर्ष २४, अङ्क १, २०६२ पुष, पृ. ६८ ।

२४ उत्तम कुँवर, स्रष्टा र साहित्य, ते. सं., (काठमाडौँ : साझा प्रकाशन, २०३७), पृ. ६३ ।

२५ गोपालप्रसाद भण्डारी, 'भवानी भिक्षुका कथामा मनोविज्ञान', पूर्ववत्, पृ. ञ ।

भारतको बरूती हाइस्कुलमा सात कक्षासम्म अध्ययन गरेका भिक्षुले पछि घरमै स्वाध्ययन गरी बाह्र वर्षको उमेरमा हिन्दी साहित्यमा 'कुलभूषण' परीक्षा निजी रूपमा दिई द्वितीय श्रेणीमा उत्तीर्ण गरे । [२६] औपचारिक शिक्षाका क्रममा घरमै भिक्षुलाई पढाउन भनी राखिएका भारतीय शिक्षक मुक्तनाथ कन्दुकका सहयोगमा यिनले नौ कक्षासम्मको शिक्षा हासिल गरे ।[२७] यिनको मातृभाषा अवधी थियो तर पनि हिन्दी भाषालगायत उर्दू, बङ्गाली र अङ्ग्रेजी भाषामा पनि स्वाध्ययनबाट राम्रो दखखल हासिल गर्न यिनी सफल भए ।

## २.३ प्रेरणा र प्रभाव

भिक्षु अध्ययनशील स्वभावका थिए । यिनको अध्ययनशील स्वभावदेखी पशुपतिप्रताप पुरीले यिनलाई साहित्यमा लाग्न प्रेरित गरेका थिए । सम्पन्न परिवारका पुरीले किनेर ल्याएका पुस्तकहरू पढ्ने बानीले उनी झन्-झन् अध्ययनशील बन्न पुगे । त्यसपछि पशुपतिप्रताप पुरीले सङ्कलन गरेका हिन्दी, अङ्ग्रेजी, बङ्गाली, उर्दू आदि अनमोल ग्रन्थहरू भिक्षुले अध्ययन गर्दै गए । वि.सं. १९९३ मा पुरीले तौलिहवामा पुस्तकालय स्थापना गरिदिए । यसबाट अध्ययनप्रेमी भिक्षु झन् लाभान्वित भए ।

यस क्रममा भिक्षुले प्रेमचन्द, शरच्चन्द्र, बंकीमचन्द्र, चेखव, गोर्की, गाल्सवर्टी, एडगर एलेन पो, दोस्तोएभ्स्की, मोपासां, बाल्जाक, सार्त्र, जोला, देवकोटा कोइराला, सम आदिका कृतिहरूको अध्ययन गर्ने मौका पाए । यी कृतिहरूका अध्ययनले उनमा साहित्यलेखनका शैली, चेतनास्तर र कलाप्रस्तुतिको सीप विकसित हुन थालेको थियो ।[२८] विविध विश्वविख्यात साहित्यकारका कृतिहरूको अध्ययन गरेका भिक्षु यिनै विश्वविख्यात साहित्यकारहरूबाट प्रभावित थिए ।

भिक्षु सानैदेखि अध्ययनशील स्वभावका थिए । यिनले सानैमा हिन्दी कविता र कथा पढेका थिए । हिन्दी कथा र कविताका प्रभावले यिनले दस वर्षको कलिलो उमेरमा नै कविता

---

२६ तुलसी घिमिरे, 'कथाकार भवानी भिक्षुका कथाको विश्लेषण', (अप्रकाशित स्नातकोत्तर शोधपत्र, मानविकी तथा सामाजिकशास्त्र
सङ्काय, नेपाली शिक्षण विभाग त्रि.वि. कीर्तिपुर, २०३४), पृ. ६७ ।
२७ गोपालप्रसाद भण्डारी, पूर्ववत्, 'भवानी भिक्षुका कथामा मनोविज्ञान', पृ. ख ।
२८ ऐजन, पृ. ग ।

लेख्न थाले ।[२९] यिनी सुरूमा हिन्दी भाषामा साहित्य रचना गर्दथे । हिन्दीमा यिनले तीन चारवटा कहानी झण्डै एकदर्जन कविता र लेख लेखेको पाइन्छ ।[३०] कामविशेषले वि.सं १९८७-८८ तिर काठमाडौं गएपछि भिक्षुको प्रेमराज शर्मा, कवि सिद्धिचरण श्रेष्ठ र सुब्बा ऋद्धिबहादुर मल्लसँग परिचय र सम्पर्क स्थापित हुन पुग्यो । भिक्षुमा साहित्यिक क्षमता र रुचिको अनुमान गरी श्रेष्ठ र मल्लले नेपाली साहित्यमा आकर्षित पारे ।[३१] साहित्यअध्ययननमा सानैदेखि रुचिका साथ लागेका भिक्षुलाई उनको रुचि र क्षमतादेखि विविध व्यक्तिले साहित्य क्षेत्रमा लाग्न प्रेरणा दिएका थिए । विविध विश्वविख्यात साहित्यकारका कृतिहरूका अध्ययन गरेका भिक्षु विश्वविख्यात साहित्यकारहरूबाट प्रभावित भएको पाइन्छ ।

## २.४ साहित्यमा प्रवेश

भिक्षुले बाल्यकालमा नै हिन्दी कविता र कथा पढेका थिए । हिन्दी कथा र कविताका प्रभावले यिनले दस वर्षको उमेरमा नै कविता लेख्न थाले ।[३२] यिनले हिन्दी भाषामा तीन-चारवटा कहानी, एकदर्जन जति कविता र लेख निबन्ध लेखेको पाइन्छ । यी रचनाहरू **प्रताप**, **विशाल**, **माधुरी**, **कहानी** आदि पत्रपत्रिकाहरूमा हाल उपलब्ध छन् ।[३३] वि. सं. १९९३ मा 'आलोचक र आलोचक' शीर्षकको निबन्ध लेखी भिक्षु **शारदा** पत्रिकाको कार्यालयमा पुगे । हिन्दीमा लेखिएको उक्त निवन्धलाई ऋद्धिबहादुर मल्लको सहयोगमा नेपालीमा रूपान्तरण गरी प्रकाशित गरियो । भिक्षुले **शारदा** (सं. १९९३/२/१०) मा 'वियोगरात्रि' शीर्षकको गद्यकविता प्रकाशित गरी आफूलाई कविका रूपमा समेत परिचित गराए । आख्यानका क्षेत्रमा भने भिक्षुको आगमन वि. सं. १९९५ देखि भएको हो ।[३४] यसरी भिक्षुलाई नेपाली भाषमा सिर्जना गर्ने जाँगर चल्दै गयो । यिनले वि.सं १९९३ मा पहिलो कथा 'मानव' रचे । यो कथा १९९५ को **शारदा** (

---

२९ तेजप्रसाद पौडेल, पूर्ववत्, पृ. ३६ ।
३० तुलसी घिमिरे, पूर्ववत्, पृ. ७ ।
३१ गोपालप्रसाद भण्डारी, 'भवानी भिक्षुका कथामा मनोविज्ञान', पूर्ववत्, पृ. घ ।
३२ ऐजन, पृ. घ ।
३३ ऐजन, पृ. घ ।
३४ गोपालप्रसाद भण्डारी, 'नेपाली औपन्यासिक क्षेत्रमा भवानी भिक्षु' **गरिमा,** पूर्ववत्, पृ. ३८-४९ ।

४/६) मा प्रकाशित भयो ।[३५] यसपछि भिक्षुले आफ्नो साहित्ययात्रालाई निरन्तर अगाडि बढाए । आख्यान विधाको औपन्यासिक क्षेत्रमा भने यिनी धेरैपछिमात्र देखा परे ।

### २.५ साहित्यिक कृतिहरू

भिक्षुले कविता, निबन्ध, आख्यान र नाटक विधामा कलम चलाएका छन् । नाटक विधामा यिनले एकाङ्की रचना गरेका छन् भने आख्यान विधाअन्तर्गत कथा र उपन्यास लेखेका छन् । भिक्षुका कविता, कथा र उपन्यास कृतिगत स्वरूपमा प्रकाशित भएका छन् । निबन्धको रचना गरेका भए तापनि उनको निबन्धसङ्ग्रह भने प्रकाशित भएको देखिँदैन । एकाङ्कीको क्षेत्रमा उनको एकमात्र प्रयास 'पर्दापछाडि' हो । यिनले 'भिक्टर ह्युगोको प्रेम कथा' नेपालीमा अनुवाद गरेका छन् ।[३६] भिक्षुका प्रकाशित साहित्यिक कृतिहरू निम्न अनुसार रहेका छन् -

कविता सङ्ग्रहहरूमा **छायाँ** (२०१७), **प्रकाश** (२०१७) र **परिष्कार** (२०१७), कथा सङ्ग्रहहरूमा **गुनकेशरी** (२०१७) **मैयासाहेब** (२०१७) **आवर्त** (२०२४) र **अवान्तर** (२०३५), उपन्यासहरूमा **सुभद्रा बज्यै** (२०१९), **आगत** (२०३२), **पाइप नं. २** (२०३४) र **सुन्तली** (२०४०) रहेका छन् । यसमध्ये **सुभद्रा बज्यै** लघु उपन्यास **आवर्त** कथासङ्ग्रहमा सङ्ग्रहित छ । **सुन्तली** उपन्यास **गरिमा** (२०४०) मा धारावाहिक रूपमा पाँच भागमा प्रकाशित भएको छ । **आगत** र **पाइप नं. २** उपन्यासमात्र पुस्तकाकार कृतिका रूपमा रहेका छन् ।

### २.६ साहित्यिक योगदान र स्थान

साहित्यका विविध विधामा कलम चलाएर भिक्षुले नेपाली भाषासाहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनले विविध साहित्यिक पत्रिकामा आबद्ध भएर पनि साहित्यमा योगदान दिएको पाइन्छ । वि. सं. १९९७ देखि वि. सं. २००२ सम्म उनले **शारदा** पत्रिकाको केही अङ्कमा सम्पादक भएर काम गरे । फेरि २००६ सालमा २/३ अङ्कसम्म सम्पादन गरे ।[३७] यस अवधिमा उनले साहित्यमा नदेखिएका विभिन्न विधा उपविधाको थालनी गराए । **शारदा**लाई लोकप्रिय बनाउने कार्यमा भिक्षुको योगदान सहायकसिद्ध भयो । वि. सं.

---

३५ गोपालप्रसाद भण्डारी, 'भवानी भिक्षुका कथामा मनोविज्ञान', पूर्ववत्, पृ. ङ ।
३६ अच्युतरमण अधिकारी, 'भिक्षुको एउटा कथा' **उन्नयन**, पूर्ववत्, पृ. ४५९ ।
३७ ऐजन्, पृ. ४५७ ।

२००८ देखि २०१३ सम्म भिक्षुले प्रचार विभागका अतिरिक्त निर्देशक भई कार्य गरे ।[३८] उनले २०१३-१४ सालका बीच तत्कालीन **धरती** पत्रिकाका सह-सम्पादक भएर कार्य गरे ।[३९] वि.सं. २०१४ ने. रा. प्र. प्र. को स्थापना भएपछि उनी सदस्यमा नियुक्त भए । एकेडेमीमा भिक्षुलाई साहित्य विभागको संयोजक बनाइएकोले उनले देश-विदेशमा साहित्य सम्पर्क समितिहरू गठन गरे । वि. सं. २०१४ देखि २०२७ सम्म ने. रा. प्र. प्र. को सक्रिय सदस्य पदमा रहेका भिक्षु त्यसपछि आजीवन सदस्य बन्न पुगे ।[४०] भिक्षुले **सर्म्पक समिति परियोजना एक परिचय** र **बिहान** पत्रिकाको पनि सम्पादक भएर कार्य गरे ।[४१]

भिक्षुका उपन्यासहरू खासगरी आदर्शोन्मुख यथार्थवाद र मनोविश्लेषणवादमा आबद्ध छन् ।[४२] आदर्शोन्मुख यथार्थवादी धराका प्रवर्तक रूद्रराज पाण्डेको रूपमती उपन्यासको कित्तामा भिक्षुका उपन्यास **सुभद्राबज्यै र आगत** देखा पर्दछन् । समाजको यथार्थ प्रस्तुत गर्ने क्रममा भिक्षु र पाण्डे समान देखिए पनि पात्रको मानसिकताको मिहिन रेखा केलाउन भिक्षुझैँ पाण्डे सफल छैनन् । अर्का आदर्शोन्मुख यथार्थवादी उपन्यासकार लिलाध्वज थापा घटनालाई जोड दिन्छन् भने भिक्षु चरित्रलाई जोड दिन्छन् ।[४३] दौलतविक्रम विष्ट सामाजिक यथार्थतिर बढी ढल्केका छन् भने अशंतः सामाजिक यथार्थता प्रस्तुत गर्ने भिक्षु बढी आदर्शतिर कोल्टेका छन् ।[४४]

गोविन्द गोठालेको **पल्लोघरको झ्याल** (२०१७) बाट मनोविश्लेषणवादी सिद्धान्तको प्रवर्तन भएको हो । भिक्षुका उपन्यासहरू **पाइप न. २** र **सुन्तली** मनोविश्लेषणवादी उपन्यास हुन् ।[४५] भिक्षु पारिजात झैँ निस्सारतावादी स्वरको प्रतिपादनबाट पनि टाढा छन् । मनोविश्लेषणवादी कोइराला मूलतः  यौन मनोविश्लेषणमा निकै गहिरिएर देखा पर्दछन्, तर

---

३८ ऐजन, पृ. ४५७ ।
३९ वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. २५३ ।
४० गोपालप्रसाद भण्डारी, 'भवानी भिक्षुका कथामा मनोविज्ञान', पूर्ववत्, पृ. झ ।
४१ ऐजन, पृ. झ ।
४२ तेजप्रसाद पौडेल, पूर्ववत्, पृ. १६७ ।
४३ ऐजन, पृ. १६८ ।
४४ ऐजन, पृ. १६९ ।
४५ ऐजन, पृ. १६९ ।

भिक्षु तुलनात्मक रूपमा सतही छन् ।[४६] आदर्शोन्मुख यथार्थवादी र मनोविश्लेषणवादी नेपाली उपन्यासका क्षेत्रमा आदर्शोन्मुख यथार्थवादी र मनोविश्लेषणवादी कित्ताका उपन्यासकारभन्दा पृथक् शैलीका उपन्यासकारका रूपमा भिक्षुको स्थान नेपाली उपन्यासजगत्मा उच्च स्थानमा रहेको छ । आख्यानको अर्को विधा कथा साहित्यमा भने विश्वेश्वरप्रसाद कोइरालाले स्थापना गरेको मनोवैज्ञानिक कथापरम्परामा भिक्षुले थप योगदान दिएका छन् । कथागत प्रवृत्तिका दृष्टिमा उनी मनोवैज्ञानिक र स्वच्छन्दतावादी कथाकार हुन् । नेपाली कथा साहित्यमा पनि यिनले मनोवैज्ञानिक कथाकारका रूपमा विश्वेश्वरप्रसाद कोइरालाको हाराहारीमा आफ्नो स्थान सुरक्षित राखेका छन् । त्यसैगरी स्वच्छन्दतावादी कथाकारका रूपमा पनि नेपाली कथा साहित्यमा यिनको पहिचान विशिष्ट नै रहेको छ । कथा, उपन्यासका अतिरिक्त उनका निबन्ध र कवितासङ्ग्रह पनि चर्चित छन् ।

## २.७ सम्मान तथा पुरस्कार

नेपाली साहित्यमा आजीवन साधनारत तथा नेपाली भाषा-साहित्यको उत्थान र विकासमा अनवरत रूपमा लागिपरेका भिक्षु विविध सम्मान र पुरस्कारबाट पुरस्कृत भएका छन् । **आगत** उपन्यासको प्रकाशनपछि भिक्षुले सोही वर्ष (२०३२) को मदन र साझा पुरस्कार पाए ।[४७] समग्र साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै ने. रा. प्र. प्र. ले वि. सं. २०३६ मा त्रिभुवन प्रज्ञा पुरस्कारद्वारा सम्मान गऱ्यो । दार्जिलिङमा भएको साहित्यिक भेलाले भिक्षुलाई अभिनन्दनपत्र, मानपत्र तथा आदरपत्र प्रदान गरेको थियो ।[४८]

## २.८ पारिवारिक जीवन

पारिवारिक रूपमा भिक्षुको जीवन असफल रह्यो । बालविवाहित प्रथम पत्नीको मृत्युपश्चात् वि. सं. २००५ मा यिनले दोस्रो विवाह गरे तर त्यो दाम्पत्य जीवन पनि निकै

---

४६ ऐजन, पृ. १७० ।
४७ गोपालप्रसाद भण्डारी, 'नेपाली औपन्यसिक क्षेत्रमा भवानी भिक्षु', **गरिमा**, पूर्ववत्, पृ. ४२ ।
४८ गोपालप्रसाद भण्डारी, 'भवानी भिक्षुका कथामा मनोविज्ञान', पूर्ववत्, पृ. भ ।

छोटो साबित भयो ।[४९] विवाहको चार वर्ष पुग्दा नपुग्दै यिनको दोस्री पत्नीको पनि मृत्यु भयो ।[५०] दोस्री पत्नीको पनि मृत्यु भएपछि भिक्षु विदुर भएका थिए ।[५१] ठेकेदार र सामान्य व्यवसाय गर्ने ग्रामीण परिवारका इन्द्रप्रसाद गुप्ताका छोरा भिक्षुले सानैदेखि आर्थिक र मानसिक दुवै पीडाको उत्तिकै सामाना गर्नुपऱ्यो । भिक्षुका दुवै पत्नीको देहावसानपछि उनी काठमाडौँ आएका थिए । यही क्रममा यिनका घरमा काम गर्न बसेकी युवती साबित्रीसँगको सम्पर्कबाट एउटा पुत्र भयो भन्ने एकथरीको मत छ । भिक्षुबाट नभई उनकै भतिजो स्वतन्त्र कुमारबाट साबित्रीको पुत्र भएको हो भन्ने अभिमत अर्कोथरीको छ ।[५२] जे भए पनि यिनले आफ्नो सम्पूर्ण सम्पत्ति, लेखकीय आम्दानी, पुस्तकालय आदि सबैको अधिकार यिनै आमा छोरामा जाने प्रबन्ध मिलाईदिएका थिए ।[५३] बाल्यकालदेखि मृत्युपर्यन्तसम्म यिनको परिवारिक जीवन कहिल्यै पनि सुखद रहेको देखिँदैन ।

## २.९ देहावसान

भिक्षु चार वर्षको हुँदा माईको प्रकोपबाट मरणासन्न हुन पुगेपछि उनकी आमाले देवी माईसँग भिक्षा मागी यिनलाई बचाइन् ।[५४] भिक्षुले त्यसपछिको जीवनकालमा पनि विविध समस्याहरूको सामना गर्नुपऱ्यो । जीवनको लामो समयावधिसम्म उनलाई कुनै रोगबाट प्रताडित हुनुपरेन । वि. सं. २०३१ को मदन पुरस्कार वि. सं. २०३३ कार्तिक ४ गते प्रदान गरिएको थियो ।[५५] त्यतिबेला उनको गलाको शल्यक्रिया गरिएको हुँदा उनले प्रत्युत्तरको भाषणसमेत गर्न सकेका थिएनन् । त्यसबखत भिक्षुका तर्फबाट कविवर माधव घिमिरेले उनको उद्गार पढेर सुनाएका थिए । त्यसपछि उनको फोक्सोको क्यान्सर भयो ।[५६] २०३८ वैशाख ४

---

४९ तेजप्रसाद पौडेल, पूर्ववत् पृ. ३५ ।
५० उत्तम कुँवर, पूर्ववत्, पृ. ६३ ।
५१ वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. ३४७ ।
५२ गोपालप्रसाद भण्डारी, 'भवानी भिक्षुका कथामा मनोविज्ञान', पूर्ववत्, पृ. म ।
५३ ऐजन्, पृ. ट ।
५४ तेजप्रसाद पौडेल, पूर्ववत्, पृ. ३५ ।
५५ गोपालप्रसाद भण्डारी, 'भवानी भिक्षुका कथामा मनोविज्ञान', पूर्ववत्, पृ. ञ ।
५६ ऐजन, पृ. ञ ।

गते ६७ वर्षको उमेरमा क्यान्सर रोगकै कारणबाट उनको मुत्यु भयो ।[५७] भिक्षुको भौतिक शरीरको अन्त्य भए पनि उनले नेपाली भाषासाहित्यमा गरेको योगदानले उनलाई अझै जीवित तुल्याएको छ ।

५७ तेजप्रसाद पौडेल, पूर्ववत्, पृ. ३६ ।

# परिच्छेद तीन

## आधुनिक नेपाली उपन्यासमा नारीपात्र

### ३.१ यथार्थवाद र यथार्थवादी नेपाली उपन्यासमा नारीपात्र

पाश्चात्य साहित्य समालोचनाका क्षेत्रमा प्रचलित 'रियलिजम्' (realism) शब्दका निम्ति नेपालीमा 'यथार्थवाद' शब्दको प्रयोग भएको देखिन्छ । यसको शाब्दिक अर्थ हो - जस्तो छ त्यस्तै, सत्य वा वास्तविक ।[५८] अङ्ग्रेजीको 'रियलिजम' शब्दको युत्पति ल्याटिन भाषाको 'रेस्' धतुबाट भएको हो, जसको अर्थ हुन्छ - वस्तु । यस वादको थालनी जर्मनीका कवि हाइनेरिख हाइनाको कविताबाट भएको हो । आलोचकहरूले यस वादको वास्तविक प्रवर्तन १८५७ मा देखापरेको फ्रान्सेली उपन्यासकार गुस्ताब फ्लोवेरको **मदाम बोवरीबाट** भएको मानेका छन् ।[५९] साहित्यका क्षेत्रमा यस वादको आगमन दार्शनिक क्षेत्रबाट भएको हो । आदर्शवादीहरूको वस्तु स्वतन्त्रता विरुद्धको कडा चुनौतिको सामना गर्दै यथार्थवादी दार्शनिकहरूले दर्शनका क्षेत्रमा स्थापित गराए ।[६०] यस वादको जन्म उन्नाइसौँ शताब्दीमा फ्रान्समा एक साहित्यिक आन्दोलनका रूपमा भएको थियो ।[६१] यथार्थवाद शब्दको प्रयोगचाहिँ सन् १८३० मा नै भएको पाइन्छ ।[६२] नेपाली उपन्यासका क्षेत्रमा यस वादले बीसौँ शताब्दीको उत्तरार्द्धमा आएर प्रवेश गरेको पाइन्छ ।

यथार्थवाद पाश्चात्य परम्पराको एक महत्त्वपूर्ण अवधारणा हो । आत्मगत वा मनोगत वैयक्तिक सत्यका अवधारणाका विपरीत इन्द्रिय प्रत्यक्ष्यमा आधारित बुद्धिग्राह्य वस्तुगत सत्यको दर्शन यथार्थवाद हो ।[६३] यथार्थवाद व्यक्तिको पनि हुन सक्छ समाजको पनि ।[६४] यथार्थवदी आख्यान प्रायः स्वच्छन्दतावादी आख्यानको विपरीत हुन्छ । यसले जीवन जस्तो छ त्यस्तै प्रस्तुत गर्छ ।[६५] यथार्थवादमा वास्तविक संसारलाई सत्य स्वीकारेर त्यसका घटना र चरित्रलाई क्रमबद्ध विकासका आधारमा बुझ्ने गरिन्छ । प्रत्यक्ष जगत्लाई आत्मसात गरेर यथार्थवादले सार्वजनीन सत्यको खोजी गर्छ ।[६६] साहित्यमा वस्तु यथार्थताको प्रस्तुतीकरण नै यथार्थवाद हो । साहित्यमा

---

१ घनश्याम उपाध्याय कँडेल, **पाश्चात्य यथार्थवादी नाटक**, (काठमाडौँ : श्रीमती सुभद्रा उपाध्याय कँडेल, २०४६), पृ. १ ।

२ ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवं पाश्चात्य समालोचना : प्रमुख वाद र प्रणली**, दो. सं., (काठमाडौँ : साझा प्रकाशन, २०५४), पृ. १५६ ।

३ **The New Encyclopaedia Britinnica**, Volume 1, 15th Ed., (Chicago / London / Tornoto / Geneva / Sydny / Tokyo / Manila / Seoul : Helen Hemingay Benton Publication, 1973-1974 ), Pg. 42.

४ दयाराम श्रेष्ठ, 'नेपाली कथा र यथार्थवाद', (अप्रकाशित विद्यावारिधि शोधपत्र, मानविकी र समाजशास्त्र अध्ययन संस्थान, नेपाली शिक्षण समिति, काठमाडौँ : २०३८ आषढ), पृ. १३ ।

५ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१), पृ. २९४ ।

६ वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, चौ. सं., (काठमाडौँ : साझा प्रकाशन, २०५८), पृ. ४८ ।

७ रामदरश मिश्र, **हिन्दी उपन्यास एक अन्तर्यात्रा**, द्वि. सं., (नई दिल्ली : राजकमल प्रकाशन, १९८२), पृ. ३० ।

८ M. H. Abrams, **A Glossary of literary terms**, 4th Ed. (Banglor : Estern press, 2004), Pg. 260 .

९ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यस-सिद्धान्त र नेपाली उपन्यास**, दो. सं., (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. ९८ ।

जीवन र जगतको यथार्थ प्रस्तुत गर्ने क्रममा यथार्थ घटनाका यथार्थ पात्रलाई जस्ताको तस्तै प्रस्तुत गर्दछ । नेपाली उपन्यास साहित्यमा विशुद्ध यथार्थवादी उपन्यासहरू लेखिएका पाइँदैनन् । आदर्शोन्मुख यथार्थवादी साहित्य चिन्तनको प्रधानता रहेको उपन्यास **रूपमती** (१९९१) बाट नै नेपाली उपन्यास परम्पराले आधुनिकताको बाटो समात्यो । यस प्रवृत्तिका उपन्यास हालसम्म पनि लेखिँदै छन् ।[६७] **रूपमती** उपन्यासमा तत्कालीन समाजको यथार्थ भावभूमि प्रस्तुत गरिएको छ ।[६८]

यस उपन्यासका प्रमुख नारीचरित्र बराल पुत्री र रूपमती हुन् । रूपमती यस उपन्यासकी आदर्शोन्मुख नारीचरित्र हो भने बराल पुत्री यथार्थवादी नारीचरित्र हो । यस उपन्यास मूलतः नायिकाको चरित्रमा टिकेको छ ।[६९] सासूको सेवा सुश्रूषाका सन्दर्भमा रूपमती हिउँभैँ कञ्चन देखिन्छे । रविलालले खाएको ऋण तिरिदिने बेलामा, ऋण तिर्न नसक्दा रविलाललाई बगरे र पसलेले हिरासतमा थन्क्याइदिएको बेलामा, छोरीछोरी पाएबापत बरालपुत्री सबैबाट उपेक्षित हुनपरेका बेलामा, लामो हात गरेका कारणले अपहेलित भएर माइत निर्वासित हुन परेका बेलामा हविलाल र रूपमतीले उकासेका छन् । लोग्नेबाट प्रताडित भएकी बराल पुत्री मितिनीका घरतिर आश्रय लिन पुगेका बेलामा, लामो हात गरेका कारणले अपहेलित भएर माइत निर्वासित हुन परेको बेलामा रूपमतीको आदर्श धौलागिरी भएर उचालिएको छ ।[७०] हुन पनि रूपमती सीता तथा साबित्रीभन्दा पनि आदर्श छिन् ।[७१]

त्यसको ठिक विपरीत बरालपुत्री माइतबाट ल्याएको सम्पत्तिको आडमा आफू भाँडिदै सासूलाई तथानाम भन्ने, सासू केराको बोक्रामा चिप्लिएर लड्दा रमाइलो मान्ने तत्कालीन समाजकी यथार्थ नारीचरित्र हो ।[७२] सासूको अनन्त ताडनाको विद्रोहमा उभिएकी बरालपुत्रीको 'सके राख्नु नसके माइत पठाइदिनु, खान नपाएर आएका होइनौँ' भन्ने वाक्य कम स्वभाविक तथा विद्रोहात्मक छैन ।[७३] यसरी **रूपमती** उपन्यास मूलतः आदर्शोन्मुख धाराको भए तापनि सूच्यरूपमा यसमा प्रस्तुत नारीचरित्र बरालपुत्रीमार्फत् उपन्यासकारले यथार्थवादी साहित्य चिन्तन प्रस्तुत गरेका छन् । यसबाट के ठम्याउन सकिन्छ भने यथार्थवादी धाराको सूच्य प्रयोग गर्ने सन्दर्भमा पनि **रूपमती** उपन्यासलाई प्रथम उपन्यास मान्न सकिन्छ ।

नेपाली उपन्यासका क्षेत्रमा यथार्थवादी धाराको पहिलो शङ्खघोष लैनसिंह बाङ्देलबाट भएको हो ।[७४] विशुद्ध यथार्थवादले स्थान पाएको प्रथम कृति उनकै उपन्यास **मुलुकबाहिर** (

---

१० कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, चौ. सं., (ललितपुर : साझा प्रकाशन, २०६१), पृ. ७७ ।
११ दयाराम श्रेष्ठ, **नेपाली साहित्यका केही पृष्ठ**, पाँ. सं., (ललितपुर : सभा प्रकाशन, २०६३), पृ. १६३ ।
१२ राजेन्द्र सुवेदी, **नेपाली नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, दो. सं. (ललितपुर : साझा प्रकाशन , २०६३), पृ. ७० ।
१३ ऐजन, पृ. ३० ।
१४ कृष्णहरि बराल, **संदृष्टि**, (काठमाडौँ : साझा प्रकाशन, २०५५), पृ. १७६ ।
१५ राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ७० ।
१६ कृष्णहरि बराल, **संदृष्टि**, पूर्ववत्, पृ. १७७ ।
१७ ईश्वर गौतम, 'माइतघर उपन्यासको कृतिपरक अध्ययन', (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०६१), पृ. ७९ ।

२००४) हो ।[७५] यस उपन्यासमा तीन प्रमुख नारीचरित्र रहेका छन् । त्यसमध्ये म्याउची स्वाभिमानी नारीचरित्रका रूपमा रहेकी छे । केही सगुण र केही कमजोरी रहेका तमाम नारीपात्रको प्रतिनिधित्व म्याउचीले गरेकी छे । थोरै मात्र मानवीय कमजोरी भएकी मसिनीले निम्नवर्गीय नारीचरित्रको प्रतिनिधित्व गरेकी छे भने अर्की प्रमुख नारीचरित्र रूपाले निम्नवर्गीय सामाजिक धरातलका केटीहरूको प्रतिनिधित्व गरेकी छे ।[७६]

वाङ्देलले **माइतघर** (२००७) उपन्यासमा पनि आफ्नो यथार्थवादी विचारधारालाई स्थापित गरेका छन् भने नारीको जीवनगाथा, बाध्यता, विवशता र मानसिक रुग्णतालाई उतारेका छन् ।[७७] सानी यस उपन्यासकी प्रमुख नारीपात्र हो । उसले जीवनमा दुःखै दुःख पाई । ऊ सम्पत्तिहीना, अश्रयहीना, र उपेक्षिता भएकी छे ।[७८] बुबाको देहावसान हुनु, प्रवास पस्न बाध्य हुनु, वैवाहिक जीवन असफल हुनु जस्ता उसका भोगाइहरू यथार्थ जीवनसँग मेल खाने घटनाहरू हुन् भने साँस्कृतिक मान्यता विपरीत दाजुका रूपमा स्वीकार गरिएको व्यक्तिसँग वैवाहिक सम्बन्ध गाँस्न चाहनु, वैवाहिक सम्बन्ध गाँस्न नपाउँदा विक्षिप्त बन्नुजस्ता कुराहरूले सानीलाई मनोवैज्ञानिक यथार्थवादी पात्रका रूपमा चिन्न सकिन्छ ।

वैयक्तिक जीवनका प्रत्येक यथार्थ उपन्यासको संसार हो ।[७९] यथार्थवादी उपन्यासमा तत्कालीन समाजका नारीका गुण, दोष, दया, माया, घृणा, इर्ष्या तथा उनीहरूमाथि पुरुषहरूद्वारा र महिलाहरूद्वारा गरिने व्यवहार यथातथ्य प्रस्तुत गरिन्छ । व्यक्ति चित्रणमा केन्द्रित रहेर पनि तिनीहरूको सत्य सामाजिक जीवनको यथार्थजस्तै सम्प्रेषित भएपछि मात्र त्यो यथार्थ ठहरिन्छ ।[८०] समाजको समाजिक, आर्थिक, राजनैतिक यथार्थ घटनामा उनिएर आएका नारीपात्रहरू तत्कालीन सामाजिक सभ्यता, संस्कृति, धर्म, परम्परागत यथार्थसँग मुछिएका हुन्छन् । यस क्रममा उपन्यासमा आदिम समाजदेखि मातृप्रधान समाजको अस्तित्त्वमा रहेका इभ्याग्रामहरू, तत्पश्चातका पितृप्रधान गोठाले समाजदेखि दासप्रथा रहेको जनपदको समाज, अनि दास सामन्ती राजतन्त्रसम्मको समाजहरूमा नारीहरूको समाजिक स्थिति, धारणा र दायित्व केकस्तो रहेको छ भन्ने कुराको यथार्थता मदनमणि दीक्षितको **माधवी** (२०३९) उपन्यासले गरेको छ ।[८१] माधवी यस उपन्यासकी प्रमुख नारीपात्र हुन् । यस उपन्यासमा उत्तरवैदिककालीन समाजको पुनर्सिजन गरिएको छ । जसमा स्वतन्त्र र दास नारीहरूको विश्लेषण गरिएको छ ।[८२] यस उपन्यास यथार्थवादी चिन्तन परम्परामा ऐतिहासिक यथार्थवादी

---

१८ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ३०५ ।

१९ महेन्द्रकुमार मल्ल, 'लैनसिंह वाङ्देलका औपन्यासिक कृतिहरुको विश्लेषण', (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०५३), पृ. १११–११७ ।

२० ईश्वर गौतम, पूर्ववत्, पृ. ७९ ।

२१ ईश्वर बराल, **भारतेली साहित्य र साहित्यकार**, शरच्चन्द्र शर्मा (भट्टराई) र कमलकान्त सेढाईं, (नामाची सिक्किम : निर्माण प्रकाशन, १९९८), पृ. ४ ।

२२ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ६९ ।

२३ ऐजन, पृ. २२ ।

२४ देविका चामलिङ् राई, 'उपन्यासकार मदनमणि दीक्षितका उपन्यासमा नारीपात्र', (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., पद्मकन्या क्याम्पस बागबजार, २०५६), पृ. २२ ।

२५ ऐजन, पृ. २२–२४ ।

उपन्यास अन्तर्गत पर्दछ । तथापि माधवी कुशल व्यवहारपटु छिन् । यिनले ययातिप्रसादका ययाती श्रेणी (कृषि), पाणि (व्यापार), दासशाला प्रबन्ध गरेकी छिन् ।[८३] यिनले भोगेका गरेका कार्यहरूको अवलोकन गर्दा यिनी यथार्थवादी पात्र भएको ठम्याउन सकिन्छ ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास **हिटलर र यहुदी** (२०४०) पनि यथार्थवादी उपन्यास हो । यस कुराको पुष्टि उपन्यासकार स्वयंले 'मेरा उपन्यास यथार्थदेखि टाढा छैनन्' भनेबाट स्पष्ट भएको छ । यस उपन्यासलाई औपचारिक स्वरूप प्रदान गर्नका लागि उपन्यासमा संयोजन गरेका केही पात्रबाहेक सम्पूर्ण पात्रहरू यथार्थ जीवनकै सहयात्रीका रूपमा प्रस्तुत भएका छन् ।[८४] यस उपन्यासमा दुई नारीपात्र लक्ष्मी र रेवाका पृथक् व्यक्तित्व प्रस्तुत गरिएको छ । उपन्यासकारले पतिको स्वाथ्यलाभका लागि सम्पूर्ण व्यवस्था सक्षमताका साथ गरेको देखाएर लक्ष्मीलाई हिन्दू मर्यादा विपरीत पश्चिमी खुल्ला सांकृतिका बाहक पात्रका रूपमा प्रस्तुत गरेका छन् ।[८५] मनोवैज्ञानिक यथार्थवादी आख्यानकारका रूपमा चर्चित कोइरालाका यस उपन्यासका नारीचरित्रहरूलाई यौनका दृष्टिबाट हेर्दा लक्ष्मी, रेवा र बूढी मेकडोनाल्ड आदि स्वभाविक नारी यौन चेतनाका रूपमा व्यक्त भएका र थियोडेरा, इल्जे, बूढी मेयर्नी भनेका विक्षिप्त जस्तै बनाइएका नारीहरू हुन् जसले बारम्बार बलात्कारबाट गुज्रन परेको छ । अब उनीहरूलाई यौन भन्नु आकर्षक रहँदैन ।[८६] उल्लेखित नारीहरूको चरित्रलाई उपन्यासमा आवश्यकाताभन्दा बढी यौनपरक यथार्थतामा प्रस्तुत गरिएको छ ।[८७] तसर्थ यस उपन्यास पनि चरित्रगत यथार्थताको सूचक र औपन्यासिक मूल्यका दृष्टिमा मनोवैज्ञानिक यथार्थवादी उपन्यासका कित्तामा उभिएको छ ।

यथार्थवादी उपन्यासकारहरूले यथार्थको धरातलमा रहेर रचना गरेका उपन्यासका नारीपात्रलाई कतै आदर्शउन्मुख गराइदिएका छन्, कतै ऐतिहासिक पुनर्सिर्जन गरेका छन् , कतै यौन कुण्ठाग्रस्त बनाइदिएका छन् , कतै विद्रोहचेत भरिदिएका छन् । यसरी यथार्थसँग प्रत्यक्ष तर आदर्शवादिता, विद्रोहात्मकता, ऐतिहासिकता आदि जोडिएर उपन्यासहरूको सिर्जना हुन पुग्नु यथार्थवादको विकसित रूप हो । प्रकारान्तरले यस्ता उपन्यासहरू र त्यसका नारीपात्रमा भेद पाइए पनि त्यसको मूल आधार यथार्थ नै हो ।

## ३.२ आदर्शोन्मुख यथार्थवाद र आदर्शोन्मुख यथार्थवादी नेपाली उपन्यासमा नारीपात्र

कवि हाइनेरिख हाइनाको कविताबाट सन् १८३० मा जर्मनीमा सूत्रपात भएको यथार्थवादले साहित्यका विविध विधामा आफ्नो प्रभाव जगाउँदै अगाडि बढ्यो । अख्यानका क्षेत्रमा फ्रान्समा आएर सन् १८५७ मा गुस्ताब फ्लोवेरको उपन्यास **मदाम बोबरी**बाट यस वादको प्रवर्तन भयो । यही यथार्थवादी धरातलबाट आदर्शोन्मुख यथार्थवादको पनि प्रवर्तन भयो

---

२६ ऐजन, पृ. २४ ।

२७ भूपति ढकाल, **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण**, (काठमाडौँ : ए.बी.सी. प्रकाशन, २०६०), पृ ९४ ।

२८ ऐजन, पृ. ९४–९५ ।

२९ ऐजन, पृ. ९८ ।

३० ऐजन, पृ. ९८ ।

। आदर्श र यथार्थ दुवैमा मूल विरोध रहेको छ । यही दुई विरोधी दर्शनको समन्वय भएपछि यथार्थवादको जन्म हुन्छ ।[८८] आदर्शोन्मुख यथार्थवादी साहित्य चिन्तन नेपाली उपन्यासमा सर्वप्रथम रुद्रराज पाण्डेको **रूपमती** (१९९१) बाट सुरु भयो जुन हाल पर्यन्त रहेको छ ।[८९] यही उपन्यासबाट आदर्शोन्मुख यथार्थवादको सूत्रपात भयो । यही उपन्यासदेखि नेपाली उपन्यास परम्परामा नयाँ अध्याय सुरु भएको थियो ।[९०]

आदर्शवादी जीवनदृष्टि र यथार्थवादी कला प्रयोग गरेर लेखिएको साहित्यिक कृतिमा आदर्शोन्मुख यथार्थ पाइन्छ ।[९१] यथार्थवाद जीवन जगत्का नैतिक र आदर्शवादी दृष्टिकोण विपरीत सांसारिक यथातथ्य र वस्तु सत्यप्रति निष्ठावान् रहने गर्दछ तर साहित्यिक सिर्जनाका क्रममा यथार्थवादका धरातलमा गजुर हाल्ने प्रवृत्ति भेटिइराख्छ ।[९२] समाजको यथार्थता प्रस्तुत गर्दै समाज जस्तो हुनुपर्छ, त्यसको निर्देशन गर्नु आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति हो ।[९३] सामाजिक दृष्टिमा वैज्ञानिक चिन्तनको अभाव भएर पनि यथार्थको चित्रण गरिन्छ भने रचना आदर्शोन्मुख यथार्थवादी बन्न पुग्छ ।

आदर्शोन्मुख यथार्थवादी नेपाली उपन्यासमा नारीपात्रको स्थिति अवलोकन गर्दा वि. सं. १९९१ को **रूपमती** उपन्यासदेखि हालसम्मका उपन्यासमा रहेका नारीपात्र र ती पात्रमाथि रहेका लेखकीय दृष्टिकोणको अध्ययन गर्नुपर्ने हुन्छ । वि. सं. २००७ पूर्व वा प्रजातन्त्र पूर्वोत्तरकालीन आदर्शोन्मुख यथार्थवादी उपन्यासमा सामान्यतः नारीको दयनीय अवस्था, पुरुषहरूको अन्याय, पारिवारिक कलह, कुलतहरूबाट हुने अधोगति देखाउने र आदर्श व्यक्तिको सहनीशलता, त्याग तथा कर्तव्यपरायणताबाट उँभो लाग्ने दृष्टान्त प्रस्तुत गर्ने नैतिक सीमामा बाँधिएका छन् ।[९४] २००७ सालपछि गार्हस्थ्य जीवनमा सीमित हुनु परेको सुधारवादी विचार विष्फोटित भई सामाजिक रूढीबूढी, मर्यादामाथि धावा बोल्न पुग्छ ।[९५] यस्ता उपन्यासका नारीपात्रहरू सामाजिक विकृति र विसङ्गतिप्रति आक्रोशित भएका देखिन्छन् । सामाजिक असमानता र विभेदप्रति खरो उत्रिएका पाइन्छन् । समग्ररूपमा धार्मिक अन्धविश्वास र जातिप्रथा उन्मुलन गर्ने विचार प्रस्तुत भएको उपन्यास मुक्तिनाथ तिम्सिनाको **को अछूत ?** ( २०११ ) हो । यस उपन्यासमा मातृत्वमा नारी स्वतन्त्रता र अधिकार खोज्ने विधवा रमालाई पेट बोकाई जेलमा जन्माएको छोराको उदाहरण दिएर र धर्मपुस्तकमा धर्मभीरू घुस्याहा सुब्बा विनयप्रसाद धिताललाई विद्यासागरको धर्म विरोधी सपनाका कुरा सुनाएर छिनभरमै आफ्नो कुकर्म र अन्धविश्वासबाट विमुख गराउने वर्णन गरी लेखकले आफ्नो निजी विचारअनुकूलको

---

३१ उषा ऋषि, **प्रेमचन्द और उनके उपन्यास**, (नई दिल्ली : पृथ्वीराज पब्लिशर्श, १९७४), पृ. १३० ।

३२ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ७७ ।

३३ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, छै. सं., (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. ९८।

३४ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत् , पृ. ९८ ।

३५ वासुदेव त्रिपाठी, पूर्ववत् , पृ. ४९ ।

३६ राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १०७ ।

३७ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ७७ ।

३८ ऐजन, पृ. ७८ ।

आदर्शमात्र स्थापना गर्न चाहेका छन् ।[९६] नारीप्रति उपन्यासमा लेखकीय आदर्शोन्मुख यथार्थवादी चिन्तन र आदर्शोन्मुख यथार्थवादी उपन्यासमा नारीपात्रको आदर्शवादिता सामाजिक चेतसँगसँगै विकास भएको पाइन्छ । गार्हस्थ्य जीवनमा सुधारवादी सोच राख्ने, व्यक्ति चरित्रमा सुधारात्मक दृष्टि अवलम्बन गर्ने नरीपात्रहरू समाज विकाससँगसँगै **रूपमतीदे**खि हालसम्म आइसक्दा जीवन जगत्प्रति नै सुधारवादी धारणा प्रस्तुत गर्नसक्ने क्षमतावान् नारीचरित्रका रूपमा उपन्यासमा प्रस्तुत हुन थालेका छन् ।

नारीपत्रलाई जीवन जगतका यावत् पक्षतर्फ अभिमुखीकरण गरी आफ्ना उपन्यासमा प्रस्तुत गर्ने प्रवृत्ति भने २००७ सालपछि सुरु भएको हो । **रूपमतीले** प्रारम्भ गरेको यस धाराका अरू उपन्यासहरूमा विष्णुचरण श्रेष्ठका **सुमती** (१९९१), **भीष्मप्रतिज्ञा** (१९९३) र **प्रेम** (२००५), काशीबहादुर श्रेष्ठका **उषा** (१९९५) र **वचन** (२००१), भवानीभक्तसिंह प्रधानको **यौवनको आँधी** (१९६६), टुकराज पद्यराज मिश्रको **रजबन्धकी** (१९६६) र **रामकृष्णकुँवर राणा** (१९९९), मास्टर रामप्रसाद तण्डुकारको **भाग्यचक्र** (२००१), शोभाचन्द्र उपाध्यायको **पटलपुत्री** (२०१३) आदिले पनि यस्तै आदर्श प्रस्तुत गरेका छन् ।[९७] यस धारामा पर्ने अन्य उपन्यास र उपन्यासकारहरूमा मोहनबहादुर मल्लका **उजेली छ्यामा** (२००८), **मायारानी** (२००९), **पञ्चायत** (२०१०), **समयको हुरी** (२०१५), अच्छा राई रसिकको **लगन** (ई.१९५५) भुवनेश्वर कोइरालाको **सत्य सन्देश र विधवा जीवन** (२०१३), इन्द्र सुन्दासको **मङ्गली** (ई. १९५८), लीलाध्वज थापाको **मन** (२०१४), **शान्ति** (२०१५), **पूर्वस्मृति** (२०१६), तुलसीराम कुँवरको **रने** (२०१५), भीमनिधि तिवारीको **इन्साफ** (२०१७), दौलतविक्रम विष्टका **मञ्जरी** (२०१६), **बिग्रएको बाटो** (२०३३) र **हिमाल र मान्छे** (२०४५), भवानी भिक्षुका **सुभद्रा बज्यै** (२०१९) र **आगत** (२०३२), केशवराज पिँडालीको **साँझ घर फर्केको मान्छे** (२०४४) तोयानिधि पौडेको **एक र अनेक** (२०३४), भीमचरण थापाका **माया** (२०३१), **मोड** (२०३३) र **पर्खाल** (२०४१), डायमण्डशमशेरको **प्रतिवद्ध** (२०३४), भरत जङ्गमको **व्युहचक्र** (२०४१), विश्वेश्वरप्रसाद कोइरालाको **मोदीआइन** (२०३६) आदि उल्लेखनीय छन् ।[९८]

उपन्यास **सत्य सन्देश र विधवा जीवनका** नारीपात्रहरूको बिहे रोगी बृद्धसँग अथवा बाल्य अवस्थामै भएबाट विधवा हुनु परेको उल्लेख छ । यौन अतृप्ति अथवा पुरुषको अन्यायमा पिल्सनु भन्दा पुनर्विवाह गरेर उद्धार गर्नु श्रेयस्कर छ । अतः विधवा बनाउने समाजको परम्परा हटाउने सन्दर्भमा आवश्यक सुधार गर्ने उपन्यासकारको सन्देश यसमा रहेको छ ।[९९] यस्तै मङ्ली उपन्यासमा मिहिनेत गरेर आजीविका गर्ने गरिब समाजका चेलीबेटी वा बुहारीमाथि धनी सौतेनी आमा वा सासू, लोग्नेबाट हुने अवहेलना र शासना देखाएर उनीहरूप्रति सहानुभूति दर्शाइएको छ भने ठूलाबडाको अनैतिक यौनसम्बन्धपछि आफलिएकी नारीले आफूलाई लोकापवादबाट जोगाउन मिल्काएको बेवारिसे सन्तान र अपमानप्रति दुःखेसो जाहेर गरिएको छ

३९ ऐजन, पृ. ८० ।
४० देविका चामलिङ राई, पूर्ववत् , पृ. १४ ।
४१ ऐजन, पृ. १४ ।
४२ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ८१ ।

। यसै पृष्ठभूमिमा यातना भोग्न बाध्य व्यक्तिको कथा हालेर अन्याय देखाउँदै सामाजिक सुधार गर्ने सङ्केत उपन्यासकारले दिएका छन् ।[१००]

आदर्शोन्मुख यथार्थवादी उपन्यासमा प्रस्तुत नारीचरित्रहरू समाजका बाहक भएका हुन्छन् । यही सामाजिक यथार्थतामाथि लेखकीय आदर्शीकरणले गर्दा यिनीहरू सामाजिक विभेद, अन्याय आदि कुराहरू प्रति आफ्नो धारणा प्रस्तुत गर्दछन् जुन आदर्शोन्मुख रहेको हुन्छ ।

## ३.३ सामाजिक यथार्थवाद र सामाजिक यथार्थवादी नेपाली उपन्यासमा नारीपात्र

सामान्यतः यथार्थवाद भनेकै सामाजिक यथार्थवाद हो । यसको वास्तविक थालनी उन्नाइसौं शताब्दीको उत्तरार्द्धमा फ्रान्सेली उपन्यास साहित्यमा भएको हो ।[१०१] नेपाली उपन्यासमा रुद्रराज पाण्डेको **रूपमती** उपन्यास वि. सं. १९९१ बटै आंशिक रूपमा सामाजिक यथार्थवादको प्ररम्भ भएको पाइए तापनि लैनसिंह बाङ्देलको **मुलुकबाहिर** (२००४) नै पहिलो सामाजिक यथार्थवादी उपन्यासको रूपमा देखापर्छ ।[१०२] सामाजिक यथार्थवादमा लेखक द्रष्टामात्र हुन्छ ।[१०३] सामाजिक यथार्थवादी उपन्यास नै नेपाली साहित्यमा सर्वाधिक लेखिएको पाइन्छ ।[१०४] समाजमा जुन वस्तु जेजस्तो छ, त्यसलाई त्यस्तै रूपमा अलिकति पनि तलमथि नगरी साहित्यमा अभिव्यक्ति दिने साहित्य सिद्धान्त विशेष नै सामाजिक यथार्थवाद हो । सामाजिक उपन्यासमा समाजको यथार्थ चित्रण गरिएको हुन्छ ।[१०५] सामाजिक यथार्थवादी उपन्यासमा उपन्यासकारले नारीलाई समाजले जे जस्तो रूपमा हेर्छ, त्यस्तै रूपमा प्रस्तुत गर्दछ । यसले पात्रका रूपमा खासगरी निम्नवर्गीय चरित्रलाई र विषयवस्तुका रूपमा समाजका सामान्य वा विशिष्ट घटना, स्थिति, परिवेश आदिलाई ग्रहण गरी मुख्यत साधारण जनजीवनको प्रतिनिधित्व हुनेखालको अभिव्यक्तिलाई विशेष महत्त्व दिन्छ ।[१०६]

**मुलुकबाहिर** (२००४) यस धारको प्रथम उपन्यास हो ।[१०७] लीलबहादुर क्षेत्रीको **बसाइँ** (२०१४) उपन्यास पनि यस धारामा पर्ने प्रमुख उपन्यास हो । यस उपन्यासकी प्रमुख नारीपात्र मैना पुरुषद्वारा मात्र नभई नारीद्वारा नै दमित भएकी नेपली समाजकी प्रतिनिधि नारी हो । अर्की नारीपात्र झुमा जसको बालसुलभको फाइदा उठाई यस समाजका रिकुटे जस्ताले सतित्त्व लुटेका छन् । ऊ भोगवादी पुरुष समाजको शिकार बन्न पुगेकी समाजकी प्रतिनिधि बालिका पनि हो । सामाजिक उपन्यास **माईतघर** (२००७) की सानी पनि यही सामाजिक मूल्य र मान्यताको पराकाष्ठामा पिल्सिएकी पात्र हो । रगतको नाताको दाजु नभए तापनि भावनाको दाजु बन्नपुगेको हरिसँग उसको मन साटिएको हुन्छ । दुवैले एक अर्कालाई चाहँदा चाहँदै पनि

---

४३ ऐजन, पृ. ८२ ।
४४ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ३०० ।
४५ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत्, पृ. १०६ ।
४६ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ९७ ।
४७ केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, छै. सं., (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. १३३ ।
४८ योगेन्द्र बख्शी, **हिन्दी तथा नेपाली उपन्यासको तुलनात्मक अध्ययन**, (दिल्ली : शोधप्रबन्ध प्रकाशन, मई १९७६), पृ. १३७ ।
४९ मोहनरनज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् , पृ. ३०० ।
५० कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत् ,पृ. ९८ ।

सानीको अर्कैसँग विवाह हुन पुग्छ । लोग्नेले सौता हालेपछि फर्किएकी सानीको पुनः हरिसँग सम्बन्ध कायम गर्ने अभिलषा तुहिन्छ र ऊ संसारबाटै पलायन हुन खोज्छे । नेपाली समाजका नरीहरूको अवस्था उपन्यासमा सानीका माध्यमबाट व्यक्त भएको छ । नेपाली समाजको परम्परा र संरचना, सङ्गठन र संस्कार धेरै जटिल छ । यसलाई तोड्न नारीमा सबल सङ्कल्पको आपेक्षा पर्छ तर यस्तो उपन्यासका नारीपात्रमा यस स्थितिको विकास हुन सकेको छैन ।[१०८]

पुरुषप्रधान नेपाली समाजमा पुरुषद्वारा र नारी नारीद्वारा नै शोषित बन्न पुगेका छन् । रोग, भोक, शोक, गरिबी, अशिक्षा जस्ता पछौटेपनले नेपाली समाजका मानिस पिल्सिएको यथार्थ छर्लङ्ग छ । त्यसमाथि पनि अन्याय अत्याचारको सामना गर्दै पिल्सिएर मुक बनेका नारीहरूको यथार्थता सामाजिक यथार्थवादी उपन्यासमा अझ चर्कोरूपमा प्रस्तुत भएको हुन्छ । यस धाराका प्रमुख उपन्यास र उपन्यासकारहरूमा लैनसिंह बाङ्देलका **मुलुकबाहिर** (२००४), **माइतघर** (२००७), **लङ्गडाको साथी** (२००८) र **रेम्ब्रान्ट** (२०२३), लीलबहादुर क्षेत्रीका **बसाइँ** (२०१४), **अतृप्त** (२०२६) र **ब्रम्हपुत्रको छेउछाउ** (२०४३), लीलाध्ज थापाको **मन** (२०१५), दौलतविक्रमविष्टको **मञ्जरी** (२०१६), शङ्कर कोइरालाको **खैरेनीघाट** (२०१८) तुलसीराम कुँवरको **रने** (२०१८) र **उज्यालोतिर** (२०३३) केशवराज पिँडालीको **बाँच्ने एउटा जिन्दगी** (२०४३), भवानी भिक्षुको **आगत** (२०३२), डोरबहादुर विष्टको **सोतला** (२०३२), ध.च. गोतामेका **घामका पाइलाहरू** (२०३५) र **यहाँदेखि त्यहाँसम्म** (२०४२), राजेश्वर देवकोटाका **आवर्तन** (२०४१), **पूर्वकथा** (२०४३) र **उत्सर्ग प्रेम** (२०४४) आदि महत्त्वपूर्ण उदाहरणहरू हुन् ।

### ३.४ ऐतिहासिक यथार्थवाद र ऐतिकहासिक यथार्थवादी नेपाली उपन्यासमा नारीपात्र

लेखको जन्मभन्दा अगाडिको समयवधिका घटना र ऐतिहासिक चरित्रलाई लिएर लेखिएका उपन्यास ऐतिहासिक हुन्छ । यसले ऐतिहासिक घटना, व्यक्ति वा परिवेशलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्दछ ।[१०९] ऐतिहासिक उपन्यास इतिहाससँग सम्बन्धित हुन्छ । चाहे त्यो इतिहास यथार्थ होस्, चाहे ऐतिहासिक कालको कुनै व्यक्ति विशेषलाई प्रमुख पत्रको रूपमा प्रतिष्ठापित गरेर अथवा तत्कालीन वातावरणलाई स्थान दिएर स्वतन्त्ररूपमा लेखिएको होस् ती सबैलाई ऐतिहासिक उपन्यासको संज्ञा दिइन्छ ।[११०] नेपालीमा ऐतिहासिक उपन्यासको केही पूर्वाभ्यास माध्यमिक कालमा भए पनि तिनीहरूको ऐतिहासिक मूल्य गौण रहेको पाइन्छ । विक्रमको अन्तिम दशकमा टुकराज पद्मराज मिश्रको **रजबन्धकी** (१९६६) र **रामकृष्ण कुँवर राणा** (१९९९) पनि इतिहास वर्णनमा सीमित रहेका छन् ।[१११] ती उपन्यासहरूमा इतिहासको शुष्क वर्णनमात्र भएका र तत्कालीन सामाजिक पृष्ठभूमि, सूक्ष्म यथार्थ एवं औपन्यासिक कलाको

---

५१ राजेन्द्र सुवेदी, **विषय गहन सतह चिन्तन**, दो. सं., (काठमाडौँ : साझा प्रकाशन , २०५०), पृ. ६२ ।
५२ ऐजन, पृ. ६२ ।
५३ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत् , पृ. १२६ ।
५४ ऐजन, पृ. १२८ ।

अभाव भएकाले यस धाराको सुरुवात डायमनशमशेर राणाको उपन्यास **बसन्ती** (२००६) बाट भएको हो ।[११२]

ऐतिहासिक यथार्थवादी उपन्यासका नारीपात्रहरू वर्तमानभन्दा पूर्वका समाज, सभ्यता, संस्कृति, इतिहास आदिसँग सम्बन्धित हुन्छन् । वर्तमानपूर्वका राणकालीन परिवृत्तका नारीपात्रहरूको प्रस्तुति गरिएको प्रथम ऐतिहासिक उपन्यास **बसन्ती**मा नारीपात्रहरू न्यून रहेका छन् ।[११३] तत्कालीन समयका नेपाली नारीहरू सामान्यतः राजनीतिसँग सम्बद्ध नभएकाले पनि यस उपन्यासमा नारीपात्रहरूको सङ्ख्या कम रहेको हो ।[११४] कान्छी महारानी राज्यलक्ष्मीदेवी र बसन्ती यस उपन्यासका प्रमुख नारीपात्र हुन् भने बसन्तीकी आमा, सासू बूढी, रानीका सुसारेहरू अति गौण पात्र हुन् ।[११५] यस उपन्यासकी कान्छी महारानी राज्यलक्ष्मीदेवी इतिहास सत्य पात्र हुन् भने बसन्ती काल्पनिक पात्र हुन् ।[११६] नायिका बसन्तीलाई यस उपन्यासमा अति सुन्दर र भावुक प्रेमिकाका रूपमा उभ्याइएको छ । यसबाहेक बसन्ती उपन्यासकारको सामाजिक दर्शन र विद्रोहको स्वर मुखरित गर्ने पात्रका रूपमा पनि आएकी छ ।[११७] महारानीलाई राज्यको कानुन र परम्परा मिचेर युवराज सुरेन्द्रलाई सत्ताच्यूत गरी प्रस्तुत गरिएको छ ।[११८] भीमसेन थापाको अन्त्यपछि नेपालको राजनीतिमा देखापरेका अस्थिरताबाट उत्पन्न समस्या **बसन्ती** उपन्यासमा राम्रोसँग देखाइएको छ ।[११९]

डायमनशमशेरकै अर्को ऐतिहासिक उपन्यास **सेतोबाघ** (२०३०) मा जङ्गबहादुरको सत्तारोहणदेखि वीरशमशेरको कब्जा वा '४२ साले पर्व' सम्मका घटनाहरूलाई मूल आधार बनाइएको छ ।[१२०] तीन दशकको कथामा सबै घटना सीमित भए पनि सेतोबाघ एक सय चार वर्षभित्र नेपाली दरवारमा भएका षड्यन्त्र, हत्या र अपराधको यथार्थ अभिव्यञ्जना हो ।[१२१] यस उपन्यासकी नायिका शाहज्यदी, सुन्दरी कोमल हृदय भएकी नारीपात्र हुन् । यिनी उपन्यासभरि नै आदर्श प्रेमिका आदर्श पत्नीका रूपमा उपस्थित भएकी छिन् ।[१२२] यस उपन्यासकी सहनायिका धनहजुरिया पतिपरित्यक्ता नारी हुन् । उनी पनि सरल हृदयकी सहनशील सुन्दर र धैर्यशाली नारीपात्रका रूपमा उपन्यासमा प्रस्तुत भएकी छन् ।[१२३] यस्ता

---

५५ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत् , पृ. १२६ ।
५६ देविका चामलिङग राई, पूर्ववत्, पृ. १०४ ।
५७ भोलानाथ रेग्मी, 'उपन्यासकार डायमन शमशेर राणाका ऐतिहासिक उपन्यास', (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०५४), पृ. ७ ।
५८ देविका चामलिङ राई, पूर्ववत्, पृ. १०४ ।
५९ ऐजन, पृ. १०४ ।
६० भोलानाथ रेग्मी, पूर्ववत् ,पृ. ७१ ।
६१ ऐजन, पृ. ७३ ।
६२ ऐजन, पृ. ६६ ।
६३ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत्, पृ. ११३ ।
६४ भोलानाथ रेग्मी, पूर्ववत्, पृ. ८३ ।
६५ ऐजन, पृ. ९१ ।
६६ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत्, पृ. ११३ ।

उपन्यासहरूमा नोकर चाकरका रूपमा पालिएका नारीपात्रहरू अनि रखैलका रूपमा राखिएका नारीपात्रहरू आदि सूच्यरूपमा रहेका छन् । यी सूच्य नारीपात्रहरू राजा महाराजाहरूबाट शारीरिक र मानसिकरूपमा शोषित र पीडित भएका पाइन्छन् । अन्याय र अत्याचार मुक भएर सहन विवश त्यस्ता नारीपात्रहरू तत्कालीन नेपाली परिवृत्तका प्रतिनिधि पात्र हुन् ।

नेपाली उपन्यास साहित्यमा ऐतिहासिक विषयवस्तुलाई समेटेर लेखिएका उपन्यासहरू मध्ये डयमनशमशेरका **बसन्ती** र **सेतो बाघ** ऐतिहासिक यथार्थवादी चिन्तनका दृष्टिले उत्कृष्ट ठहरिएका उपन्यासहरू हुन् । डायमनशमशेरकै **प्रतिबद्ध** (२०३४), **सत्प्रयास** (२०३८) र **अनिता** (२०४३), केशवराज पिँडालीको **एकादेशकी महारानी** (२०२६), खगेन्द्र के.सी. को **खानदान** (२०३५), सुन्दरप्रसाद शाहका **प्रतिवाद** (२०४०) र **त्रिफट** (२०४२), श्रीकृष्ण श्रेष्ठको **जङ्गबहादुर** (२०५१), दौलतविक्रम विष्टको **फाँसीको फन्दामा** (२०५३) आदि पाइन्छन् ।[१२४]

### ३.५ आलोचनात्मक यथार्थवाद र आलोचनात्मक यथार्थवादी नेपाली उपन्यासमा नारीपात्र

समाजमा देखिएका कुरीति, शोषण र अन्य विसङ्गत तत्त्वहरूलाई औँल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नुपर्ने आकाङ्क्षा राख्ने लेखन पद्धतिलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । उन्नाइसौँ शताब्दीमा यस्तो लेखनका माध्यमबाट पुँजीवादी सभ्यताबाट उत्पन्न विकृति र विसङ्गतिको यथार्थ चित्रण र तिनको आलोचना गर्ने प्रवृत्तिको विकास भएको हो ।[१२५] उँभो लाग्न नदिएर गतिरुद्ध गर्ने समाजका अहितकर कार्यहरू, दूषित तत्त्वहरू अन्धविश्वास, शोषण र सामाजिक कुप्रथाहरू अध्ययन गरेर तिनीहरूको विवेचना, आलोचना गर्ने प्रवृत्ति विशेषलाई आलोचनात्मक यथार्थवाद भनिन्छ ।[१२६] विश्वप्रसिद्ध उपन्यासकारहरू बाल्जाक, फ्लुवर्ट, डिकेन्स, टल्सटोय, दोस्तोएभ्स्की आदिले आलोचनात्मक यथार्थवादी धारालाई स्थापित गरेर आफ्नो अग्रीमतालाई प्रमाणित गरेका छन् ।[१२७] नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी प्रवृत्ति सामाजिक यथार्थवाद अर्थात् आदर्शोन्मुख यथार्थवाद पछिको लेखन प्रवृत्ति हो ।

नेपाली उपन्यास साहित्यमा यस वादको प्रारम्भिक झल्को लैनसिंह बाङ्देलको **लङ्गडाको साथी** (२००८) मा पाइए पनि ठोसरूपमा चाहिँ हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (२०११) बाट यस धाराको आरम्भ भएको देखिन्छ ।[१२८] समाजका यावत् खराब पक्षहरूप्रति आलोचना गर्ने लेखकीय चिन्तन आलोचनात्मक यथार्थवादी चिन्तन हो । आलोचनात्मक यथार्थवादी नेपाली उपन्यासका नारीपात्रहरूको अध्ययन गर्दा नारीमाथि हुने अन्याय, अत्याचार, दमन, शोषण साथसाथै नारीहरूकै खराब पक्षहरूको पनि टिप्पणी र आलोचना आलोचनात्मक यथार्थवादी उपन्यासकारहरूले आफ्ना उपन्यासहरूमा गरेको पाइन्छ । पूर्ण रूपमा आलोचनात्मक यथार्थवादी चिन्तन प्रस्तुत गरी रचिएको उपन्यास **स्वास्नीमान्छे** (

६७ ऐजन, पृ. ११३ ।
६८ ऐजन, पृ. ११७ ।
६९ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १४९ ।
७० कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास**, पूर्ववत्, पृ. ११८ ।
७१ ऐजन, पृ. ११९ ।

२०११) ले नारीमाथि गरिने भेदभाव र भोगवादी प्रवृत्तिलाई हाँक दिँदै सङ्घर्षका लागि एकजुट हुने प्रेरणा दिएको छ । यसमा समाजमा रहेका शोषक वर्गको छद्म आवाज उठाइएको छ ।[१२९] यस उपन्यासका नारीपात्रहरूमा अञ्जनाकुमारी, बासन्ती, मोतीमाया, मैयानानी, कमला लगायतका केही सूच्य नारीपात्रहरू पनि रहेका छन् । यी भोगवादी पुरुषप्रधान समाजका शिकार बनेका छन् । समाजसेवाको आडमा सुरप्रसादको नारी बिक्री व्यवसायमा सहायक बनेकी अञ्जनाकुमारी दुष्कृत्यमा संलग्न नारीपात्र हो । यस्ता नारी समाजका वर्गशत्रु हुन् भन्ने निर्णय गरेर दण्ड दिने काम भएको छ ।[१३०] कमला यस्तै अर्की नारीपात्र हो । जो अर्काकी घरमा भएकी सौतालाई लगारेर परपुरुषको घरमा भित्रिन आएकी छ ।[१३१] मोतीमाया, बासन्ती आदि पात्रहरू पुरुषको भोगको सिकार भएका छन् । मैयानानी र अन्य आइमाईहरू मिलेर प्रमोदको हत्या गर्छन् । बासन्तीका हातबाट अञ्जनाकुमारी र सुरप्रसादजस्ता केटी दलाल मारिइन्छन् ।[१३२] यसरी उपन्यासकारले **स्वास्नीमान्छे** उपन्यासका अन्यायमा परेका नारीचरित्रहरूभित्र आलोचनात्मक स्वर भरिदिएका छन् । जसले भोगवादी प्रवृत्तिको हत्यामात्र गर्दैनन् , त्यससँग टाँसिएर दुष्कर्म गर्ने नारी प्रवृत्तिको पनि समाप्त गरिदिएका छन् ।

आलोचनात्मक यथार्थवादी धाराका प्रतिनिधि उपन्यासहरूमा **स्वास्नीमान्छे** (२०११), **एक चिहान** (२०१७), **विद्रोह भाग १** (२०११), **विद्रोह भाग २** (२०१३), **हुरीको चरा** (२०१५), **छेकुडोल्मा** (२०२६), **सुली** (२०३०), **वनदेवी** (२०२६), **पानीको थोपा** (२०३८), **वकपत्र** (२०४६), **कविताको कथा** (२०४८), **सागर उर्लन्छ सगरमाथा छुन** (२०५२) आदि रहेका छन् ।[१३३]

आलोचनात्मक यथार्थवादी उपन्यासका नारीपात्रहरू कोही **एक चिहानकी** नानी थकुँझैँ बलात्कृत भएका छन्, कोही **स्वस्नीमान्छे**की केटी बेच्न पुरुषलाई सघाउने अञ्जनाकुमारीझैँ काटिएका छन्, कोही **सुली** उपन्यासकी नारीपात्र सहरिया केटीझैँ सीधा गाउँले प्रध्यापकजस्ता पुरुषलाई फसाउँछन् । यस्तै यथार्थताको आलोचनात्मक व्याख्या आलोचनात्मक यथार्थवादी उपन्यासमा गरिएको हुन्छ । जसको मूल ध्येय समाजका खराब पक्षको आलोचना गर्दै त्यसको उन्मुलनका लागि जस्तोसुकै कदम चाल्नु परे पनि हट्न नहुने रहेको छ ।

### ३.६ समाजवादी यथार्थवाद र समाजवादी यथार्थवादी नेपाली उपन्यासमा नारीपात्र

समाजवादी यथार्थवाद भन्ने शब्द मार्क्सवादी समालोचकहरूद्वारा प्रयोग गरिएको हो, जहाँ समाजको वास्तविकता उपन्यासद्वारा चित्रण गरिएको हुन्छ ।[१३४] समाजवादी यथार्थवाद मुख्यतः मार्क्सेली द्वन्द्वात्मक भौतिकवादमा आधारित छ ।[१३५] मार्क्सवादको दार्शनिक पक्षको आधार द्वन्द्वात्मक भौतिकवाद हो । मार्क्सवादी साहित्य सिद्धान्तले श्रम सौन्दर्य, सर्वहारावादी

---

७२ ऐजन, पृ. ११९ ।
७३ राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. १९५ ।
७४ ऐजन, पृ. १९५ ।
७५ ऐजन, पृ. १९४ ।
७६ देविका चामलिङ राई, पूर्ववत्, पृ. १७ ।
७७ M. H. Abrams, **A Glossary of literary terms**, 4th ed. , (Banglor : Estern press, 2004), Pg. 256.
७८ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ३०२ ।

मानवतावाद र वर्गसङ्घर्षको पक्षधर बन्दै सौन्दर्य निर्माणमा बाधक चिन्तन तथा कार्यको सदैब विरोध गर्दछ । यसले धार्मिक आडम्बर, अन्धविश्वास, पाखण्डी भाग्यवाद र ईश्वरमा होइन श्रम र चेतना तथा भौतिक जगत्प्रति विश्वास राख्छ । यसले मान्छेमाथि मान्छेद्वारा गरिने सबै प्रकारका शोषणको विरोध गर्दै स्वच्छ, स्वस्थ्य र सुन्दर समाजको निर्माणका लागि क्रियाशील हुन आह्वान गर्दछ ।[१३६] सोभियत रसियामा उन्नाइसौँ शताब्दीको अन्त्यतिर कलासाहित्यको सङ्गतिको रूढ सिद्धान्त (formalism) माथि आक्रमण गर्दै मार्क्सवादी सिद्धान्तले प्रवेश गऱ्यो ।[१३७] यही सिद्धान्त सन् १९१७ को अक्टुबर क्रान्तिपछि यथार्थवादभित्र नवीन सोचका रूपमा समाजवादी यथार्थवादको वास्तविक रूप बनेर रूसमा देखिएको हो ।[१३८] समाजवादी यथार्थवादले साहित्यमा द्वन्द्वात्मक भौतिकवादी विचारधारालाई अँगालेर तिनका रीति सिद्धान्तअनुसार विश्लेषण व्याख्या  र चित्रण गर्ने मार्क्सवादी दृष्टि विशेषलाई बुझाउँछ ।[१३९] यस मार्क्सवादी दर्शनमा आधारित साहित्यलाई प्रगतिवादी साहित्य भनिन्छ ।[१४०]

नेपाली साहित्यका सन्दर्भमा कलात्मक मूल्यका दृष्टिले आजसम्म पनि समाजवादी यथार्थवाद पूर्णरूपमा स्थापित हुन सकेको छैन । यस धरातलका रचनामा अन्तर्वस्तुको पहिचान सबल भए पनि सौन्दर्य तत्त्व अझै पनि कमजोर रहेको कुरा अध्ययन र विश्लेषणबाट पुष्टि भएको छ ।[१४१] २००७ सालपछि सामान्य रूपान्तरणका स्वर र आवाज व्यक्त गर्ने लेखक, चिन्तक र विचारकहरूले नेपाली समाजका आर्थिक र सामाजिक पक्षमा देखिने विसङ्गतिलाई अलोचना गर्ने र समाजवादी ढाँचामा सम्पूर्ण समाजलाई बदल्ने इच्छा राख्नेहरूले पूर्णतः विश्वास गर्न थालेको तथ्य पनि बिस्तार बिस्तार समाजमा देखा पर्न थाल्यो ।[१४२] यस विचारधाराका उत्कृष्ट उपन्यासहरूको सर्वथा अभाव रहे पनि प्रयत्न भने थुप्रै भएका छन् ।[१४३]

यस्ता प्रवृत्ति भएका उपन्यासहरूमा डी. पी. अधिकारीका **आशमाया** (२०२५) र **धर्ती बोल्दैछ** (२०२७), खगेन्द्र सङ्ग्रौलाका **चेतनाको पहिलो डाक** (२०२७) र **आमाको छटपटी** ( २०३४), पारिजातका **तोरीबारी बाटा र सपनाहरू** (२०३२), **पर्खालभित्र र बाहिर** (२०३४), **उसले रोजेको बाटो** (२०३५) र **अनिदो पहाडसँगै** (२०३८), भवानीप्रसाद पाण्डे (भास्कर) का **बन्दी आवाज** (२०४६), **हाँडीका कनिका** (२०४०) र **अमर बस्ती** (२०५३), सञ्जय थापा (प्रदीप नेपाल) का **पूर्वतिर** (२०४३), **बुङ्गलाका साँझहरू** (२०४६), **नवोइलाउने फूल** (२०४३) र **देउमाइको किनार** (२०४७), यु. कार्की (उपेन्द्र कार्की ) का **सल्किँदै गएको विश्वास** (२०३८)

---

७९ ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र**, दो. सं., (ललितपुर : साझा प्रकाशन, २०५६), पृ. घ ।

८० Hazard Adams,**Critical theori since Plato**, Revised edition, (Washington : Harcourt Brace Jovanovich collage,1992), Pg.792.

८१ मोहनरनज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ३०२ ।

८२ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १५५ ।

८३ ऋषिराज बराल, **प्रगतिवाद र नेपाली उपन्यास**, (विराटनगर : जनसाहित्य परिवार, २०४०), पृ. १ ।

८४ राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. ४२२ ।

८५ ऐजन, पृ. ४२२ ।

८६ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १५६ ।

र **टल्किरहने मोती** (२०३९), डा. ऋषिराज बरालको **कमरेड हुतराजको राजधानीप्रस्थान** आदि पर्दछन् ।[१४४]

समाजवादी यथार्थवादी नेपली उपन्यासका नारीपात्रको अध्ययन गर्नुपर्दा डी. पी. अधिकारीको उपन्यास **आशमाया** (२०२५) बाट थालनी गर्नुपर्ने देखिन्छ । परम्परागत सामन्तवादी लेखन परम्पराबाट नयाँ मार्ग अन्वेषण गर्ने क्रममा निस्केका यात्रुबाट तयार भएको यो एउटा साँच्चैको द्वीपसमूहको छुट्टै सदस्य हो ।[१४५] समाज तथा जीवनलाई हेर्ने मार्क्सवदी प्रवृत्ति यस उपन्यासमा रहेको छ ।[१४६] यस उपन्यासकी प्रमुख नारीपात्र आशमाया हो । यस चरित्रले देखेका समाजका ठूलाबडाहरू उसले चिनेजानेका तथाकथित काजीसाहेबहरू, ठूलाघरे गुरुज्यू, सम्पादक, लेखक, समाजसेवी आदिका कारणबाट समाजका निम्नवर्गीय मोर्चाका व्यक्तिप्रति गरिने दमन र उत्पीडन, समाजमा सर्वमान्य ठेक्का लिएका सत्तामा बस्नेहरूको नयाँ कार्यनीति आदिका पक्षलाई आशमायाले नजिकैबाट देख्न पाएकी छ ।[१४७] ऊ श्रमिक वर्गकी प्रतिनिधि पात्र हो ।[१४८] छोराछोरी भैसकेकी आशमायामाथि लोग्नेले सौता हालेपछि ऊ दस घर चहार्दै मालिकहरूको भाँडा माझेर जीवन गुजार्न विवश हुन्छे ।[१४९] उपन्यासकारले यस्ती विसङ्गत वर्गीय पात्रमाथि प्रतिरोधात्मक क्षमताको विकास गरिदिएका छन् । पति परित्यक्ता आशमायाको सानो घरमा पुलिस प्रशासनले हमला गर्न लाग्दा कि मर्ने कि मार्ने निर्णयमा ऊ पुग्दछे ।[१५०] यस्तो निर्णयमा पुगेकी आशमाया अन्तिम पटक आफ्नै गुरुज्यू (मालिक) को राय लिन पुग्छे तर उसको सुनुवाइ नभएपछि हातमा खुकुरी लिएर काजीका चम्चामाथि जाई लाग्न पुग्छे ।[१५१] लोग्नेले पिट्नलाग्दा 'त्यसै पिट्न पाइन्छ र स्वास्नीलाई ?' भन्ने हाँक दिन्छे । पुलिसका दलबलसहित घर भत्काउन आउँदा 'मेरो घरको धुरी कसले च्यात्दो रहेछ हेरुँला ?' भन्ने मुखभरिको जवाफ ऊ दिन्छे ।[१५२] सबैले लाटी भन्ने गरेकी आशमाया कसरी न्याय र कानुनको कुरा गर्न जान्ने भई ? उसमा विरोध गर्ने सामर्थ्य कसरी आयो ? कसरी सचेत भएर समाजको वस्तविकता बुझ्ने भई ?[१५३] यसरी एउटी नारीपात्रमाथि उपन्यासकारले वर्गीय चिन्तनको बीज रोपेर उपन्यासका घटनाहरूलाई समाजवादी यथार्थवादतर्फ मोडेका छन् । आफ्नो घर भत्काउन आउनेसँग आक्रोशितहुँदै ऊ भन्छे 'अगाडिबाट जाने गरेकै छ उसको

---

८७ देविका चामलिङ राई, पूर्ववत्, पृ. १७ - १८ ।
८८ राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. ४३९ ।
८९ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १५६ ।
९० राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. ४३९- ४० ।
९१ ऐजन, पृ. ४४० ।
९२ ऐजन, पृ. ४४० ।
९३ ऐजन, पृ. ४४० ।
९४ ऐजन, पृ. ४२२ ।
९५ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १५७ ।
९६ ऐजन, पृ. ४४० ।

मोटर, किन ऐले घर भत्काउनुपऱ्यो ।'[१५४] यसरी ऊ अड्डाअगाडि पनि खरोरूपमा प्रस्तुत भएकी छे ।

यस्ता असन्तुष्टिहरू अन्याय हो भन्ने कुरामा चेतना र विरोध गर्ने सामर्थ्य आशमायाको निजी परिस्थिति अथवा सामाजिक अवस्थाका प्रतिविम्ब हुन् । उसमा देखापरेका सम्पूर्ण चेतनाको विकासमा बाह्य सामाजिक परिस्थिति नै प्रभावकारी रहेको छ ।[१५५] जसले समाजवादी यथार्थवादी प्रतिविम्बन गरेको छ । जसमा उच्चवर्गप्रति नारी आवाजद्वारा विद्रोह घन्किएको छ, दमन शोषणप्रति प्रतिक्रान्तिको थालनी भएको छ । यस्ता उपन्यासमा समाजवादी उपन्यासकारहरूको मूल ध्येय चरित्रमा वर्गीय विभेद प्रस्तुत गर्दै उच्चवर्गप्रति निम्नवर्गको आलोचना, अक्रोश, भण्डाफोर आदि प्रस्तुत गर्नु रहन्छ ।

## ३.७ मनोविश्लेषणवाद र मनोविश्लेषणवादी नेपाली उपन्यासमा नारीपात्र

मनोविश्लेषण सिद्धान्तका प्रवर्तक सिग्मन्ड फ्रायड (ई. १८५६-१९३९) हुन् । उनले मनोरोगीहरूको अचेतन मनका प्रक्रियाहरूको प्रकास पार्ने क्रममा सपना तथा व्यक्तिका दैनिक जीवनमा हुने गल्तीहरूको अध्ययन र विश्लेषण गरे । उनले आफ्नो अध्ययनबाट कला, धर्म, साहित्य आदि कुराहरू मानवका दमित इच्छाहरूका परिष्कृत रूप हुन् भन्ने मान्यता अघि सारे ।[१५६] उनका अनुसार मानव मष्तिष्कमा चेतन, अर्द्धचेतन तथा अचेतन गरी तीन स्तर रहन्छन् । मानिसको विचार, उसको व्यवहार तथा रहनसहनको, ढङ्गको, स्वभाविकता वा अस्वभाविकताको मूल प्रेरक यही हो । अचेतन मन मनुष्यको असीम वासनाको अथवा वृत्तिको घर हो । अर्द्धचेतन अचेतनको अनियन्त्रित आग्रहको परिस्थिति अनुसार नियन्त्रण गरेर लक्ष्यतर्फ उन्मुख हुन्छ तर चेतन मन अर्द्धचेतनको कुरूपता लुकाएर सामाजिकरूपमा प्रस्तुत हुन्छ ।[१५७]

मनको चेतन र अचेतन भेदभित्र तीन किसिमको स्थिति सृजना गरेर फ्रायडले यिनीहरूलाई इदम्, अहम् र पराअहम्मा विभक्त गरेका छन् ।[१५८] मनोविश्लेषकहरूका दृष्टिमा यौन मानव जीवनको प्रमुख वृत्ति हो जसले व्यक्तिको जीवन सञ्चालन गरिरहेको हुन्छ ।[१५९] इदम् यही कामवृत्ति (लिबिडो) को कोष हो । यसमा बंशानुक्रमगत सबै विशिष्टताहरू अन्तर्निहित हुन्छन् । यो मूल प्रवृत्तिहरूको पनि केन्द्र हो । यसले चेतन मनलाई प्रभावित गर्छ । यो अचेतन यथार्थबाट विरत र सुखेच्छाद्वारा परिचालित हुन्छ । वासना-विकारहरूको मूल आधार इदम् नै हुनाले नियन्त्रण-निषेध तथा नैतिकता र तर्कहरूबाट समेत यो सधैँ मुक्त हुन्छ । अर्थात् शुभ-अशुभ, नैतिकता-अनैतिकता, उचित-अनुचित जस्ता मूल्यहरू यसका लागि अर्थहीन हुन्छन् । व्यक्तिको सुखेच्छा नै यसको मुख्य उद्देश्य हो ।[१६०] बाह्य जीवनको अनुभवबाट

---

९७ ऐजन, पृ. ४४० ।
९८ ऐजन, पृ. ४४० ।
९९ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत्, पृ. १३३ ।
१०० योगेन्द्र बख्शी, पूर्ववत्, पृ. २११-२१२ ।
१०१ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १७२ ।
१०२ ऐजन, पृ. १७२ ।
१०३ ऐजन, पृ. १७२ ।

विकसित हुने मनको अर्को स्तरलाई इगो (अहम्) को रूपमा लिइन्छ । यसलाई इडको पष्कृित रूप पनि भनिन्छ । यसले इड र बाह्य जीवनमा मध्यस्तताको काम गर्छ । इडको जुन मौलिक प्रवृत्ति हो- 'अनियन्त्रित स्वरूप' यसलाई परस्थिति अनुरूप सञ्चालन गरेर लक्ष्यतर्फ नियोजित गर्ने प्रयत्न गर्छ । यस क्रममा प्रायः इडको वसनालाई यसले दमन गर्छ । इगोलाई चेतन मनको रूपमा लिइन्छ तापनि यो काम त्यसले अचेतन रूपले गर्छ । वास्तबमा अहं मनुष्यको बौद्धिक र व्यवहारिक पक्षको नाम हो ।[१६१] इगोको विकसित रूप सुपर इगो हो । व्यक्तिलाई नैतिक शिक्षा दिने मूल तत्त्व यही हो । यसको विकास इड र इगोपछि मात्र हुन्छ । यसले मुख्य गरेर नैतिकता र अनैतिकता, सामाजिक र असामाजिक, उचित र अनुचित भेद गरेर सबै किसिमका आदर्श स्थापना गर्छ र सामाजिक जीवनको निमित्त उपयुक्त स्थान पनि निर्धारित गर्छ ।[१६२]

मनोविश्लेषणका प्रणेता फ्रायड, युङ्ग र एडलरजस्ता व्यक्तिहरूबाट विश्वमा प्रस्तुत विज्ञानले अध्ययनको विधागत अस्तित्व १९औँ शताब्दीपछि कायम गर्न पुग्यो ।[१६३] मनोविश्लेषणले मानिसका मन तथा व्यक्तित्त्वको सैद्धान्तिक अध्ययन गर्ने हुँदा यसलाई फ्रायडवाद पनि भनिन्छ ।[१६४] साहित्यको सम्बन्ध मानवमनसँग रहेको हुँदा साहित्य र मानवबीच घनिष्ठ सम्बन्ध रहेको छ । साहित्यमा चित्रित विभिन्न चरित्र वा पात्रको निर्माण कुनै मनोविज्ञानमा आधारित भएर गरिएको हुन्छ । प्रचीन कालदेखि नै साहित्यकारहरूले जानी वा नजानी मनोविज्ञानको प्रयोग साहित्यमा गर्दै आएका छन् । मानव मनका मातृरति (oedipus), पितृरति (electra), जस्ता मनोवृत्ति एवं प्रवृत्तिहरूको चित्रण साहित्यमा प्राचीन कालदेखि हुँदै आएको देखिए पनि यसको सचेत प्रयोग र सैद्धान्तिक प्रयोग आधुनिक युगमा मनोविज्ञानको प्रवर्तनपछि हुन थालेको हो ।[१६५]

नेपाली उपन्यास साहित्यमा मनोविश्लेषणको प्रयोग आधुनिक कालका पूर्ववर्ती उपन्यासहरूमा फाटफुटरूपमा पाइए तापनि यसको विशिष्ट प्रयोग भएको प्रथम उपन्यासका रूपमा गोविन्दबहादुर मल्ल 'गोठाले' को **पल्लोघरको झ्याल** (२०१६) देखा पर्छ ।[१६६] मनोवैज्ञानिक उपन्यासमा मानव मनको आन्तरिक गहिराइको सूक्ष्म विश्लेषण पाठकसमक्ष प्रस्तुत गरिन्छ ।[१६७] यस्ता उपन्यासमा चरित्रका भवुक प्रतिक्रिया र आन्तरिक अवस्थाहरू आन्तरिक घटनाहरूद्वारा अर्थपूर्णरूपमा सुसज्जित हुन्छन् ।[१६८]

नेपाली मनोवैज्ञानिक उपन्यासका नारीपात्रको अध्ययन गर्दा नारीका मनको अध्ययन र विश्लेषण गर्नुपर्ने हुन्छ । प्रथम मनोवैज्ञानिक उपन्यास **पल्लोघरको झ्याल**की प्रमुख नारीचरित्र

---

१०४ ऐजन, पृ. १७२ ।
१०५ ऐजन, पृ. १७२ ।
१०६ ऐजन, पृ. १७२ ।
१०७ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. १६१ ।
१०८ ऐजन, पृ. १६२ ।
१०९ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत्, पृ. १३९ ।
११० सुमित्रा त्यागी, पूर्ववत्, पृ. ७८ ।
१११ The **New Incyclopaedia Britinica**, Volume 9, 15th ed., (Chicago / London / Tornoto / Geneva / Sydny / Tokyo / Manila / Seoul : Helen Hemingay Benton Publication, 1973-1974 ), pg. 174.

मिसरी हो । हरिभक्तकी श्रीमती र हिरामानकी प्रेयसीको दोहोरो भूमिकामा ऊ उपन्यासमा प्रस्तुत भएकी छ । चेतन मनले कहिल्यै नराम्रो नसोचे पनि वातावरणको चौघेराभित्र भएको अचेतनको क्रियाशीलतामा ऊ अन्त्यमा गुण्डाकै रूपमा घृणा गरिरहेको हीरामानसँग पोइल जान्छे । मनभित्र कुण्ठित यौन इच्छा र आमा बन्ने भोकको क्षतिपूर्तिका लागि ऊ त्यसरी भाग्न विवश भएकी हो ।[१६९]

गोठालेको अर्को उपन्यास **अर्पणा**की प्रमुख नारीपात्र अर्पणा मनोवैज्ञानिक चरित्रका रूपमा उपन्यासमा आएकी छ । अचेतनमा एउटा अज्ञात पीडा, भय र त्रासको पिण्ड बोकेकी ( विवाह अगाडि नै परपुरुषको गर्भ ?) अर्पणा विवाह पछिका सबै क्रियाकलापहरू यन्त्रवत् गर्छे तर उसको अचेतनमा निकै दबिएर रहेको उसको विवाहपूर्वको यौन सम्बन्ध उसलाई असैह्य र घाँडो बन्दछ । मनको कुरा खोल्ने नखोल्ने द्वन्द्वमा ऊ विक्षिप्त हुन्छे र अन्त्यमा अचेतनको विजय भएर उसले पतिसामु सबै कुरा तन्द्रा अवस्थामै खोल्छे । यसबाट पति एवं परिवारबाट घात सहनुपरे पनि दमित रहेको भावना खोलेर निकालेपछि ऊ स्वस्थ हुन्छे र अर्कैसँग विवाह गरेर सुखसँग बस्छे । 'अपराधबोध' नै अर्पणाको मूल जड तथा अचेतनलाई सक्रिय गराउने तत्त्वका रूपमा उपन्यासभरि फिँजिएको छ ।[१७०]

मनोवैज्ञानिक उपन्यासको ध्येय मानिसका अन्तर्मुखी र बहिर्मुखी प्रवृत्तिहरूको उद्‌घाटन गर्नु पनि हो । यसरी मनको विश्लेषण गर्ने क्रममा नारी मनोविश्लेषण गर्ने महत्त्वपूर्ण प्रतिभा विजय मल्ल हुन् ।[१७१] प्रयोगवादी शिल्पलाई मनोविज्ञानको सूक्ष्मतामा स्थापित गरेर उनले **अनुराधा** (२०१८) र **कुमारी शोभा** (२०३९) जस्ता मनोविश्लेषणवादी उपन्यास लेखेका छन् ।[१७२] **अनुराधा** उपन्यासकी प्रमुख नारीपात्र अनुराधा नै हो ।[१७३] उसमा बाल्य अवस्थादेखि नै अहं सिर्जना भइसकेको हुन्छ र यसको विकास उसको बाबुको विशेष माया, बोर्डिङ्गको स्वतन्त्रता, गुरुजनको प्रशंसा तथा आफ्नै रूप सौन्दर्यबोध इत्यादि प्रभावकहरू सहायक पाइन्छ । यी सबैको निष्कर्ष अरूको तुल्यतामा उसले आफूलाई ठान्ने गरेको 'विशेष श्रेणी' को र भिन्दै केही हुँ भन्ने अहंभाव पनि हो ।[१७४] रूप यौवन र आर्थिक दृष्टिले अभिमानी अनुराधा एकलकाटे स्वभावकी छे । यस उपन्यासमा पुराना मान्यताको विद्रोह गर्ने विद्रोहिणी, आफ्नो स्व रक्षाका लागि सङ्घर्षशील अनुराधा मानसिक रूपमा चेतन र अचेतन बीचको द्वन्द्वले क्षत-विक्षत हुन पुगेकी मनोविश्लेषणीय पात्रका रूपमा चित्रित भएकी छे ।[१७५] यसै उपन्यासकी सहायक नारीपात्र रमा पनि मनोविश्लेषणका दृष्टिले महत्त्वपूर्ण पात्र हो ।[१७६] पुरुषहरू आफूप्रति आकर्षित होउन् भन्ने चाहनाले कामशक्ति उनमा प्रवल थियो तर हीनताग्रन्थीले गर्दा आफू

---

११२ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत्, पृ. १३९ ।
११३ ऐजन, पृ. १३९ ।
११४ ऐजन, पृ. १३९ ।
११५ एजन, पृ. १३९ ।
११६ दुर्गाबहादुर घर्ती, 'अनुराधा उपन्यासको कृतिपरक अध्ययन', (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. कीर्तिपुर, २०५३), पृ. १७६ ।
११७ कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १७६ ।
११८ दुर्गाबहादुर घर्ती, पूर्ववत्, पृ. १७६ ।
११९ ऐजन, पृ. १७६ ।

कुरूप भएकीले पुरुषहरू आफूप्रति आकर्षित हुँदैनन् भन्ने भ्रम यिनले पलेकी थिइन् ।[१७७] त्यसैले यो पात्र कुण्ठित बन्दै मनोद्वन्द्वमा फसेकी छे ।

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा पनि अतृप्त कामभावनाका क्षतिपूर्ति पक्षहरू प्रकट भएका छन् । उनको उपन्यास **तीनघुम्ती**की प्रमुख नारीपात्र इन्द्रमाया पति पिताम्बरमा रहेको सन्तान प्रजनन् शक्तिको न्यूनतालाई रमेशसँगको सहवासबाट छोरी जन्माएर आफ्नो अचेतनको अहंलाई तुष्टिको अवसर प्रदान गर्दछे । त्यस्तै **सुम्निमा** उपन्यासमा पुलोमा र सोमदत्तमा स्वपीडनका कारणले जन्मिएको दमित मानसिकताका कारणले प्राकृतिक प्रजनन् कार्यसमेत निष्प्राण बनेको अवस्थामा उनीहरू परम्परालाई नै अपराधी ठान्न पुग्छन् । विधि र निषेधका कारणले दबेको चेतन अचेतनमा गएर विद्रोहको फणा उठाउने अवसर खोज्दछ । विधि नियम त्यागेर सम्भोग गर्न पुगेपछि त्यस क्रियाबाट जन्मेको सन्ततिलाई अपराधको परिणाम ठानिन्छ । शरीरको तृप्तिपछि मानसिक पीडाबोध प्रस्तुत उपन्यासमा आरम्भ भएको छ ।[१७८]

कोइरालाको अर्को मनोवैज्ञानिक उपन्यास **नरेन्द्रदाइ**का प्रमुख नारीचरित्र गौरी र मुनरिया हुन् ।[१७९] अविकसित शारीरिक बनोटले गर्दा पति नरेन्द्रलाई आकर्षण गर्न नसकेकी गौरीले पूरै जीवन पतित्यक्ता र उपेक्षिता हुँदा पनि पतिको सेवा गर्न उसले छोडिन । जति गरेपनि नरेन्द्रको तिरस्कार, घृणा र अपमान सहितको अस्वीकारले गर्दा उनको मनमा दबेर बसेका यौनकुण्ठाको चरमोत्कर्षको प्रस्तुति सानोबाबुलाई एकान्त कोठामा समातेर म्वाईंको कठोर प्रहार गरेबाट स्पष्टिन्छ ।[१८०] जीवनभर आफ्नो श्रीमान् सहजप्राप्य नहुँदा कुण्ठित भएकी गौरी जीवनको अन्तिम अवस्थामा आफ्नो रोगी श्रीमान् नरेन्द्रलाई प्राप्त गर्दा आनन्दित भएकी छ । नरेन्द्रको सेवा टहलमा व्यक्त हुने सौभाग्य पाएबाट प्रफुल्ल मन भएकी गौरीको स्वर्गीय आनन्द, उद्वेग र चाञ्चल्यमा त्यही अतृप्त कामवासनाको सक्रियता र त्यसकै कारणले बन्न पुगेको विक्षिप्तताको मार्मिक चित्र उपन्यासमा देखाइएको छ ।[१८१]

नेपाली उपन्यासमा मनोविश्लेषणवादी चिन्तन परम्परालाई अगाडि बढाउने क्रममा थुप्रै उपन्यासहरू रचिएका छन् । **अनुराधा** (२०१८), **कुमारी शोभा** (२०३९), **नरेन्द्रदाइ** (२०२७), **सुम्निमा** (२०२७), **सर्पदंश** (२०२६), **पाइप नं. २** (२०३४), **सुन्तली** (२०४०), **फूल ओइलाएपछि** (२०३९), **हामी भित्रका म** (२०३६) आदिले विजय मल्लद्वरा प्रवर्तित मनोविश्लेषणवादी धारालाई अगाडि बढाइरहेको पाइन्छ ।[१८२]

मनोविश्लेषणवादी उपन्यास लेखनको मूल प्रवृत्ति भनेको मानवीय मनोदशाका विविध रूपहरूको प्रदर्शन गर्नु नै हो । यस्ता उपन्यासमा चेतन र अचेतनको द्वन्द्व प्रस्तुत गरी कुण्ठित मनको उद्‌घाटन गरिएको पाइन्छ ।

---

१२० ऐजन, पृ. २०६ ।
१२१ राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. २४९ ।
१२२ भूपति ढकाल, पूर्वववत्, पृ. १४७ ।
१२३ ऐजन, पृ. १४९ ।
१२४ ऐजन, पृ. १४९ ।
१२५ तेजप्रसाद पौडेल, पूर्ववत्, पृ. ३४ ।

## ३.८ विसङ्गतिवादी अस्तित्ववादी नेपाली उपन्यास र विसङ्गतिवादी अस्तित्ववादी नेपाली उपन्यासमा नारीपात्र

पाश्चात्य साहित्य समालोचनाका क्षेत्रमा प्रचलित अब्सर्डिजम् (Absurdism) शब्दका निम्ति नेपाली शब्द विसङ्गतिवाद शब्दको प्रयोग भएको पाइन्छ ।[१८३] अस्तित्ववादी दार्शनिक अल्बेट कामुको निबन्ध 'द मिथ अफ सिसिफस' (१९४२) सँग सहमत भएका युरोपियन र अमेरिकी नाटककारहरूले १९५० र ६० को पूवार्द्धमा रङ्गमञ्मा गर्ने नाटकीय कार्यमा मानवको अवस्थाको उद्देश्य अन्ततः शून्य र हास्यास्पद छ भनेका थिए ।[१८४] यही निस्सारता वा शून्यता वोध नै विसङ्गति हो ।[१८५] जर्मनेली दार्शनिक फेडरिक विल्हेम नित्से (ई. १८१४-१९००) ले ईश्वरको मृत्युको घोषणा गरेदेखि विसङ्गतिवादको प्रार्दुर्भाव भएको मानिन्छ । सङ्गतिको परम्परागत केन्द्र ईश्वरको मृत्यु-घोषणा र उत्तरवर्ती सामाजिक मानवीय सङ्गति पनि मानवीय वृत्तिका चापवाट ऐन्द्रिक मानसिक, बौद्धिक दुर्बलता र प्रबलताको जुन द्वन्द्व हुन्छ, त्यसैबाट विसङ्गतिको दर्शन उद्‌बुद्ध भएको छ ।[१८६]

पाश्चात्य साहित्य समालोचनाका क्षेत्रमा विसङ्गतिवादको प्रवर्तन सर्वप्रथम साहित्यकार जा पाल सार्त्रले गरेका हुन ।[१८७] बीसौं शताब्दीको आरम्भमा नै भएका बिध्वंशको घानमा परेका प्राणीजगत् अव्यवस्थित र अपाङ्ग बनेको बिस्फोटनका अवस्थामा भागेर बाँच्न विवश हुनपरेको स्थितिलाई यसले उद्‌घाटन गरेको छ । पहिलो र दोस्रो विश्वयुद्धमा भएको नरसंहारसमेतका कारणले जीवनको वास्तविकतालाई मूल्यहीन र महत्त्वहीन अवस्थामा परिणत गरिदिएको छ । यो प्रसङ्ग साहित्यमा आएको विसङ्गतिवादी धारले प्रस्तुत गरेको छ ।[१८८]

यही विसङ्गतिवादी साहित्य चिन्तनका आधारमा अस्तित्ववादी साहित्य चिन्तनको प्रदुर्भाव भएको पाइन्छ । अस्तित्ववादलाई पाश्चात्य साहित्य समालोचनाका क्षेत्रमा प्रचलित दर्शनहरूमध्ये अपेक्षाकृत आधुनिक चिन्तन भन्न सकिन्छ । जर्मन दार्शनिक हुर्सेल र हेडेगर तथा डेनमार्केली विचारक किर्केगाडका विचारधारामा नै अस्तित्ववादको पूर्वरूप भेटिन्छ । अस्तित्ववादले फ्रान्सेली चिन्तक स्रष्टा जा पाल सार्त्रका माध्यमबाट द्वितीय विश्वयुद्धताक सन् १९४३ तिर साहित्यका क्षेत्रमा प्रसिद्धि प्राप्त गर्न थालेको पाइन्छ ।[१८९] यस वादको उद्‌भव भने किर्केगाडबाट नै भएको हो ।[१९०] पाश्चात्य साहित्य समालोचनाका क्षेत्रमा 'एक्जिस्टियालिजम' (Exasistentialism) शब्दको नेपाली शब्दका निम्ति अस्तित्ववादी शब्द प्रचलित छ । यो शब्द

---

१२६ ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. १७५ ।

१२७ **The New Incyclopaedia Britanika**, Volume 1, 15th ed., (Chicago / London / Tornoto / Geneva / Sydny / Tokyo / Manila / Seoul : Helen Hemingay Benton Publication, 1973-1974 ), pg. 42.

१२८ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास**, पूर्ववत्, पृ. १४४ ।

१२९ वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. १० ।

१३० ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. १५० ।

१३१ राजेन्द्र सुवेदी, **नेपाली नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. ३९३ ।

१३२ वासुदेव त्रिपाठी ,पूर्ववत्, पृ. ११७ ।

१३३ ज्ञानू पाण्डे, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद**, (काठमाडौं : नेपाली आख्यान समाज, २०६०), पृ. ६९ ।

जर्मन भाषाको मूल शब्द (Existenzphilosopic) को अङ्ग्रजी रूपान्तरण हो ।[१९१] सामान्य अर्थमा अस्तित्ववाद शब्दले अस्तित्वको एउटा विशेष सिद्धान्त भन्ने बुझाउँछ तर त्यस्तो बुझाइले अस्तित्ववादको मूल अभिप्रायसम्म पुग्न सकिन्न किनकि अस्तित्ववादमा अस्तित्व शब्दले मान्छेको अस्तित्त्वलाई जनाउँछ ।[१९२] मनवीय समस्या तथा वैयक्तिक स्वतन्त्रतालाई महत्त्व दिने आधुनिक साहित्य मान्यता नै अस्तित्ववाद हो ।

मूलतः जीवनका विसङ्गत पक्षतर्फ लक्षित गरेर रचिएको उपन्यास **आज रमिता छ** ( २०२१) बाट विसङ्गतिवादी धाराको सुरुवात भएको हो ।[१९३] मानवीय दुर्वलताले गर्दा मानिसको जीवन कति लाचार, बाध्य र अर्थहीन भएर रहेको छ भन्ने कुरालाई यस उपन्यासले स्पष्ट देखाएको छ ।[१९४] यस उपन्यासमा प्रयुक्त नारीपात्र यमुनालाई प्रतिकूल, सर्वाधिक महत्त्वपूर्ण चरित्रका रूपमा र सीतालाई अनुकूल चरित्रका रूपमा महत्त्वपूर्ण भूमिकामा प्रस्तुत गरिएको छ ।[१९५] यस बाहेक सूच्य नारीचरित्रहरू पनि यस उपन्यासमा प्रस्तुत भएका छन् । जो यस उपन्यासका अन्य विविध पात्रहरू झैँ भिन्न प्रवृत्तिका छन् । **शिरीषको** फूलका पात्रहरूले जीवनको निरर्थकता बोध गरेका छन् । प्रेम, आशा, मानवता र विश्वास जस्ता कुराबाट टाढा कुण्ठा, निराशा, निस्सारता र चरम विसङ्गतिवोध गरी रचिएको यस उपन्यासमा प्रस्तुत पात्र तथा संश्लिष्ट मूलकथा र गौणकथा सबैले जीवनका निरर्थकता बोध गरेका छन् ।[१९६] यस उपन्यासकी प्रमुख नारीपात्र सकमबरी हो । यसको मूलकथा पनि बरीमै केन्द्रित छ ।[१९७] मृत्युको कुरा सुन्नासाथ सकमबरी रमाउँछे, ऊ ईश्वरको हाँसो उडाउँछे, बरू ईश्वरत्वको कुरा गर्छे र ईश्वरत्वको मृत्यु चाहन्छे ।[१९८] उसको हातमा सँधै चुरोट देख्दा सुयोगवीरले क्यान्सर लाग्ला है बरी भनेर गिज्याउँथ्यो तर ऊ 'स्वागत छ' भनी जवाफ दिन्थी ।[१९९] मान्छेलाई निराशा दिलाई अस्तित्वहीन जीवनतर्फ धकेल्न रमाउने प्रवृत्ति बरीमा रहेको छ । ऊ अरूप्राणी र मान्छे नै पनि छटपटाएको देख्न पाउँदा हर्षले प्रफुल्ल हुन्छे र उसको विचित्रको अनुहारमा उज्यालो छाउँछ । कसैको जीवनलाई सुन्दर भनेको ऊ सुन्न र मान्न तयार पनि बन्दिन ।[२००] ऊ परपीडक वृत्तिमा रमाउने ऐकान्तिक जीवन चाहने प्रेमलाई अस्वीकार गर्ने एउटी निस्सार नारीचरित्रका रूपमा उपन्यासमा प्रस्तुत भएकी छे । उपन्यासभरि नै ऊ एउटी हठी, स्वाभिमानी, जीवन विरोधी मृत्यु आमन्त्रणी र तटस्थ स्वास्नीमान्छेकी रूपमा देखापरेकी छे

---

१३४ ज्ञानू पाण्डे, 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद', (विद्यावारिधि शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०६०), पृ. ७० ।

१३५ ऐजन, पृ. ७० ।

१३६ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत्, पृ. १४५ ।

१३७ विष्णुप्रसाद पौडेल, 'उपन्यासकार इन्द्रबहादुर राई कृतिपरक अध्ययन', (अप्रकाशित स्नातकोत्तर शोधपत्र, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली शीक्षण विभाग, त्रि. वि. कीर्तिपुर, २०४४), पृ. १६८ ।

१३८ ऐजन्, पृ. १७० ।

१३९ कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञावली, **आख्यानकार पारिजात**, (काठमाडौँ : हजुरको पुस्तक संसार, २०५८), पृ. १७ ।

१४० ऐजन्, पृ. १५ ।

१४१ ऐजन्, पृ. १८-१९ ।

१४२ ऐजन्, पृ. १९ ।

१४३ ऐजन्, पृ.१९ ।

।[२०१] यही उपन्यासबाट नेपाली उपन्यासमा विसङ्गतिवादी चिन्तनको चरम प्रस्तुतिको प्रारम्भ भएको पाइन्छ ।

आजका मान्छे न शान्तिले बाँच्न सक्छन् न सङ्घर्षलाई नै सहन सक्छन् । मानव सुलभ व्यवहारको सट्टा पशुको जस्तो व्यवहार र क्रियाकलाप विसङ्गतिवादी उपन्यारकार ध्रुवचन्द्र गौतमका उपन्यासमा देखिन्छ । उनका उपन्यासमा सामुहिकरूपमा देखिएका पात्रहरूमा व्यक्तिगत अस्तित्व कसैको पनि देखिँदैन ।[२०२] उनका उपन्यासका सबै पात्रहरू विसङ्गत छन् । २०२४ सालमा **अन्त्यपछि** उपन्यास लिएर पाठकसामु आएका गौतमको दृष्टिकोण विसङ्गति र अस्तित्ववाद प्रस्तुतीकरणमा प्रयोगवाद, चेतनामा स्वैरकल्पना मिश्रित प्रतिकात्मक ढाँचा देखिन्छ ।[२०३]

नेपाली उपन्यासमा २०१८ सालमा विजयबहादुर मल्लको उपन्यास **अनुराधा** प्रकाशित भएपछि पहिलोपटक अस्तित्ववादी विसङ्गतिवादी चिन्तनको प्रयोगको परम्परा उद्घाटित भएको हो ।[२०४] मूलरूपमा अनुराधा उपन्यासमा फ्रायडेली मनोविश्लेषणको विशिष्ट प्रयोग भए तापनि त्यसबाहेक अस्तित्ववादी विसङ्गतिवादी चिन्तनको आंशिक प्रयोग भएको छ ।[२०५] **अनुराधा** उपन्यासमा अनुराधाले भोगिरहेको जीवन निस्सारको छ र उसका हरेक प्रयास विसङ्गतिमा परिणत भएका छन् । समाज र परिवारले जबर्जस्ती थोपरिदिएको जीवन अनुराधालाई स्वीकार्य भएन र उसले आफ्नो त्यस अस्वीकृतिलाई अर्थ दिन खोजेकी छ । [२०६]

इन्द्रबहादुर राइको **आज रमिता छ** (२०२१) उपन्यास अस्तित्ववादी-विसङ्तिवादी नेपाली उपन्यासको परम्परा स्थापित गर्ने पहिलो औपन्यासिक कृति हो ।[२०७] अस्तित्ववादी चिन्तन धाराको प्रतिनिधि उपन्यास भने विश्वेश्वरप्रसाद कोइरालाको **तीनघुम्ती** (२०२५) नै हो ।[२०८] उनका अधिकांश उपन्यासहरूमा नारी व्यक्तित्वले कथाको मूल पृष्ठलाई ढाकेको पाइन्छ ।[२०९] उनको यस उपन्यास **तीनघुम्ती** पनि नारीचरित्र इन्द्रमायाको व्यक्ति स्वतन्त्रतामा आधारित रहेको छ । ४५ वर्ष उमेर पुगेकी इन्द्रमायाले १६ वर्ष, २५ वर्ष र २७ वर्ष उमेरमा गरेका तीन निर्णयहरू उसका जीवनका तीन घुम्तीहरू हुन् ।[२१०] उसले आफ्नो स्वतन्त्र अस्तित्वको रक्षार्थ

---

१४४ पशाकान्ता थापा, 'शिरीषको फूल उपन्यासको कृतिपरक अध्ययन', (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०५६), पृ. ४३ ।

१४५ विजयादेवी पौडेल, 'अलिखित उपन्यासको कृतिपरक अध्ययन', (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०५६), पृ. १८ ।

१४६ राजेन्द्र सुवेदी, **सृजनाविधका परिधिभित्र ध्रुवचन्द्र गौतम**, (काठमाडौँ : साझा प्रकाशन,२०५४), पृ. ३० ।

१४७ ज्ञानू पाण्डे, 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद', ( विद्यावारिधि शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०६०), पूर्ववत्, पृ. १६२ ।

१४८ ऐजन, पृ. १६२ ।

१४९ ऐजन, पृ. १६२ ।

१५० ऐजन, पृ. १६४ ।

१५१ इन्द्रबहादुर राई, **नेपाली उपन्यासका आधारहरू**, दो. सं. (ललितपुर : साझा प्रकाशन, २०५०), पृ. १६६ ।

१५२ इन्द्रबहादुर राई, पूर्ववत्, पृ. १६६ ।

१५३ घनश्याम कँडेल (सम्पा.), **नेपाली समालोचना**, (ललितपुर : साझा प्रकाशन, २०५५) पृ. १११ ।

गरेका आत्मिक निर्णयहरूका माध्यमबाट उपन्यासकारले अस्तित्ववादी चिन्तनलाई सशक्तताका साथ प्रस्ततुत गरेका छन् ।[२११]

इन्द्रमायाले गरेका तीन निर्णयहरू पिताम्बरसँगको विवाह, रमेशसँगको शारीरिक सम्बन्ध र पतित्त्वको त्याग गरी मातृत्वको वरण सबै व्यक्तिगत निर्णय हुन् । यस उपन्यासमा यिनै अस्तित्ववादी विचारधारालाई इन्द्रमायाद्वारा गरिएका कृत्यहरूको माध्यमबाट यौनजनित विश्लेषणसँगै संश्लिष्ट गराएर नारी अस्तित्वको चरित्र प्रदर्शित गराइएको छ ।[२१२] इन्द्रमायाले आफ्नो स्वरक्षाका लागि गरेका निर्णयहरू अस्तित्ववादी जीवनदृष्टिले उत्कृष्ट ठहरिएका छन् । अस्तित्ववादी नेपाली उपन्यासमा यो उपन्यास सर्वोकृष्ट ठहरिएको छ । यस परम्परामा सचेतरूपमा अस्तित्ववाद को प्रयोग गरिएको पहिलो उपन्यास पारिजातको **शिरीषको फूल** ( २०२२) नै हो ।[२१३]

**शिरीषको फूल**मा सकमबरीले व्यक्ति स्वयं आफ्नो निर्णयकर्ता र यो संसारको निर्माणकर्ता हो, उसको निर्माण गर्ने कुनै ईश्वर छैन र कुनै पनि निर्णयका लागि ऊ स्वतन्त्र छ भन्ने आफ्नो अस्तित्ववादी जीवनदृष्टिलाई सुनगाभाको फूलको प्रसङ्गबाट स्पष्ट पारेकी छ ।[२१४] उसले भनेकी छ - “आफ्नै निम्ति फुल्नु, फक्रनु, झर्नुजस्तो एउटा बाध्यतालाई स्वीकार गर्नका निमित्त भँवरासँग लाप्पा खेल्नै पर्छ, झर्न त पर्छपर्छ भने भँवराको चोट सहेर किन झर्ने ? आफूमात्र झर्ने, आफ्नो इच्छाले झर्ने ।” यसरी उपन्यासमा सकमबरीका उद्‌गारबाट आफ्नो अस्तित्वरक्षाका लागि संघर्ष नभई स्वेच्छाले पलायनको बाटो रोजेको पनि पाइन्छ । आफ्नै इच्छाले मर्ने व्यक्ति स्वतन्त्रता अस्तित्ववादी मान्यता र संघर्षबाट पलायन निस्सारता बोधजस्ता अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन सकमबरीमा देखिएको छ । तसर्थ अस्तित्ववादी विसङ्गतिवादी चिन्तन परम्पराकै उत्कृष्टतम उपन्यासका रूपमा **शिरीषको फूल**लाई लिन सकिन्छ ।

---

१५४ ज्ञानू पाण्डे, 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्त्ववाद', ( विद्यावारिधि शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०६०), पूर्ववत्, पृ. १३९ ।

१५५ भूपति ढकाल, पूर्ववत्, पृ. १३९ ।

१५६ ज्ञानू पाण्डे 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद', (विद्यावारिधि शोधपत्र, नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर, २०६०), पूर्ववत्, पृ. १६५ ।

१५७ ऐजन, पृ. १६६ ।

विसङ्गतिवादी धाराका प्रमुख उपन्यासकार र उपन्यासहरूमा पारिजातको **शिरीषको फूल** (२०२२), **महत्ताहीन** (२०२५) र **अन्तर्मुखी** (२०३५), ध्रुवचन्द्र गौतमका **अन्त्यपछि** (२०२४), **बालुवामाथि** (२०२८) र **डापी** (२०२३), दौलतविक्रम **बिष्टको चपाइएको अनुहार** (२०३०) आदि रहेका छन् ।[२१५] भने अस्तित्ववादी धाराका प्रमुख उपन्यास र उपन्यासकारहरूमा पारिजातको **शिरीषको फूल** (२०२२), **महत्ताहीन** (२०२५) र **अन्तर्मुखी (**२०३५), ध्रुवचन्द्र गौतमका **अन्त्यपछि** (२०२४), **बालुवामाथि** (२०२८) र **डापी** (२०२३), विश्वेश्वरप्रसाद कोइरालाका **तीनघुम्ती** (२०२७), **नरेन्द्र दाइ** (२०२७), **सुम्निमा** (२०२७) **मोदी आइन** (२०३६) **हिटलर र यहुदी** (२०४०) र **बाबु, आमा र छोरा** (२०४५) सरुभक्तका **पागल बस्ती** (२०४८) र **तरुनी खेती** (२०५३) आदि रहेका छन् ।[२१६]

नेपाली उपन्यास साहित्यमा पूर्णतः अस्तित्ववादी विचारधारा भएका उपन्यासहरू नगन्य छन् । अस्तित्ववादी चिन्तन विसङ्गतिवादी चिन्तनका आधारमा प्रस्फुटन भएको साहित्य सिद्धान्त हो । त्यसैले विसङ्गतिवादभित्र अस्तित्ववादी मूल्यमान्यता र अस्तित्ववाद भित्र विसङ्गतिवादी मूल्यमान्यता अन्तर्निहित रहेको पनि पाइन्छ ।

---

१५८ कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत् पृ. १५८ ।
१५९ ऐजन, पृ. १५०-१५१ ।

# परिच्छेद चार

## भवानी भिक्षुका उपन्यासमा नारीपात्र

उपन्यासकार भवानी भिक्षुका **सुभद्रा बज्यै** (२०१९), **आगत** (२०३२), **पाइप नं २** (२०३४) र **सुन्तली** (२०४०) गरी जम्मा चारवटा उपन्यासमा रहेका नारीपात्रहरूको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

### ४.१ 'आगत' उपन्यासका नारीपात्रहरू

### ४.१.१ कनकलता

उपन्यासको सुरुमा नौली नामले चिनिएकी पात्रको नाम कनकलता हो । कनकलतालाई उपन्यासभरि कनक नाम दिइएको छ । यिनी लखनऊका पुँजीपति सबैले मालिक भनेर सम्बोधन गर्ने श्री रत्नदेव शर्माकी सुपुत्री हुन् । आमा बाल्यकालमा नै परलोक गएपछि यिनी पिता रत्नदेवकै लाडप्यारमा हुर्केकी थिइन् । सौतेनी आमाको रूखो व्यवहारका कारण यिनी अन्तर्मुखी स्वभावकी भएको देखिन्छ । यिनको वैवाहिक सम्बन्ध तराईका सम्भ्रान्त एवं कुलीन शर्मापरिवारको जेठो छोरो उमेशहरि शर्मासँग गाँसिएको छ । शर्मापरिवारमा बुहारीका रूपमा भित्रिएपछि शर्मा खान्दानको मर्यादालाई निरन्तरता दिन ऊ हरपल लागिपरेकी देखिन्छे । आफू र आफ्नो परिवार मूल्यवान् भएको कुरा उसले सरलालाई लेखेको चिठीमा उल्लेख गर्दै भनेकी छे - "मेरो नाउँ कनक हो, कनक अर्थात् सुन । तिमीलाई थाहा छ - मेरो घर सुनको घर, लोग्ने सुनको, ससुरा सुनको, अझ सासू त हीरा । यी सारा सुन र हीराले मेरो नाउँमा लोभिई झन् कनक थप्न चाहेर मलाई ल्याए ।"[२१७] यसरी आफ्नो गुणको बारेमा बताउने कनक रूपवती, गुणवती र ज्ञानसम्पन्न पनि छे । औपचारिक शिक्षा हासिल नगरेकी भए पनि ज्ञानगुनका कुरा गर्न र तर्क गर्नमा ऊ खप्पिस छे ।

ऊ सबैको सम्मान गर्छे तर महिला वर्गलाई पुरुष वर्गले होच्याएर बोलेको ऊ सहन सक्तिन र भन्छे - "…….लोग्ने मानिसहरूले जे जति गरे पनि सबै ठिक, हामी केही अलिकतिमात्रै चल्यौँ भने पनि सबै बेठिक । मैले त बुझ्नै सकिन । हाम्रो खानु, लाउनु, उठ्नु, बस्नुको साँध कतातिर छ, कहाँसम्म छ ? फेरि कुनै शास्त्रमा विधि विधान निषेध प्रतिषेध जम्मै लेखे पनि हामीलाई कुनै स्पष्ट सीमारेखा तोक्न सकिएको छैन । त्यसैले हरेक पाइलामा डर र के गर्नु, के नगर्नु, बाहेक हाम्रो गुजारा छैन ।"[२१८] यसरी ऊ महिला वर्गलाई होच्याउने, महिलामाथि भेदभाव राख्ने र महिलाले सँधै उपेक्षित हुनुपर्ने कुराले विक्षिप्त बन्न पुगेकी छे । यसका साथै महिलामाथि भएको वर्गीय भेदभावप्रति आक्रोसित पनि भएकी छे । विधि विधानको नियमन गर्ने शास्त्रले नै महिलालाई कुनै स्थान नदिएकोप्रति उसले खेद प्रकट गरेकी छे । त्यसै गरी महिलामाथि गरिने यस्ता व्यवहारप्रति आवाज उठाउने एक क्रान्तिकारी नारीका रूपमा पनि ऊ प्रस्तुत भएकी देखिन्छे । औपचारिक शिक्षा हासिल नगरे तापनि शास्त्रका कुराहरू गरेर

---

१ भवानी भिक्षु, **आगत**, दो. सं., (काठमाडौँ : साझा प्रकाशन, २०३२), पृ. ४८ ।
२ ऐजन, पृ. १४ ।

आफ्नो तर्कलाई बलियो पार्ने यस पात्रमा ज्ञानको कमी भने देखिँदैन । आफू सुन भएको बताउने कनकले आफ्नो लोग्ने पनि सुनको नै भएको बताउँदै सम्पूर्ण जीवनको आलम्बन लोग्नेलाई नै बनाएकी छे । लोग्नेका अनुहारमा सँधै खुसी देख्न चाहने र लोग्ने दुःखी भएको र पिरमा परेको कुरा तुरुन्त पत्ता लगाउने यस पात्र लोग्नेलाई खुसी राख्नका लागि मरिमेटेर लागेको देखिन्छ । आफ्नो हाँसो खुसी सबै लोग्नेलाई नै ठान्ने यस पात्र भन्छे -"चाहिएजति हजूरसितै नलिई छाड्ने होइन ।"[२१९] उसको सम्पूर्ण कुराको प्राप्ति नै उसको लोग्ने उमेश भएको छ । उसको आवश्यकता पनि पतिबाहेक केही छैन । यस कुरालाई उसले यसरी व्यक्त गरेकी छे - "पति बाहेक केही आवश्यकता छैन ।"[२२०]

यस उपन्यासभरि नै कनकको रूप, गुण र स्वभावको चर्चा गुह्येश्वरीबाहेक सबैले गरेका छन् । उसको रूपको चर्चा त सबैले गरेका नै छन् । अझ उसको व्यवहार, ज्ञान, विवेकबाट सबै प्रवाहित भई त्यसको मधुस्वाद लिन सबै लालयित भएका देखिन्छन् । शर्मा परिवारको बंश-परम्परा धान्ने क्रममा, पतिपरायण श्रीमती, असल बुहारी र भाउज्यूको भूमिकामा आएकी यस पात्र मिलनसार पनि छे । देवर विष्णुको बिहे गराउने कुराका सन्दर्भमा होस् अथवा सौतेनी सासू कान्छी मालिक्नीको सेवा सुश्रूषा गर्ने क्रममा होस् ऊ पारिवारिक उत्तरदायित्त्वबाट पन्सन खोजेकी छैन । त्यसैले यो पात्र उत्तरदायी, कर्तव्यपालक र जिम्मेवारी बोध भएकी व्यवहारकुशल पात्रका रूपमा उपन्यासमा आएकी छे ।

शर्मापरिवारको परिवृत्तमा रचित **आगत** उपन्यासमा सुरुदेखी अन्त्यसम्म रहेर शर्मापरिवारको सुख दुःखसँगै मुछिएकी यो पात्र स्थिर पात्र हो । शर्मापरिवारको अवन्नति हुनै लागेको बेला यसले विसङ्गतिवादी स्वर उराल्न पुगेकी छे । यस क्रममा ऊ भन्छे - "जे भए पनि हाम्रो पारिवारिक सङ्गष्ठन आघात कै पर्खाइमा छ । तर परिआएकोलाई वरण नगरी सुखै छैन"[२२१] विसङ्गति र अस्तित्वका बीचमा बाँच्ने समग्र मानव जातिले भैपरी आउने घटनालाई सहन बाध्य हुनैपर्छ भन्ने कनक विपत्तिदेखि नडराउने साहसी नारीचरित्र पनि हो । नारीलाई समाजमा हर तरहले उपभोग्य वस्तु बनाइएको छ भन्ने उसको धारणा यस्तो रहेको छ - "सारा संसारमा जे जति उब्जा, उन्नति आविष्कार भइरहेका छन् ती सबैका प्रतिफलका जम्मै सुख घुमीवरी अनेकौं थरिले पुरुषद्वारा हामीमै अर्पित हुन आए पनि आइमाई सुख पाउने जात होइन । हामी त सन्सारले उब्जाएका सारा सुख आनन्द उपभोगहरूका 'भारी' कदाचित् अन्यत्र ठाउँ नपाएर बिसाउने उपकरणमात्र ! बाँचुञ्जेल यसैलाई अँगाल्नु र बोक्नुमात्रै पर्दछ । तिनका उपभोग आनन्द गर्ने र पाउने त अर्कै हुन् ।"[२२२] यी उद्गारहरूमा समाजमा पुरुषवर्गकै हालीमुहाली रहेको र नारीवर्ग अन्यायमा परेको कुरा उसले व्यक्त गरेकी छे । आइमाई भएर यस पुरुषप्रधान समाजमा जन्मन विवश भएको र सुख भोगबाट सधैँ टाढै रहनुपरेको विवशतालाई पोख्ने यस पात्रले निस्सारताबोध गरेकी छे । यसबाट ऊ विसङ्गत पात्र भएको पनि स्पष्ट भएको छ ।

---

३ ऐजन, पृ. ४८८ ।
४ ऐजन, पृ. ४८९ ।
५ ऐजन, पृ. ४८७ ।
६ ऐजन, पृ. ४८७ ।

ऊ रूप र गुणमा मात्र सम्पन्न नभई एउटी धूर्त नारीचरित्र पनि हो भने सकारात्मक सोच राख्ने नारीचरित्र पनि हो । यथास्थितिबाट माथि उठेर नयाँ सभ्यता बसाल्न सके भावी पुस्ताका लागि राम्रो हुने सोच उसमा रहेको देखिन्छ । परम्पराका नाममा रहेका अनावश्यक कुराहरूलाई फालेर ऊ नवीन मूल्य र मान्यताको खोजमा रहेकी छे । यी कुराहरू उसले यसरी व्यक्त गरेकी छे - " ........तर सोच्दछु , हाम्रा पुर्खा पुरानियाँ जसरी रहे बसेर गए आज त्यही रीतिथिति वा चलन चाँजो भनेर सामुन्ने छ । तर हामी पनि जसरी रहन बस्न सकौँला, केही दिनपछि हाम्रो सन्तानको अगाडि पनि यही नै चलन वा चाँजो बनेर ठाडो हुनेछ । के हामी यस्तै रहन्छौँ ? बूढा पुरानियाँ हुँदैनौ, फेरि हामीलाई नै परिपाटी तयार गर्ने अधिकारबाट वञ्चित किन गराउनु ?"[२२३] यस कुराले आफ्नो हक र अधिकार खोज्ने नारीका रूपमा पनि यिनलाई लिन सकिन्छ । समाज र सभ्यता परिवर्तन गरी भोलिका लागि सभ्य र अनुकरणीय रीति थिति बसाल्नका लागि आफ्नो हक अधिकार खोज्ने यस पात्र आदर्शोन्मुख यथार्थवादी पात्र हो । यस पात्रका आदर्श सबै अनुकरणीय छन् र प्रायः सबै पात्रले यस पात्रलाई रूचाएका छन् । पात्रको गुणवत्ता समाजका लागि अनुकरणीय हुनु र समाजका अन्य व्यक्तिहरूले उक्त पात्रका व्यवहार अनुकरण गरी व्यवहारमा लागू गर्नु पनि आदर्शोन्मुख यथार्थ हो । यस उपन्यासमा अनुकरणीय व्यवहार भएकी यस पात्रका व्यवहार र उसका चिन्तन दुवै दृष्टिले यो पात्र आदर्शोन्मुख पात्र ठहरिएकी छे ।

### ४.१.२ लक्ष्मी

लक्ष्मी यस उपन्यासकी सहायक नारीपात्र हो । काठमाडौँका प्रसिद्ध व्यापारी लेखनाथ बाजेकी छोरी लक्ष्मी रूप र गुणले सम्पन्न छे । धन धान्यकी देवी लक्ष्मीका प्रतीकका रूपमा धनाड्य परिवारकी वैभव लक्ष्मीका स्वरूपमा यिनलाई लिन सकिन्छ । यिनी सरला नामक नारीपात्रकी हितैषी मित्र र विष्णुहरि शर्माकी प्रेमिकाका रूपमा उपन्यासभरि परिचित भएकी छिन् । उपन्यासको अन्त्यमा विष्णुहरिसँग वैवाहिक सम्बन्धमा गाँसिन पुगेकी लक्ष्मी लजालु र मिजासिली स्वभाव भएकी चरित्र हो । सरस्वतीको झैँ रूप भएकी भन्दै उपन्यासकार स्वयंले उसको वर्णन यसरी गरेका छन् - "रूपचाहिँ सरस्वतीको झैँ शुभ्र-कुन्देन्दु-वदना ! बाहुनकी छोरी; नाक, कान, आँखा, ओठ सबै सुव्यवस्थित; सलक्क परेको भरिलो जीउ, शरीरको रचना-शिल्पमा कतै पनि कुनै त्रुटि सकभर प्रजापतिले राखेका थिएनन् ।"[२२४] लक्ष्मी रूपवतीमात्र होइन गुणवती पनि छे । दार्जिलिङ र कलकत्तामा अध्ययन गरी प्ररम्भिक शिक्षा प्राप्त गरेकी ऊ शिक्षित नारीपात्र हो । उपन्यासको सातौं भागदेखि उपन्यासमा प्रस्तुत भएकी यो पात्र उपन्यासका अन्त्यसम्म आएकी छे । ऊ आफ्नी आमा रोगिणी भई थला परेपछि बाबुकै लाडप्यारमा हुर्केकी थिई । सरलाका माध्यमबाट शर्मापरिवारको कान्छो सुपुत्र विष्णुहरि शर्मासँग परिचित भएपछि ऊ मनैदेखि उसलाई मन पराउन थालेकी थिई । सरला र आफ्ना पिताबाट समेत शर्मापरिवारको इतिवृत्त थाहा पाएपछि र विष्णुहरिको दाइ उमेशहरिलाई भेटेपछि उसले आफूलाई शर्मापरिवारकै एक अंश मान्न थालेकी थिई । त्यसैले शर्मापरिवारको अधोगति भएको थाहा पाएपछि शर्मापरिवारकै चिन्तासँग मुछिएकी पनि छे । पारिवारिक चिन्तामा परेको आफ्नो प्रेमी विष्णुलाई आफ्नो प्रेम व्यक्त गर्दै ऊ भन्छे - "बिस्नुबाबू राम्ररी खानेकुरो खानुहोस्, फिक्री

७ ऐजन, पृ. ९ ।
८ ऐजन, पृ. ४३ ।

जति सब छाड्नुस्, अब कुन्नी कहिले हाम्रो भेट हुन्छ ।"[२२५] लोग्ने मान्छे भएर हिम्मत हार्नु हुँदैन भनी आफ्नो प्रेमीलाई आफू साहसी भएको बताउँदै भन्छे - "तपाईंको ठाउँमा म भएको भए यस्तो अनुहार लगाएर बस्ने थिइन र मर्ने पनि थिइन ।"[२२६] एकातर्फ चिन्ताग्रस्त प्रेमीलाई आत्मबल बढाउन उत्साहित पार्छे भने अर्कोतर्फ आफूलाई आफ्नो प्रेमीभन्दा आँटिली, हिम्मतिली प्रेमिका भएको साबित गर्न तत्पर हुन्छे । यो सरल स्वभाव भएकी नारीचरित्र हो । यसको पुष्टि ऊ स्वयंले यसरी गरेकी छे - "मलाई घुमाउरो कुरा आँउदैन । तर हामी स्त्री जातिका हौँ । सम्पन्नताबाट गरिबीमा आइपरेका हाम्रै कति दिदी बहिनीहरू जुन साहस र बलले सजिलैसित त्यसलाई अँगाली जिन्दगी समाप्त गर्छन् त्यति धनी पनि कदाचित् लोग्नेमान्छेहरू हुँदैनन् क्यारे ।"[२२७] घुमाउरो कुरा गर्न आँउदैन भन्ने लक्ष्मी महिला दिदी बहिनीमा भैपरी आउने आपत बिपतलाई सहन सक्ने खुबी भएको र पुरुषहरू महिलाको दाँजोमा कमजोर देखिएको भनी तर्क गर्न तम्सेकी छे । ऊ उपन्यासका अन्य नारीपात्रभैँ तर्कशील रहेकी छे । सरलाको लोग्ने रामेश्वरले पठाएको चिठी सरलाले पढ्न दिँदा तपाईंलाई भिनाजुले लेखेको चिठी मैले किन पढ्नु पऱ्यो र ! भन्दै ठट्टा गर्ने यस पात्रमा केही ठट्टालु स्वभाव पनि भएको पाइन्छ ।

केही आधुनिकभैँ देखिने लक्ष्मी परम्परा र कूलको मर्यादा विपरीत जान सकेकी छैन । आफ्ना आमा बुबाले जसलाई सुम्पन्छन् त्यसैसँग जानुपर्ने तत्कालीन परम्परालाई शिरोपर गर्दै आफ्ना बाबुले जसलाई दिन लागेका छन् त्यसैलाई स्वीकार गर्ने कुरा उसले आफ्नै बाबुका सामु यसरी व्यक्त गरेकी छे - "बिहा हुनेभए बुबाकै मनले हुन्छ । जुन मनको अगाडि जहिले छोरीको टाउको पनि निहुरन जान्छ, उसै बखत हजुरको त्यही मनको खुट्टामा आँखाका थोपा चुहाँउदै जहाँ, जसकहाँ जुन घरमा पठाइबक्सिन्छ त्यहीँ रूदै गइदिउँला ।"[२२८] आफ्नो तनमन गोसाइँपुरको परिवारसँग गाँसिएर विष्णुसँग प्रेम गरेकी यस नारीचरित्र विवश भई आइपरेको भोग्न तयार भएकी निरिह चरित्र हो । त्यसैले आफ्नो पिताले विष्णुहरिका लागि आएको प्रस्तावको पर्वाह नगरी राणानिकट एक धनाड्य व्यक्तिसँग विवाह गरिदिन लाग्दा ऊ मौन बसेकी छे । यस कुराले ऊ भित्रभित्रै सल्किएकी पनि छे । यो कुरा उसकी रोगिणी आमाले पत्ता पाएपछि शर्मापरिवारकै विष्णुहरि शर्मासँग उसको बिहे गरिदिन लेखनाथ बाजेसँग ढिपी गरेकी छिन् । त्यसपछि भने लक्ष्मीको आशा पलाएको छ । उसले आफ्नी आमा तथा सरलाको सहारा पाएकी छ । त्यसैले ऊ आमाले आफ्नो पक्षमा वकालत गर्दा हर्षित हुन पुगेकी छे र भन्छे - "...एक्लै कदाचित् म हार्ने नै छु । हारिसकेकै थिएँ तिमीले नै अलिक होस्टे हैँसे गरिदएकी हौ । राम्ररी सास फेर्न हुनेसम्मलाई तयार पारेर जाऊ है ?"[२२९] यसबाट ऊ विष्णुप्रति असाध्यै आकर्षित भएको पुष्टि हुन्छ । शर्मापरिवारको अधोगतिका कारण तत्काल बिहे अन्यौलमा रहेको थाहा पाएपछि सरलाले उक्त विषयमा के गर्ने त भनी प्रश्न गर्दा ऊ भन्छे - "त्यो कुरो मेरो

---

९ ऐजन, पृ. १२७ ।
१० ऐजन, पृ. १२५ ।
११ ऐजन, पृ. १२४ ।
१२ ऐजन, पृ. ४०३ ।
१३ ऐजन, पृ. ३१० ।

भाग्य र ममाथि नै छोड "[२३०] यसबाट ऊ भाग्यवादी, जीवनप्रति आशावादी रहेकी चरित्र भन्ने कुराको पुष्टि हुन्छ । रियासतको सम्पूर्ण सम्पत्ति गुम्न लागेका व्यक्ति तथा परिवारसँग एक धनाड्य व्यापारीकी छोरी भएर पनि सम्बन्ध गाँस्न चाहने लक्ष्मीले धन सम्पत्तिभन्दा प्रेमलाई बढी जोड दिएको पाइन्छ । यसबाट ऊ स्वच्छ प्रेमिका, आदर्श प्रेमिका र प्रेमको पुजारी भएको ठहर्छ । यस कुराको पुष्टि उसले सरलाका हातमा विष्णुका लागि पठाएको सन्देशमा यसरी व्यक्त भएको छ - "सम्पत्ति वैभव, जग्गा जिमीदारीका लागि रून् पर्दैन"[२३१] यसबाट उसले धनलाई भन्दा मनलाई जोड दिएको छर्लङ्ग भएको छ । आदर्श प्रेमिकाका रूपमा ऊ धनवादी नभई मनवदी नारीचरित्र बनेर उपन्यासमा उपस्थित भएकी छे ।

लक्ष्मी मनोद्वन्द्वात्मक नारीचरित्र हो । आफ्नो प्रणयलाई सफल पार्न सहयात्री सरलालाई माध्यम बनाए पनि आफ्ना पिताले कुनै धनाड्य परिवारसँग उनको बिहे गरिदिने कुरा गरेपछि उसको मनमा अन्तर्द्वन्द्व चलेको छ । आफूले चाहेको व्यक्तिको खुलेर माग गर्न नसक्नु उसको चारित्रिक कमजोरी पनि हो । आफ्नो यही कमजोरीका कारण तथा परम्परागत मान्यताभिन्न हुननसक्नुका कारण ऊ अन्तर्द्वन्द्वमा फसेकी हो । उसको अन्तर्द्वन्द्वको अर्को कारण गुह्येश्वरीले चलाएको गार्गी प्रसङ्ग पनि हो भने सम्भना विष्णु निकट हुनु पनि हो । सम्भनालाई उसले एक पटक पशुपतिमा विष्णुसँग भुलुक्क देखेकी पनि छे । त्यही सम्भनाको वर्णन अनि त्यो शर्मापरिवारसँग निकट भएको कुराले उसमा ईर्ष्या पलाएको छ । यसबाट ऊ इर्ष्यालु स्वभाव भएकी चरित्र हो भन्ने कुराको पनि पुष्टि भएको छ । तत्कालीन सामाजिक परिवृत्तकी एक धनाड्य बाबुकी छोरी लक्ष्मी एउटी आदर्शछोरी, आदर्शप्रेमिका र आदर्शसाथी पनि हो । यथार्थ जीवन जगतबाट टपक्क टिपेर उपन्यासकारले उपन्यासमा यिनलाई आदर्शको गोरेटोमा हिँडाएका छन् । तत्कालीन नेपाली सामाजिक मूल्य मान्यतालाई शिरोधार्य गर्दै जीवन जगतका भोगाइलाई बहन गर्न तत्पर रहेकी यस पात्रको प्रणय प्रसङ्गले विजय प्राप्त गरेको छ । जीवनका अस्तित्व र विसङ्गत पाटाहरूलाई आत्मसात गरी यथार्थ धरातलमा आदर्शवादी मूल्य मान्यता लिएर प्रस्तुत भएकी यस नारी पात्रलाई आदर्शोन्मुख यथार्थवादी नारीचरित्रका रूपमा लिन सकिन्छ ।

### ४.१.३ सम्भना

सम्भना यस उपन्यासकी सहायक नारीचरित्र हो । विष्णुहरि शर्माको साथी गोपालको दाजु पर्ने काठमाडौं यङ्गाल टोलका एकजना जागिरे व्यक्तिले आफ्नी जेठी श्रीमतीको देहावसानपछि कान्छी श्रीमतीका रूपमा उनलाई विवाह गरेका थिए । नेवार जातकी सम्भनाका पति सुरुमा जागिरे भएको र पछि रोगले थला परेको पाइन्छ । त्यही लोग्नेको स्यहार सुसारमा दिन बिताएकी सम्भना लोग्नेको मृत्युपछि आश्रयहीन बन्न पुगेकी छे । लोग्नेको मृत्युपछि नाताले देवर पर्ने गोपालको साहारामा हिँडेकी सम्भनाको मित्रता विष्णुहरि शर्मासँग र पछि शर्मापरिवारसम्म नै पुगेको देखिन्छ । ऊ उमेशहरि शर्माले सम्मानसाथ स्वीकार गरेकी भाउजू हो भने विष्णुहरि शर्माले अचेतनमा स्वीकारेकी प्रेमिका पनि हो । लोग्नेको मृत्युपछि वैधव्य जीवनमा प्रवेश गरेकी सम्भना असाध्यै राम्री छे । उसको मोहनी रूप देखेर सबै लालयित

---

१४ ऐजन, पृ. ३९६ ।
१५ ऐजन, पृ. ९ ।

भएका छन् । ऊ अशिक्षित भए पनि तार्किक छे । तर्क गरेर अरूलाई तल पार्नमा खप्पिस पनि छे । ऊ आफ्नो रूप सौन्दर्यताप्रति घमण्ड पनि गर्छे । लोग्नेको मृत्यु भए पनि कुनै पीर चिन्ता नमान्ने ऊ साहसी स्वभावकी र निडर पनि देखिन्छे । ऊ खरो स्वभाव भएकी चरित्र पनि हो । ऊ जोसुकैका अगाडि पनि निडर भएर लागेको कुरा प्याच्चै भनिदिन्छे । मूलतः यो उपन्यासमा यौन विकृति भएकी पात्रका रूपमा उपस्थित भएकी छे । उपन्यासका उन्नाइसौँ भागदेखि अन्त्यसम्म नै यो पात्र आइरहन्छे ।

उसको बिहे सानै उमेरमा छिप्पिएको व्यक्तिसँग भएको थियो । सुरुमा असाध्यै माया गरी उसलाई शिक्षित बनाउन चाहने लोग्नेले पछि गएर हेला गर्न थालेपछि उसको मन भाँडिएको देखिन्छ । त्यसमाथि उमेरगत बैसम्य, रोगग्रस्त लोग्ने र लोग्नेकै मृत्युजस्ता कुराहरूले गर्दा ऊ उखरमाउली भएकी हो । उपन्यासमा बिहेपूर्व ऊ कस्ती थिई भन्ने कुरा उल्लेख गरिएको छैन । जे होस् सानै उमेरमा विवाह भई आफू यौवनावस्थामा प्रवेश गर्न थालेपछि लोग्ने रोगी भई थला परेको र अन्त्यतः उसको मृत्यु भएका कारण ऊ अतृप्त कामवासनाको सिकार भएकी छे । त्यसैले उसमा यौनेच्छा प्रवल रहेको देखिन्छ । रोगी लोग्नेबाट कामेच्छा पूरा नहुने भएकै कारणले गर्दा लोग्नेको मृत्यु हुँदा समेत ऊ दुःखित नभएकी हो । उसले विष्णुलाई व्यक्त गरेको - "लोग्नेको माया भने त निकै पाएँ तर त्यस भन्दा बढ्ता अरू कुनै थोकको थाहा छैन ।"[२३२] भन्ने कुराबाट यसको पुष्टि भएको छ । आफ्नो वासनाको तृप्ति बूढो र रोगी लोग्नेबाट नभएको कुरा आलङ्कारिकरूपमा उसले यसरी व्यक्त गरेकी छे - "यस पुर्पुरोको दोष, खाडलमा पर्ने समय नआउँदै लोग्नेको भर मिल्यो । त्यहाँ यस्सो हेर्दा कुनै खाडल पाइएन । लोग्नेको दोस्री स्वास्नी बनेर आएकी थिएँ । तै पनि कोशिस नगरेकी त कहाँ हुँ र ? मन र उमेरले त्यहीँ खाडल खन्ने हाम फाल्ने उपाय, जुक्ति छटपट गरिएकै हो तर बिस्नुबाबू, भुइँ नरम भए पो खाडल खन्ने सम्भावना हुने थियो, कदाचित हुन्थ्यो पनि, त्यहाँ त भुइँ नै पाइएन । बरू अलिकति मात्रै खन्दा त साह्रो ढुङ्गा - के भन्छन् नि चट्टान नै पो पाइयो । त्यसैमा टाउको बजारेँ बसेँ ।"[२३३]

यहाँ उसले बोलेको भाषा प्रतीकात्मक छ । 'खाडल' शब्द यौनाङ्गका प्रतीकका रूपमा आएको छ भने 'साह्रो ढुङ्गा' ले यौनाङ्गको निष्क्रियतालाई निर्दिष्ट गरेको छ र 'नरम नभएको भुइँ' ले यौन कार्य गर्न अक्षम बूढोलाई जनाएको छ । 'खाडलमा हामफाल्ने उपाय, जुक्ति छटपट गरिएकै हो' ले लोग्ने बूढो र रोगी भइदिनाले असम्भव भयो भनेको बुझिन्छ । यसरी लोग्नेबाट वासनाको परिपूर्ति नभएको कुरा बताउँदै विष्णुसँग अप्रत्यक्षरूपमा यौनइच्छा पूरा गरिदिन आग्रह गरेको देखिन्छ । ऊ अझै थप्छे - "आजीवन प्यारको एक घुड्को पनि कतै पाएकी छैन ।"[२३४] यसरी ऊ पूर्णरूपमा विष्णुसँग प्यारको भीक्षाटन गरिरहेकी छे ।

यो उपन्यासभरि प्रत्यक्ष्यरूपमा पाठकसँग भेट भइरहने मञ्चीय पात्र हो । यो पात्र विष्णुलाई देख्नेबित्तिकै ऊसँग आकर्षित भएकी छे । सामान्य परिचय भएको व्यक्तिसँग ऊ

---

१६ ऐजन, पृ. १५० ।
१७ ऐजन, पृ. ३८६ ।
१८ ऐजन, पृ. ३८६ ।

अचानक "हामी आइमाईहरूमा बुद्धि बढ्ता हुनु बेस हो कि औधी राम्रो रूप ?"[२३५] भन्ने प्रश्न सोध्न पुग्छे । यो उसको अचेतन बोलेको हो । आफू रूपवती भएको र उक्त कुरा युवकले आफ्नो रूपलाई मन पराउँछ कि पराउँदैन भनी जाँच्न पनि ऊ तम्सिएकी हो । यसका साथै "त्यही रूपमा लोभिएर मलाई ज्ञानी बनाउने रहर लोग्नेमा उम्ल्यो ।"[२३६] भन्ने कुरा पनि ऊ विष्णुलाई सुनाउँछे । यो समाजमा नारीरूपप्रति झुम्मिने र त्यही नारीले आफ्नो बुद्धि प्रदर्शन गर्न थाली भने जाइलाग्ने पुरुषप्रति ऊ आक्रोसित भएकी छे । रूप बुद्धिकै बारे चर्चा हुँदा उसले आफ्नो धारण यसरी व्यक्त गरेकी छे - "होइन आइमाईहरूको लागि बुद्धिभन्दा राम्रो जीउको नै बढ्ता महत्त्व हुन्छ । हुन त एउटा कुन कुराले चित्त दुःख्छ भने त्यसो भए आइमाईहरूको जीउमा खप्पर नै बनाइयो किन ? तर त्यो रूप सँगाल्ने र उसको प्रदर्शन गर्न सक्ने आँखाको नानीले रूपकै विज्ञानपन पनि गर्न हुने आधार मात्रै पनि होला । अनुहारमा रूप हुनैपर्छ । तर खप्परमा गिदी हुनु हुँदैन । खप्परमा गिदी छ र त्यो चलमलाउन थालेको छ भन्ने उसको लोग्नेले थाहा पायो कि उसको कुशल छैन ।"[२३७] यसरी ऊ आफ्नो लोग्नेले गरेको व्यवहारबाट आहत भएकी छे । ऊ नारीमथि पुरुषले गर्ने यस्ता व्यवहारबाट मर्माहित भएका तत्कालीन सामाजको नारीवर्गकी प्रतिनिधि पात्र हो ।

यसले गरिबवर्ग तथा विदवाहरूको पनि प्रतिनिधित्व गरेकी छे । त्यसैले यो वर्गीय पात्र हो । लोग्नेको मृत्युपछि विष्णुसँग हिमचिम बढाउँदै गएकी सम्झनासँग विष्णुले लक्ष्मीका बारेमा कुरा गर्दा "कुन लक्ष्मीजी ?" भनी ऊ एक्कासी झस्कन पुग्छे । उसको अन्तर्मनमा विष्णुलाई कोही केटीले पनि मन नपराओस् र विष्णु पनि आफूबाहेक कुनै केटी पनि मन नपराओस् भन्ने भाव सल्बलाएको छ । विष्णुका दाजु उमेशहरि शर्मासँग परिचित भएपछि उसको व्यक्तित्व देखेर पनि ऊ लोभिएकी छे । एकान्तमा उमेशलाई सम्झँदा त्यो कनक पनि उसको सामु होली भनेर उसको मनमा इर्ष्या पैदा भएको देखिन्छ । यसको कारण पनि उसको कुण्ठाग्रस्त मनोग्रन्थी नै हो । त्यसै गरी उमेशले "लक्ष्मी र विष्णुको सम्बन्ध भएको तिम्री भाउजूलाई सन्तोष लाग्नेछ ।"[२३८] भनी लक्ष्मीको प्रसङ्ग कोट्याउँदा ऊ ठूली एकादशीका दिन पशुपतिमा देखेकी केटीलाई सम्झी विचलित नै हुन पुगेकी छे ।

ऊ असाध्यै धूर्त छे । विष्णुका बिहेका बारेमा कुरा चल्दै गर्दा उसले केटी मन पराएको छ छैन भनी जाँच्न उसले विष्णुलाई भन्छे - "बाबू, अब चाँडै बिहे गरी निश्चिन्त होऊ ।" ऊ आफूले मन पराएको व्यक्तिले आफ्नो रूपलाई मन पराएको छ वा छैन भनी कहिले रूप र बुद्धिको तर्क झिक्छे भने कहिले बिहे गर्ने सल्लाह दिन्छे । अझ मेरो माया लाग्दैन भने मेरा गालामा दुई चड्कन लगाउन सक्छौ ? भनी आफ्नो प्रेमीको मन जाँच्न पुग्छे । विष्णुले सक्तिन भन्दा "दया लागेर कि माया लागेर ?" भनी उसको हात समाउन पुग्छे । यसरी ऊ धूर्त चरित्र भएको साबित हुन्छ ।

---

१९ ऐजन, पृ. १५१ ।
२० ऐजन, पृ. १५१ ।
२१ ऐजन, पृ. १५३ ।
२२ ऐजन, पृ. २८६ ।

ऊ यौनका बारेमा स्वतन्त्र छे । ऊ पतिव्रता नारी होइन । लोग्नेको मृत्युपछि ऊ खुलेर यौनका लागि लागिपरेकी छ । माया प्रेमका बारेमा उसको धारणा यस्तो छ - "माया भनेको सृजना हो, बाहिरको कुनै बन्दोबस्त होइन, अझ बाहिरको बिनास उसलाई भने हुन्छ ।"[२३९] सामान्य परिवारकी गरिब तथा लोग्नेको मृत्युपछि आश्रयहीन बन्न पुगेकी ऊ विष्णुलाई मनैदेखि माया गरेर नजिक बनाउनका लागि यसो भन्छे - "अरूहरूको अगाडि मलाई तपाईं, हजुर इत्यादि मन लागेको जे जस्तो भने पनि हामी दुवै एक्लै आपसमा कुरा गर्दा तिमी, गर जस्ता कुरा शब्द बोले राम्रो होला कि ? बिस्नुबाबू, कहिले पनि मन खोल्ने साथी पाएकी छैन । साथी भइदिन्छौ कि ?"[२४०] यसरी विष्णुसँग दिनानुदिन निकट हुँदै गएकी सम्झनाले एक दिन ट्याक्सीमा विष्णुको हात समातेर आफ्नो साम्‌ टाँस्न पुग्छे । कान्छी आमाको आग्रह अनुसार गोसाईंपुर जानैपर्ने भएपछि एक दिन ऊ विष्णुका दुवै हात समातेर आफ्नो छातीमा टाँसेर र मेचमा उभेर उसलाई ठाडो पारी पूर्णतः आलिङ्गनबद्ध गरी अङ्ग-प्रत्यङ्गमा म्वाइ खान पुग्छे अनि त्यहीँ अङ्गालेर आवेगभित्रै रुञ्चे स्वरमा बिन्ती गरे जस्तै गरी भन्छे - "भनिदेऊन बिस्नुबाबू, माया लाग्छ, माया गर्छु ।"[२४१] यी सम्पूर्ण कुराहरूबाट ऊ माया प्रमेकै भोको भएकी देखिन्छे । अचेतनमा रहेको यौन तृष्णा जागृत भएर नै ऊ पागलसरी विष्णुलाई अङ्गालेर चुम्दै 'माया गर्छु भन न' भन्न पुग्छे । यसरी उसका सारा गतिविधिबाट ऊ मनोवैज्ञानिक यथार्थवादी नारीचरित्रका रूपमा उपन्यासमा स्थापित भएकी छे ।

यो अस्तित्ववादी नारीचरित्र पनि हो । आफ्नो अहं रक्षाका लागि विष्णुलाई प्रेमी बनाउन पुगे पनि इच्छा पूर्ति गरी सन्तुष्ट हुन सकेकी छैन । यस क्रममा उसमा मनोद्वन्द्व पनि चलेको छ । लक्ष्मी र गार्गीसँग विष्णुको विवाह प्रसङ्ग चलेको कुराले ऊ आफ्नो अहंको सिकार उम्कने हो कि भन्ने मनोद्वन्द्वमा फसेकी छे भने कान्छी आमाको आमन्त्रणबाट विष्णुलाई बचाई आफूसँगै राख्न कसरत गर्ने क्रममा पनि ऊ मनोद्वन्द्वमा फसेकी छे । पाठकसँग भेट भइरहने यो मञ्चीय पात्र हो ।

अशिक्षित भएर पनि यो पात्र शिक्षितझैँ देखिन्छे । यस कुराको पुष्टि उसले ज्ञान, रूप, बुद्धि, पाप-पुण्य, भगवान्, माया-दया, जस्ता विषयहरूमा गरेका कुराहरूबाट भएको छ । ज्ञानको बारेमा उसको धारणा यस्तो रहेको छ - "अक्षरको ज्ञानलाई मात्र तिमीले ज्ञान मानेका छौ क्यारे, तर अक्षर र त्यसका अनेकन ओहोर दोहोरले पाइने कुराको नाउँ हो शिक्षा वा प्रमाणपत्र - भनौँ डिग्री ? साच्चिकैको ज्ञान भने त अर्कै कुरा हो बाबू ?"[२४२] धर्मका बारेमा उसको यस्तो धारण रहेको - "ढुङ्गे देउतासँग कुनै कल्पना गर्नु नै मुर्खता हो भन्ने थाहा छ ।"[२४३] "…..यही दुःख, अपमान, धोका, छल, बेथा, ताडनाभित्र बाँची आएकी हुँ । बाँचे मरिन, अपहत्ते गरिन, बिराम गरेको भए यतिमात्र भयो होला । यसैले अब बाँच्ने सत्य बाहेक मेरा सामु कुनै देउता कुनै पाप-दोष, धरम-करमको सत्य जस्तो कुरा बाँकी छँदै छैन । यी सारा

२३ ऐजन, पृ. ३८५ ।
२४ ऐजन, पृ. ३८८ ।
२५ ऐजन, पृ. ५१८ ।
२६ ऐजन, पृ. ४५७ ।
२७ ऐजन, पृ. ५०५ ।

झुठा र बेकम्मा हुन् बेकम्मा ।"[२४४] यसबाट ऊ जीवनमुखी नारीचरित्र भएको बुझिन्छ । त्यसैगरी नास्तिक, अस्तित्ववादी नारीचरित्र भएको स्पष्ट भएको छ ।

उसका कुराहरूबाट ऊ बौद्धिक, तर्कशील, शिक्षित र जिद्दी स्वभाव भएकी चरित्र भन्ने बुझिन्छ । उसको स्वभाव उपन्यासभरि एकै किसिमको छ तसर्थ यो स्थिर पात्र हो । तत्कालीन समाजकी एउटी जबर्जस्त स्वभाव भएकी यथार्थ नारी जो यौनकुण्ठा ग्रस्त छे, तर यसका व्यवहारलाई अवलोकन गर्दा यो पात्र प्रतिकूल पात्र भने होइन । त्यस्ती पात्रलाई सम्झना नाम दिएर उपन्यासकारले उसलाई उपन्यासमा प्रस्तुत गरेका छन् । यही सम्झना नामकी पात्रका चारित्रिक विशेषतालाई केलाउँदा र यसको जीवनलाई जरासम्म खोतलेर अध्ययन गर्दा यो पात्र केही यथार्थवादी, केही अस्तित्ववादी र मूलतः मनोवैज्ञानिक त्यसमा पनि यौन मनोवैज्ञानिक पात्रका रूपमा रहेकी देखिन्छे ।

### ४.१.४ सरला

सरला यस उपन्यासकी सहायक नारीपात्र हो । सुब्बा उपाध्याय बाबाकी जेठी बुहारी तथा रामेश्वरकी श्रीमती सरला शर्मापरिवारकी मितेनी बुहारी हो । उपन्यासमा लक्ष्मीकी हितैषी मित्रका रूपमा यो उपस्थित भएकी छे । ऊ केही पढेलेखेकी प्रचलनझैँ धेरै लाज नमान्ने चरित्र हो । विष्णुहरि र लक्ष्मीको प्रणयप्रसङ् चलाउनेदेखि लिएर विवाहका लागि समेत मरिमेटेर लागेकी सरला सहयोगी र मिलनसार पात्रका रूपमा उपन्यासभरि नै परिचित भएकी छे । ऊ सरल र सहनशील नारीचरित्र हो । यो कुरा उसले आफैँले यसरी व्यक्त गरेकी छे - "अर्काको घरमा बस्नुपर्ने हामी आइमाईहरू सहन नसक्ने प्राणी त होइनौ नि ?"[२४५] ऊ आफ्नो व्यक्तिगत र पारिवारिक हितमा भन्दा पनि साथी तथा इष्टमित्रका हितमा लागिपरेकी पात्र हो । त्यसमा पनि आफ्नी हितैषी मित्र लक्ष्मीको विवाह शर्मापरिवारको कान्छो पुत्र, नाताले मितेनी देवर पर्ने विष्णुहरि शर्मासँग गराउनका लागि मरिमेटेर लागेकी छे ।

गोसाइँपुरको जमीन जानलाग्दा ऊ चिन्तित भएकी छे । ऊ यस समस्यामा परेका शर्मापरिवारलाई सहयोग गर्न र सान्त्वना दिन जानलाग्दा विष्णुहरिले "यस्तो अवस्थामा जाने र ?" भन्दा आक्रोशित भई व्यङ्ग्य मिश्रित स्वरमा भन्छे - "बिस्नुबाबू यो कुरा तपाइँले नै भनिरहनु भएको हो वा अरू कसैले, यो बुझ्नै सकिन । गोसाइँपुरको परिस्थिति अलि असजिलो छ, त्यसैले त्यहाँ मलाई जानु हुन्न भन्ने साह्रै राम्रो सल्लाह दिनु भयो हैन त ?"[२४६] यसरी ऊ गोसाइँपुरको दुःखसँग मिसिन आतुर भएकी दखिन्छे । त्यसैले ऊ भन्छे - "यस बखत म त्यहाँ गएर अरू नभए केही शारीरिक सेवासम्म त गर्न सक्छु कि ?"[२४७] आफन्तको दुःखमा, विपत्तिमा केही सेवा गर्न रुचाउने सेवाभाव भएकी नारीचरित्र भनेर यसलाई चिन्न सकिन्छ । यस कुराको पुष्टि शर्मापरिवारको मात्र नभई आफ्नी साथी लक्ष्मीकी रोगिणी आमाको सेवामा लागिपरेको कुराबाट पनि भएको छ ।

---

२८ ऐजन, पृ. ५०४ ।
२९. ऐजन, पृ. १७ ।
३० ऐजन, पृ. ४०८ ।
३१ ऐजन, पृ. ४०९

सल्लाह सुझाव दिनमा यिनी पोख्त छिन् । कनक दिज्यूलाई सल्लाह दिने क्रममा उनी भन्छिन् - "दिज्यू यसमा के नै भयो र ? भाइको विवाह छिट्टै होओस्, बुहारीले सासूससुराको सेवा गरोस् भन्ने तत्परता दिदीका लागि भाइप्रति हुनु, रहनु कुनै नचाहिँदो कुरो त होइन क्यारे । हजुरलाई यसमा बहस गर्नुपर्ने काम त देख्दिन, अनि केका लागि जम्मै कच्कच् ?"[२४८] यसरी उपन्यासमा सबैका हितमा देखिएकी यो पात्र अनुकूल नारीपात्र हो ।

सरल, निश्चल, सहयोगी र सेवाभाव भएकी मितव्ययी सरला व्यक्तिगत जीवनबाट भने पलायन जस्तै भएकी छे । आफ्नो पारिवारिक दायित्व र कर्तव्य नै नभएकी पात्र हो कि झैँ लाग्ने यस पात्र कताकता उपन्यासकारले कल्पना गरेका पात्र जस्ती लाग्दछे । तर तत्कालीन सामाजिक परिवेशमा पनि परहितका लागि मरिमेटेर लाग्ने निडर, निश्चल र लाज नमान्ने नारीचरित्रहरूकी प्रतिनिधि चरित्र हो । उपन्यासमा पाठकसँग भेट भइरहने यो मञ्चीय पात्र हो । आफ्नो आदर्शमय जीवनलाई सफलरूपमा प्रस्तुत गर्न सफल यस चरित्रले आफ्ना विचार र चिन्तनलाई अन्त्यसम्म परिवर्तन गरेकी छैन । त्यसैले यो उपन्यासकी स्थिर चरित्र हो । तत्कालीन यथार्थ जीवन जगत्की नारीचरित्र सरलाका विचारहरू आदर्शउन्मुख रहेका छन् । आदर्शतर्फ उन्मुख भएकी यथार्थ धरातलबाट टिपिएकी यस पात्रका चरित्रलाई केलाउँदा मूलतः यो पात्र आदर्शोन्मुख यथार्थवादी नारीपात्र हो ।

### ४.१.५ गुह्येश्वरी

गुह्येश्वरी यस उपन्यासकी सहायक नारीचरित्र हो । छोटे सरकारकी प्रथम पत्नीबाट जन्मिएकी शर्मा पुत्री गुह्येश्वरी रामेश्वरकी श्रीमती हो । आफ्नी आमाको मृत्यु पश्चात् कान्छी आमाबाट हुर्कीएकी र कान्छी आमाकै निकटवर्ती रहेर शर्मापरिवारको इज्जत प्रतिष्ठा जोगाउनका लागि आफ्नी भाउजू कनकलाई समेत आदेश दिने छुद्र स्वभाव भएकी नारीचरित्रका रूपमा उपन्यासमा प्रस्तुत भएकी छे । उसका एक छोरा र दुई छोरीहरू रहेका छन् । उपन्यासका अन्य नारीपात्रहरूको रूपझैँ यसको रूपको वर्णन गरिएको छैन । यो अन्य नारीपात्र भन्दा भिन्न  छुच्चो स्वभाव, घुस्घुसे बानी व्यवहार भएकी, धृष्ट र कुटिल स्वभाव भएकी नारीचरित्र हो । यसैले यो उपन्यासमा एउटी मात्र प्रतिकूल  नारीचरित्र हो ।

गुह्येश्वरी आफ्नो पैतृक वैभवको उपभोग गर्न नपाएका कारण तथा दाजु उमेशहरिकी पत्नी कनकलता यस सम्पत्तिकी मालिक्नी हुन गएका कारण इर्ष्याले भित्रभित्रै जल्न पुगेकी छे । त्यसैले तर्कशील कनकका कुरा काट्दै ऊ व्यङ्ग्य गर्छे - "भाउजुको कुरा गराइ त निकै जान्ने सुन्ने जस्तो छ नि ।"[२४९] आफूले मान सम्मान गर्नुपर्ने भाउजूलाई बचन लगाउने यो पात्रले आफूलाई चाहिँ निकै जान्नेसुन्ने बुद्धिमान ठहऱ्याउँदै उल्टै भाउजूलाई अर्ती दिँदै भन्छे - "भाउजू बिन्ती छ, घरमा ठूली बढी तपाईं नै भएर परिवारको यस नासोलाई सखाप नहुन दिनुहोला, सँगाल्ने अभिभारा तपाईंमा नै छ ।"[२५०] कनकको प्रसंसा गरेको उसलाई मन पर्दैन । ऊ कनकको प्रशंसा गर्ने आफ्नो श्रीमान्सँग पनि झर्कदै भन्छे - "तिमीहरूका आँखा खालि

---

३२ ऐजन, पृ. ५८८ ।
३३ ऐजन, पृ. ८ ।
३४ ऐजन, पृ. ८ ।

असाधरणमा मात्रै पर्छ वा साधारणलाई पनि हेर्ने गरेको छ ? तिम्री दुलही कति असाधारण छ, त्यो पनि थाहा पाएका छौ कि ?"[२५१] आफ्ना साला जेठान आएका बखत "हिजैदेखि जिभ्रो फर्फराएको थियो" भनी ठट्टा गर्दा लोग्नेप्रति खनिँदै "हजूरलाई मैले खानै दिएकी छैन क्यारे ...... " भनी मुख चलाउन पुग्ने मुखाले, दुच्छर स्वभावकी नारीपात्रका रूपमा ऊ उपन्यासमा उपस्थित भएकी छे । ज्वाइँ जेठानकै ठट्टाका क्रममा मुख किन बिग्रेको होला भनी उमेशहरिले भन्दा "दाइसाहेबको कुरा गुलियो रहोस्, मेरो टर्रो मैसित भए पुग्छ । जहिले पनि होच्याउनु, जहिले पनि........ "[२५२] यसरी छुद्र व्यवहार प्रस्तुत गर्ने यो नारीपात्र तत्कालीन समाजका नन्दहरूकी प्रतिनिधि हो । उच्चवर्गीय खान्दानकी छोरी तथा बुहारीका रूपमा उपन्यासमा आएकी यो वर्गीय पात्र पनि हो । मुखाले बुहारीका रूपमा उपन्यासमा आएकी यो पात्रलाई उपन्यासकारले उपन्यासमा जस्ताको तस्तै प्रस्तुत गरेका छन् । व्यवहारमा अदर्शीकरण नगरी प्रस्तुत गरिएकी यो पात्र यथार्थ नारीपात्र हो ।

विष्णुहरिको बिहेका लागि आफूले रोजेकी केटी बिहे गराउनका लागि मरिमेटेर लाग्ने यो पात्र जिद्दी स्वभावकी छे । यसको बानी र व्यवहार सुरुदेखि अन्त्यसम्म एकै प्रकारको भएको हुँदा यो स्थिर पात्र पनि हो । यस क्रममा कान्छी आमाको निकटवर्ती भएर घुसघुसे पारामा आफ्नो कुरालाई माथि पार्न लागिपरेकी यो पात्र कुटिल देखिन्छे । काठमाडौँका व्यापारी लेखनाथ बाजेकी छोरी लक्ष्मीको कुरा चल्दै गर्दा र उमेशले समेत उसलाई मन पराएको कुरा थाहा पाएपछि ऊ जसरी हुन्छ आफूले प्रस्ताव गरेकी केटी गार्गीसँग बिष्णुको विवाह गराउन उद्यत भएकी छे । माइतमा आफ्नो रवाफ देखाउन र आफ्नो स्वार्थ पूरा गर्न उसले चालेको कदम शर्मापरिवारको जिमीदारी गुमेपछि अन्यौलग्रस्त भएको छ । आफ्नो इज्जत, प्रतिष्ठा बचाउन तथा आफ्नो दम्भ प्रस्तुत गर्न आफूले प्रस्ताव गरेकी केटी गार्गीलाई नै विष्णुसँग बिहे गराउनका लागि आइपरेका समस्याले गर्दा ऊ मनोद्वन्द्वमा फसेकी छे । एकातिर शर्मापरिवारको जिमीदारी गुम्नु, अर्कोतिर कान्छी आमा बिरामी पर्नु यसका साथसाथै लक्ष्मीको प्रसङ्ग आउनु र सम्झना विष्णुसँग निकट भएको प्रत्यक्ष देख्नु जस्ता कुराहरूले ऊ मनोद्वन्द्वमा फसेकी छे ।

लोग्नेसँग जाइलाग्ने, मुखाले र कोही कसैसँग पनि राम्रो व्यवहार र बोलीबचन गर्न नजान्ने छुद्र, कर्कसा यो चरित्रको व्यवहार सुरुदेखि अन्त्यसम्म परिवर्तन भएको छैन । त्यसैले यो स्थिर चरित्र हो । आफ्नो अहं पूरा गर्न कान्छी आमासँग निकट भई जतिसुकै मरिमेटेर लागेपनि अन्त्यतः ऊ आफूले चाहेको केटीसँग विष्णुको विवाह गराउन असफल भएकी छे । उपन्यासमा पाठकसँग प्रत्यक्ष भेट भइरहने यो पात्र मञ्चीय पात्र हो । सम्पन्न परिवारकी एउटा हठी, स्वभाव भएकी छुद्र नारीकै रूपमा उपन्यासभरि नै परिचित यस पात्र भने तत्कालीन समाजकी एउटी यथार्थ नारीपात्र हो ।

### ४.१.६ मालिक्नी

मालिक्नी यस उपन्यासकी सहायक नारीचरित्र हो । छोटे सरकारकी कान्छी श्रीमतीकी रूपमा उपन्यासमा प्रस्तुत भएकी हुनाले यसलाई कान्छी मालिक्नी भनेर पनि चिनाइएको छ । यो विष्णुहरिकी आफ्नै आमा र उमेशहरि र गुह्येश्वरीकी सौतेनी आमा हो । सौतेनी आमा

३५ ऐजन, पृ. १९ ।
३६ ऐजन, पृ. ३१९ ।

भएर पनि उमेश र गुह्येश्वरीलाई आफ्नो छोरो विष्णुलाई भन्दा पनि बढी स्नेह गर्ने यो पात्र ममतामयी पात्र हो । उच्चवर्गीय नारीचरित्र भएर पनि कुनै दम्भ नभएकी यस पात्र आफ्ना छोराछोरी मात्र नभई बुहारी कनकलाई समेत स्नेह गर्दछे । छोराको साथी गोपालले आफ्नी आमा नभएको बताउँदा आहत हुन पुगेकी यस पात्रमा नारीसुलभ गुण र मातृवात्सल्य प्रवल रहेको देखिन्छ । त्यसैले यो पात्र उपन्यासकी अनुकूल पात्र हो ।

दयावती नारीपात्र मालिक्नी दान, धर्मकर्मप्रति निष्ठावान् रहेकी छिन् । कुल देवताको पूजाआजामा लिप्त रहने परम्परागत मूल्य मान्यताप्रति श्रद्धा राख्ने यो पात्र अलि परम्परित र निष्ठावान रहेकी छे । जन्मभूमि र माटोको माया गर्ने यस पात्रले गोसाइँपुर छोडेकी छैन । मरे पनि यही मर्छु भनी आफ्नो माटोको माया गर्ने मलिक्नीले त्यही गोसाइँपुरमा नै आफ्नो देह त्याग गरेकी छे । यसबाट ऊ स्थिर नारीचरित्र भएको पुष्टि हुन्छ । तत्कालीन समाजकी प्रतिनिधि सासू नभई ऊ आदर्श सासू हो । त्यसै गरी सौतेनी छोराछोरीलाई आफ्नो न्यानो काख दिएर अर्को जन्ममा आफ्नै गर्भबाट जन्माउन चाहने एउटी आदर्श आमा र आदर्श नारी हो । उपन्यासमा उल्लेख्य भूमिकामा नआए तापनि पाठकसँग प्रत्यक्ष हुने यो मञ्चीय पात्र हो ।

समग्र नारीहरूभैँ उसमा पनि नारी सुलभ कोमलता र इच्छाहरू रहेका छन् । उसमा रहेका प्रमुख दुई इच्छामध्ये मृत्यु शैय्यामा छटपटाइरहेको बेला छोरो विष्णुको बिहे गरिदिने इच्छा पूरा भए पनि नाति खेलाउने रहर भने अधुरो नै रहेको देखिन्छ । मृत्यु शैय्यामा नै उसले नव दुलही र छोरालाई आशिक दिई अलिकति भए पनि सन्तोषको सास फेरेकी छ । सन्तान र मातृभूमि भनेपछि ज्यान दिन तयार हुने यो पात्र कोमल हृदय भएकी ममताकी खानी र देशभक्त पात्र हो । यो पात्र यथार्थभन्दा बढी आदर्श पात्र हो । तत्कालीन समाजकी यथार्थ पात्रलाई उपन्यासकारले आदर्शको बाटो हिडाएका छन् । यो पूर्णरूपमा अदर्शवादी पात्र बन्न सककी  छैन । यर्थाथबाट आदर्शतर्फ अभिमुख भएकी  यो पात्र आदर्शोन्मुख याथार्थवादी पात्र हो ।

### ४.१.७ लक्ष्मीकी आमा

लक्ष्मीकी आमा यस उपन्यासकी गौण नारीपात्र हो । काठमाडौँका धनाड्य व्यापारी लेखनाथ बाजेकी श्रीमती र लक्ष्मीकी आमाका रूपमा यो उपन्यासमा उपस्थित भएकी छे । उपन्यासमा यसलाई चिररोगिणी गृहिणी बज्यै भनेर उल्लेख गरिएको छ । छोरी जन्मेपछि आफू ओछ्यानमा परेको र रोग नै साथी भएको बताउने यस पात्र आफ्नी छोरीको अन्तर्व्यथा बुझ्न लागिपरेकी ममतामयी आमा हो । यसको रूप, गुण आदि कुराको वर्णन गरिएको छैन । तत्कालीन पुरुषप्रधान समाजको सम्भ्रान्त वर्गको उसको लोग्ने लेखनाथ बाजेले समेत उसको कुरा काट्न सक्तैनन् भनी उपन्यासकारले उसको वर्णन गरेबाट यो नारीपात्र आदर्शमय रहेको कुरा ठम्याउन सकिन्छ । राणा निकट तथा राणहरूकै सी. आई. डी. लाई आफ्नी छोरी दिन लागेको उसलाई मन परेको छैन । ऊ तत्कालीन राणा वर्गप्रति असन्तुष्ट रहेकी छे । यसबाट ऊ सत् र असल समाज तथा शासनको पक्षपोषक देखिन्छे । आफ्नी छोरी लक्ष्मीको इच्छा अनुरूप शर्मा पुत्र विष्णुसँग बिहे गराउनका लागि उसले पतिसँग निवेदन गरेकी छे । अन्त्यत: उसको इच्छा सफल भएको छ । उपन्यासमा पाठकसँग साक्षात्कार हुने यो पात्र मञ्चीय पात्र हो । राणाहरूको विरोध गर्ने तथा राणाहरूको अवन्नतिको खबर सुन्दा खुसी हुने यो पात्र सत्

पात्र हो । आदर्श समाजको कल्पना गर्ने यो यथार्थ जगत्‌की आदर्शोन्मुख यथार्थवादी नारीपात्र हो ।

### ४.१.८ अन्य नारीपात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिकामा मात्र नभई गौण, अति गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका अति गौण र सूच्य नारीपात्रहरूमा गार्गी उपन्यासमा अप्रत्यक्ष्य रूपमा आएकी अति गौण नेपथ्य पात्र हो । ऊ सुसम्पन्न बाहुनकी छोरी, गहुँ गोरो वर्णकी, स्वाभीमानी एवं शिक्षित नारीपात्र भएको कुरा उपन्यासमा वर्णन गरिएको छ । यसै क्रममा उपन्यासका कथा वस्तुलाई गति दिनका लागि आएका नोकर्नी, परिचारिका, एउटी केटी, र हरिबोधनी एकादशीका दिन पशुपति हिँडेका बृद्धा र युवतीहरू मञ्चीय प्रत्यक्ष्य नारीपात्रहरू हुन् भने कनककी सौतेनी आमा, सम्झनाकी भउजू, सम्झनाकी आमा, सम्झनाकी सासूहरू, बूढी सासू, चुल्हई मिसरीकी छोरी, चमारहरूका छोरीबेटी र चीर रोगिणी बूढीका बहिनी, दिदी र भतिजी आदि नेपथ्य, सूच्य नारीपात्रहरू हुन् ।

## ४.२ 'पाइप नं. २' उपन्यासका नारीपात्रहरू

### ४.२. १ नीलिमा

नीलिमा **पाइप नं. २** उपन्यासकी प्रमुख नारीपात्र हो । उपन्यासको सम्पूर्ण कथावस्तुलाई डोऱ्याउने यस पात्र उपन्यसकी नायिका पनि हो । नीलिमालाई उपन्यासभरि नेली नामले चिनाएको छ । सामान्य परिवारमा जन्मी हुर्केकी नेलीका भाइ बहिनीहरू थुप्रै भएको कुरा उपन्यासमा वर्णित छ । धेरै सन्तान भएका कारण उसका बाबु आमाले उचित लालनपालन गर्न नसेकेकाले उसले अभावपूर्ण जीवन गुजार्न बाध्य हुनु परेको थियो । यही अभावपूर्ण जीवनमा आइपरेका दैनन्दिक आवश्यकता पूर्तिका लागि मात्रै भए पनि उसले वेश्यावृत्तिजस्तो अनैतिक कार्यमा संलग्न हुन परेको थियो । यस्तो बाध्यताका कारण व्यभिचारमा फस्नुपरेको कुरा उसले यसरी व्यक्त गरेकी छे - "........ध्यान भने कहिल्यै व्यभिचारमा थिएन । थियो भने सारी, फ्यासन र पढाइका आवश्यकतामा ।"[२५३] आफ्नै काकाको छोरा दाजुले कुमारित्व लुटेपछि ऊ देहव्यारमा संलग्न भएकी छे । देहव्यापार जस्तो पेशामा लागेर आफ्नो पढाइलाई एम. ए. सम्म पुऱ्याउन सफल यस पात्रले कन्या कलेजमा प्राध्यापन गर्न थालेपछि उक्त पेशालाई त्यागेको पाइन्छ । यस कुरालाई उसले यसरी व्यक्त गरेकी छे - "व्यभिचार-यज्ञ ? तर यसको अर्थ शरीर दुराचार होइन । पैसाको आवश्यकताको लागि त्यो पहिले नै गरिने जति गरियो ।"[२५४] यस कुराबाट उसले आफ्नो अभावपूर्ण जीवनको आवश्यकता पूर्तिका लागि मात्र अनैतिक कार्य गरेको देखिन्छ । अध्यापिका भएपछि जीवन गुजारा चल्न थालेको र उसले यस घृणित कार्यलाई त्यागेको देखिन्छ । पैसाकै लागि गर्नु परेको घृणित कार्यले गर्दा ऊ विनाशतर्फ उन्मुख भई पैसाकै क्षय यज्ञ गर्न थाल्ने बताउँछे ।

---

३७ भवानी भिक्षु, **पाइप नं. २** , (काठमाडौं : साझा प्रकाशन, २०३४), पृ. ५३ ।
३८ ऐजन, पृ. २ ।

"आचारहीनताका सारा क्षेत्रको जरोमा पैसाकै व्यप्ति छैन ?"[२५५] भनी प्रश्न तेर्स्याउने यस पात्रले क्षयको कारण पैसा नै हो भनी आफ्नो तर्कलाई अगाडि सारेकी छे । सारा आचारहीनताका कारण पैसा भएको र यही पैसाका लागि आफ्नो कौमार्यसमेत बेचेर आचारहीन बन्नु परेको पीडा यस पात्रमा रहेको छ । त्यसैले ऊ संसारिक जीवनबाट पलायन हुने बाटोतर्फ उद्यत भई बिहे नगर्ने कुरा व्यक्त गर्दै भन्छे - "हाँसो उठ्छ, यो नेली भन्दैमा बिहे गर्ने हो र ?"[२५६] बिहे नगरेमा नै सुखी हुने धारण उसको छ । बिहे गरेपछि पारिवारिक झमेला, सासू ससुरा लोग्नेबाट आदेश निर्देशन बहन गर्नुपर्ने आदि त्यस्तो बाटोबाट मुक्त रहने नारीमा आफू एक्लो रहेको धारण उसले यसरी प्रस्तुत गरेकी छे - "म बाहेक अरू सारा केटीलाई सुख अवश्यमेव छैन होला । आइमाईको चरमान्त नै बिहा भएको छ क्यारे । तर म बेग्लैकी हूँ । कजिने म होइन । अझसम्म भइन भने अब आफ्नै आग्रहले त्यो बाटो समात्छु र ?"[२५७] यसरी अरूद्वारा कजिन नचाहने नेली बिहे गरेपछि लोग्नेको जातले मायाको बहानामा अन्ततः स्वास्नीलाई कजाउँछ नै भन्ने कुरालाई उसले यसरी व्यक्त गरेकी छे - "लोग्ने भन्ने जातले मायाको घोषणा गरी, मायाको गुरु मन्त्र कानमा सुनाई, सुनको पिँजडामा थुन्छ र मलाई मात्र माया गर्नु भन्छ जसको अर्थ मेरो सुसार गर्नू तृप्त पार्नू ! आज्ञा समेत तुरुन्त पालना गर्नू भन्ने हुन्छ ।"[२५८] बिहेलाई अनिवार्य वेश्यावृत्ति ठान्ने यो पात्र "जरूरत परे अर्धनग्न समेत भएर सारालाई आनन्दित पार्न सक्छु, तर बिहे गरेर अनिवार्य वेश्यावृत्ति गर्न सक्तिन"[२५९] भन्दै बिहे नगर्ने हठ गर्छे । यसबाट ऊ हठी, जिद्दी र घमण्डी स्वभावकी नारीचरित्र भएको पुष्टिभएको छ ।

लोग्नेले मायाको नाममा चलाउने हैकमका विरुद्धमा देखिएकी यस पात्र परम्परागत मूल्य र मान्यताप्रति विद्रोह गर्ने बिद्रोही स्वभावकी चरित्र पनि हो । यही परम्परा भिन्न कार्य गर्ने सन्दर्भमा नारीमाथि हैकम चलाउने पुरुषको चाकरी चाप्लुसी नगर्ने घोषण गर्दै ऊ भन्छे - " ......पुरुष मानिसहरूसँग बस्नु र तिनीहररुको चाकरी चाप्लुसी गरिरहन मन पर्दैन, तिनीहरूले पो मेरो चाकरी गर्नुपर्छ । त्यसैले सोच्दैछु, कामचाहिँ आइमाईसँग गर्ने र चाकरीचाहिँ लोग्ने मानिसलाई गराइराख्ने ।"[२६०] यसरी ऊ पुरुषप्रति रूष्ठ हुनुको कारणमा त्यही पुरुष जातिबाट आफ्नो कौमार्य लुटिएको इगो नै हो । यही इगोको कारण उसमा बिहे नगर्ने चाहना छाएको देखिन्छ । "नेली पिँजराकी चरी होइन आकाशमा उड्ने स्वतन्त्र पंक्षी पो त !"[२६१] भनी आफू जुनसुकै कुरामा स्वतन्त्र रहेको बताउने नेली आफ्नो स्वको परिपूर्तिका लागि व्यक्ति स्वतन्त्रता रुचाउने अस्तित्ववादी पात्र हो । ऊ जिम्मेवार, कर्तव्यनिष्ठ र निडर स्वभाव भएकी चरित्र हो । यस कुराको पुष्टि एउटी प्राध्यापिका साथीसँग उसले बताएका कुराबाट भएको छ - "पैसा भने यिनैको खाएको छु र राम्ररी पढाउने लेखाउने जिम्मेवारी पनि बोकेको छु ।.........

३९ ऐजन, पृ. २ ।
४० ऐजन, पृ. ३ ।
४१ ऐजन, पृ. ३ ।
४२ ऐजन, पृ. ३-४ ।
४३ ऐजन, पृ. ५ ।
४४ ऐजन, पृ. ५ ।
४५ ऐजन, पृ. ८ ।

चाकरी कसैको पनि गर्दिन, डर पनि कसैको छैन ।"[२६२] युवकसँग मिलेर क्षय यज्ञ गर्ने क्रममा सूचिकार युवक क्लार्क बैदारसँग सूचिकार्नी प्रध्यापिकाको बिहे गराई चर्चा कमाउने नेली प्रखर वक्ता पनि हो । होटलमा समाज सेवाका नाममा सम्पत्ति उडाउन चाहने युवक बम्भोलाको प्रायोजनामा भव्य कार्यक्रम गरी उसले दिएको मन्तव्य तथा कलेज निरीक्षणका क्रममा शिक्षामन्त्रीको आगमन हुँदा भएको भव्य कार्यक्रममा उसले प्रस्तुत गरेका धारणाहरूबाट उक्त कुराको पुष्टि भएको छ । ऊ हरेक विषयमा पृथक् र तर्कसम्मत धारणा राखी अरूलाई तल पार्ने खूबी भएकी तर्कशील नारीचरित्र हो । उसले जीवनजगत्का विविध पक्ष लोग्ने, बिहे, नारी, दाम्पत्य, दुलाहा, यौन, दूराचार आदिका विषयमा पृथक् धारणाहरू प्रस्तुत गरेकी छे । उसले व्यक्त गरेका विचारहरूको सर्वेक्षण गरी सारांसमा प्रस्तुत गर्नुपर्दा - लोग्ने भनेको स्वास्नीमाथि माया प्रेमका बहानामा आधिपत्य जमाउने मानिस, प्रेम भनेको परम सत्य अनि जीउको लागि वायवीय तत्त्व, दाम्पत्यचाहिँ प्रेमको सुनिष्ठ माध्यम, बिहा भनेको अनिवार्य वेश्यावृत्ति तथा पुरुष वर्गले अनगिन्ती परोक्ष-प्रत्यक्ष मनोवैज्ञानिक र शारीरिक रूपमा फकाएर, डराएर वा कुटेर गर्ने अनेक खालका तिकडम आदि ।

हरेक विषयमा पृथक धारणा राख्ने यस नारीपात्रका धारणाहरू रोचक र घतलाग्दा पनि छन् । वास्तविक प्रेम भनेको लोभ, लालच सुखभोगको इच्छारहित हुनुपर्छ भन्ने कुराको पुष्टि उसले होटलमा भएको भव्य कार्यक्रममा यसरी बताएकी छे - " ..........जन्मने बित्तिकैको गाईको बाछो हेर्नुभएको छ भने प्रेमको व्यञ्जित दर्शन पाउनु भएकै छ । बाछोसित केही पाइने हैन, केही आश रहँदैन, कुनै शारीरिक सुख वा प्रलोभनको कुरै छैन । तैपनि त्यस शिशु बाछोको लागि गाई विह्वल रहन्छ । मानिसको बच्चा-आमामा पनि त्यो रहन्न । बच्चा जन्मिने बित्तिकै लोक, परलोक, समाज, सुख, लोभ, लालसाका अनेकौं प्रलोभना उत्तिनैखेरि मानिसका आमा-बाबुमा विजडित हुन आउँछन् तर गाई-बाछोको वायवीय प्राणको उब्जनी...... "[२६३] यसरी मानिसले गर्ने प्रेम हरतरहले स्वार्थपूर्ण रहेको र निस्वार्थ हुन नसक्ने उसको यस धारण घतलाग्दो रहेको छ । यही क्रममा रामसीताका आदर्श प्रेमका बारेमा उठेका प्रश्नलाई उनको उत्तर यस्तो रहेको छ - "अयोध्यामा छउन्जेल, रामकी स्वास्नीले गृहस्थी चलाउन्जेल, सासू, ससुरा र लोग्ने देवरहरूको सेवा गरून्जेल, रामायण थियो रामजीको घरको विवरण । अवश्यै वर्णन थियो ललित तर साहित्य त्यतिन्जेल कहाँ थियो ? वाल्मिकि, तुलसी, भानुभक्त र त्यस्तै अन्यलाई पनि जब कथामा सहित्यले लेखक हृदयलाई गिज्यायो, च्वाट्टै तिनीहरूले कैकेयी, मन्थराबाट सृजित गरे दुर्नीति र दुष्ट्याइँ अनि भगाए रामलाई वनमा । प्रवाहित गरे करुण रस । अनि सर्न थाल्यो साहित्य । त्यसलाई क्लाइमैक्समा पुऱ्याए रामकी स्वस्नीलाई रावणको साथ भगाएर । अनि त बग्यो साहित्यको प्रवाह प्रवल धारा । फेरि सृजित भयो भीषण युद्ध । अनि अन्तको चरमातिमर्मको लागि सृजना गरे एउटा दुर्मुख धोबी र जडान गरे लोकापवाद । अहिले रावण होइन कि मर्यादा पुरुषोत्तमबाट भगाउन लगाए बिचरी सीतालाई वनमा । वनमा मिले, भेटिए बाल्मिकी । अनि त उनले पारि नै छोडे राम कहानीलाई साहित्य र सत् दुवै । अर्थात् प्रतिभा पुरुषको प्रतिभा कौशलको चरमोत्कर्ष । प्रतिभाकै हुन् सारा खेला ।"[२६४] यसबाट

४६ ऐजन, पृ. ६ ।
४७ ऐजन, पृ. १९ ।
४८ ऐजन, पृ. २० ।

के बुझिन्छ भने सीताले रामको गृहस्थी चलाउञ्जेल मात्र रामायण रामायण नै भएको, वास्तविक भएको तर पछि प्रतिभा पुरुषका कौशलले साहित्य बन्न गएको रामायणमा लोकापवादको डरले सीतालाई वनमा लखेट्ने राम र सीताको प्रेमलाई आदर्श प्रेम भन्नेहरू तर्फ औँला ठड्याउँदै पुरुषले नारीमाथि गरेको अत्याचारप्रति घुमाउरो व्यङ्ग्य गरेकी छिन् । रामायण, भागवत पुराणजस्ता ग्रन्थले नारीमाथि गरेका अन्याय अत्याचारदेखि लिएर विद्यमान समाजमा पनि नारीमाथि गरिने खेलवाडलाई नै प्रेम, आदर्श प्रेम भनेर गलत अर्थ लगाउने र त्यसका पछि दौडने प्रवृत्तिमाथि यिनी असहमत देखिन्छन् । परम्पराभिन्न यस पात्रका केही धारणा असामाजिक खालका देखिए पनि यथार्थ जगतमा भएका र हुने गरेका यस्ता दुर्नियतिप्रति प्रखररूपमा आफ्ना धारणाहरूलाई प्रस्तुत गर्ने यस पात्र तत्कालीन समाजकी यथार्थवादी नारीचरित्र पनि हो ।

बिहे नै नगर्ने कुरा गर्दा असामाजिक पात्रझैँ लाग्ने यस पात्रले सूचिकार्नी अध्यापिकाको बिहे गराइदिएकएले यो सामाजिक पात्र भएको प्रमाणित भएको छ । आफू स्वतन्त्र भएको बताउने नेलीले बिहे नगर्ने निर्णय गर्नु उसको व्यक्तिगत स्वतन्त्रता हो । सूचिकार दम्पतिको विवाह गर्ने क्रममा आयोजित भव्य भोजमा “भोज प्रारम्भ सहकर्मीणीद्वारा नै हुनु पर्छ ।”[२६५] भनि सूचिकार्नीद्वारा भोज चलाएर जातीय विभेदको उन्मुलनतर्फ लागेकी यो चरित्र प्रगतिशील चरित्र पनि हो । सूचिकार दम्पत्तिको पुनर्विवाह गराउने क्रममा लागेकी नेली अतिरञ्जनात्मक पात्रझैँ पनि लाग्छे । तर सूचिकार्नी अभाव ग्रस्त जीवन र खाली (सरसामान रहित) घर देखेर बिहे गराई सारा गिफ्ट बटुलेर घर भर्ने योजन तथा प्रिन्सिपल माथिको इगोका कारण प्रिन्सिपललाई तमासा देखाउनका लागि उनले गरेका यस्ता कार्यबाट ऊ अतिरञ्जनात्मक पात्र नभई यथार्थ पात्र भएको बुझिन्छ । वैचारिक र व्यवहारिक  दुवैरूपमा यो पात्र सामान्य नारीभन्दा भिन्न देखिए पनि उपन्यासमा उसले गरेका तर्क र कार्यहरू वर्णनीय नै छन् । त्यसैले यो पात्र अनुकूल पात्र हो ।

यो विसङ्गतिवादी पात्र पनि हो । जीवनको विसङ्गत र विवशतालाई स्वीकार्दै उसले भनेकी छे - “हामी विवश छौँ जो भएका छौँ, जो हुनलाई विवश छौँ ।”[२६६] जीवनका विवशतालाई स्वीकार्नुपर्ने बाध्यता रहे तापनि भाग्यमाथि विश्वास गरी निरासालाई आसामा परिवर्तन गरी जीवन जीउनु पर्ने भाग्यवादी नारीचरित्र नेली भन्छे - “ ......... बाँचेकै छु । मेरो अगाडि तपाईँ र बुबा पनि जानुहुनेछ । पछि साराका आ-आफ्ना भाग्य ।”[२६७] लोग्ने मान्छे दुई खालका हुने आफ्नो धारणाबाट नै बम्भोला कुन खालको होला भन्ने कुराले हठात् उसमा मनोद्वन्द्व चलेको छ । यही अन्तर्द्वन्द्वबाट “रिक्तता जीवनको क्षय हो ।”[२६८] भन्ने कुरा ठम्याई बिहे गरूँकी भन्ने सोच उसमा उब्जिएको छ । लोग्ने प्रवृत्ति भन्दा दुलाहा प्रवृत्तिको पुरुषलाई रुचाउने नेलीले बम्भोला दुलाहा प्रवृत्तिको भएको मनमनै ठम्याएकी छे । यसरी अन्तर्चेतनाबाट नै बम्भोलालाई मन पराउन पुगेकी यस चरित्रले बिहे नगर्ने सोचलाई पुनर्विचार गर्न थाल्नुले यो पात्र गतिशील भएको ठहर्छ । जीवनको रिक्ततालाई अनुभव गर्दै अन्त्यत: उसको मनसिकता

४९ ऐजन, पृ. २२ ।
५० ऐजन, पृ. ६३ ।
५१ ऐजन, पृ. ५२ ।
५२ ऐजन, पृ. ५७ ।

परिवर्तन भएको छ । बिहे नगर्ने हठ लिएकी यो पात्र दुलाहा प्रवृत्तिलाई ठिक भन्दै फ्रयडेली क्षतिपूर्ति सिद्धान्तको संवरण गर्न पुगेकी मनोवैज्ञानिक पात्र हो । स्वावलम्बी जीवन भएपछि दुराचार त्यागी आफूले बिगतमा गरेका कुकार्यको मोचनका लागि लागिपरेकी नेलीको क्षय-यज्ञको सहयोगी पुरुषसँगको सम्बन्धलाई समाजले यौनसँग जोडेर अर्थ्याएको देखिन्छ । तर क्षय-यज्ञको क्रममा सहकार्य हुँदा नजिकिएको युवक बम्भोलालाई निकट हुँदा हुन रोक्दै सम्भावित खतराबाट बच्न युवकलाई उसले भनेकी छे - "नजिकै सँगै टाँसिएर बस्दा खतराको सम्भावना हुन्छ,…………अनुहार नजिकै हुँदा म्वाइँ खान ओठ फर्फराए भने ?"[२६९] यसरी युवकसँग बचेर हिडेकी नेली सुरुदेखि नै बम्भोलाप्रति आकर्षित पनि रहेकी छे । यस कुराको पुष्टि उसले बम्भोलालाई व्यक्त गरेका कुराहरूबाट स्पष्ट भएको छ । यस प्रसङ्गमा युवकले नेलीलाई तिमी बिहे गर र मलाई पनि एउटी दुलही खोजीदेऊ भन्दा उसको भनाइ यस्तो रहेको छ - "बम्भोलालाई सजिलैसित नेलीले कुनै रक्ष्यानको राशीमा पाएकी हो र निर्दायित्व, निर्स्वामित्वको मालझैँ उठाएर ल्याएकी हो ? फेरि त्यो त्यस्तो माल जसलाई कुनै बखत कसैले हेर्न पाउँदा भन्न सक्छ 'ए यो त मेरो माल पो त !' औ अवाक् भई माल त्यसैलाई नेलीले सुम्पिदिनेछ होइन ?"[२७०] यसबाट युवकलाई नेलीले चाहेको तथा हालसम्मको संसर्गले ऊ आफ्नै भएको भनी दाबी गरेकी छे । त्यसपछि युवकले आफैँसँग बिहे गर्ने प्रस्ताव राख्दा बिगतमा अभावपूर्ण जीवनमा बाध्यताबस गर्नुपरेको वेश्यावृत्ति र आफ्नै काकाको छोराबाट यौनको सिकार बन्नु परेको कारणले आफू अपवित्र भएको कुरा उसले आद्र हुँदै बम्भोलाको काखमा घोप्टिएर रूँदै उसलाई यसरी बताएकी छे - "भोलेनाथ, नेली तिम्रो लायक छैन । शुचिता कदाचित् उसले पाएकी होली, पबित्रता अहिलेसम्म लब्ध भएको छैन । संसारै छले पनि तिमीलाई छल्दिन मेरो बम्भोला । तिमीलाई थाहा छैन, एकेक गरी र कतिका तीक्ष्णका साथ मेरो पबित्रता अपहरणको त्यस दिनहरू म सम्झन थाल्छु, जुन दिन मेरै काकाको छोरो पर्ने दाजुले मलाई अपवित्र पाऱ्यो । त्यसपछिका अवित्रताको सीमा छैन । मस्तिष्कमा रहे पनि सम्झन काम्दछु । अनि कदाचित् कुनै पूर्व पुण्यले नै होला, तिमीलाई पाएँ । त्यसै दिनदेखि तपस्या र प्रक्षालन दुवै चालु छन् ।"[२७१]

युवक प्राप्त गर्नुलाई आफ्नो अहोभाग्य ठान्ने नेली होटलको भव्य कार्यक्रम भएको रात युवकको घरमा युवकले नेकलेस पहिराइदिएको दिनदेखि हृदयमा प्रेम उर्लेको कुरा पनि उसले त्यसै क्षण बताई । आफ्नो सम्पूर्णता नै त्यस युवकलाई मान्न पुगी युवकलाई आफ्नो वास्तविकता छर्लङ्ग पार्ने नेली त्यस युवकसँग बिहेका लागि अपवित्र नै रहेकाले आफू चोखिने वा प्रक्षालनका क्रममा रहेको र प्रक्षालन भएपछि मात्र वरण गर्ने अधिकार पाउने कुरा बताउँदै बम्भोलालाई अँगाली म्वाइँ खान पुग्छे । यसरी अत्यतः अचेतनमा रहेको बम्भोलाप्रतिको आकर्षणले चरमता प्राप्त गर्न पुग्छ । उपन्यासमा सुरुदेखि नै बम्भोलासँग सहकार्य (क्षय-यज्ञ) गरी निकट भएकी यस पात्रको उक्त युवकप्रतिको आकर्षण अचेतनमा रहेको कुरा अन्त्यमा युवकलाई अँगालेर म्वाइँ खाएपछि स्पष्ट भएको छ । यसरी ऊ उपन्यासभरि नै मनोवैज्ञानिक पात्रका रूपमा स्थापित भएकी छे ।

---

५३ ऐजन, पृ. २५ ।
५४ ऐजन, पृ. ६६-६७ ।
५५ ऐजन, पृ. ६७-६८ ।

यस नारीचरित्रकै जीवनवृत्तमा घुमेको औपन्यासिक कथावस्तुले गर्दा उपन्यास नारीप्रधान बनेको छ । उपन्यासभरि पाठकसँग प्रत्यक्ष्य हुने यो मञ्चीय पात्र हो । अभावग्रस्त जीवनमा बाँच्न र आफ्नो जीवन गुजारा गर्नकै निमित्त नेलीले बाध्य भई शरीर बेच्नु परेको र आफ्नै काकाको छोराबाट यौनको सिकार बन्नु परेको जस्ता प्रमुख दुई कारणबाट नारी मर्ममथि वा नेलीको अहंमाथि परेको चोटका कारण ऊ विक्षिप्त बनेकी छे । माया प्रेमलाई स्वार्थ मात्र ठान्ने नेली नारीशुलभ स्वभाव विपरीत बन्नुको कारण पनि उसको अहंमा परेको आघात नै हो । नारी मायाबाट विमुक्त नहुने कुरा अन्त्यतः उसले स्वीकारेकै छे तर पनि आफूले गरेका पापको प्रक्षालनपछि मात्र आफू माया प्रेमका लागि पवित्र हुने धारणा उसको रहेको छ । उपन्यासमा सामान्य पारिवारकी प्रतिनिधिका रूपमा उपस्थित यो पात्र वर्गीयपात्र हो ।

### ४.२.२ अन्य नारीपात्रहरू

प्रमुखपात्र नेलीकै केन्द्रीयतामा उपन्यासको कथावस्तु अगाडि बढेको देखिन्छ । उसले क्षय-यज्ञ गर्ने क्रममा आएका नारीपात्रहरू तथा उसका क्याम्पसका शिक्षिका साथीहरू, प्रिन्सिपल र उसकी आमा आदिले उसको प्रमुख भूमिकामा रहेको कथावस्तुलाई अगाडि बढाउन सहयोगी भूमिका निर्वाह गरेका छन् । ती पात्रहरू कुनै उल्लेख्य भूमिकामा नभइ गौण भूमिकामा उपन्यासमा उपस्थित भएका छन् र केही पात्रहरू सूचित पात्रका रूपमा पनि रहेका छन् । यस्ता गौण भूमिकामा रहेका पात्रहरूमा सूचिकार्नी अध्यापिका, प्रिन्सिपल र नेलीकी आमा प्रमुख रहेका छन् ।

क्षय-यज्ञकी मूल विषयका रूपमा आएकी सूचिकार्नी अध्यापिका गरिब परिवारकी वर्गीय चरित्र हो । ऊ मञ्चमा प्रस्तुत हुने मञ्चीय पात्र पनि हो । लोग्नेले रक्सी खाएर आउँदा पनि केहि भन्न नसक्ने यो पात्र सरल देखिन्छे । आफ्नो कमाइबाट नै व्यवहार चलाइरहेको बताउने यो स्वनिर्भर पात्र पनि हो । सामान्य वर्गकी प्रतिनिधि यो वर्गीय पात्र पनि हो । उपन्यासमा कुनै महत्त्वपूर्ण भूमिकामा यसको उपस्थिति नभए पनि घटनाक्रमलाई अगाडि बढाउनमा यो पात्र माध्यमका रूपमा आएकी छे । त्यसैले यो पात्र औपन्यासिक घटनाका लागि महत्त्वपूर्ण साबित भएकी छे ।

त्यस्तै अर्की पात्र प्रिन्सिपल हो । ऊ सुरुमा नेली विपरीत देखिएकी भए पनि पछि नेलीका कुराहरूमा समर्थन जनाउन पुगेकी छे । त्यसैले यो गतिशील चरित्र हो । नेलीले गरेका वर्णनमा चालिस कटिसकेर पनि पारदर्शी र तडकभडक गोचर हुने पहिरनमा ठाँटिई हिड्ने यस पात्रका आदर्श र व्यवहार फरक देखिन्छन् । त्यसैले यस पात्रलाई द्वैध चरित्र भएकी पात्र मान्न सकिन्छ । यो मञ्चीय पात्र हो ।

त्यसै गरी अर्की नारीचरित्र नेलीकी आमा हो । ऊ गरिब परिवारकी प्रतिनिधि आमा, वर्गीय चरित्र हो । आफ्नो इज्जत प्रतिष्ठाको ख्याल राख्ने यस पात्रले आफ्नी छोरीलाई बिहे गर्नुपर्ने सल्लाह दिएकी छ । नेलीलाई "तेरो घुमाउरो कुरा बुझ्दिन ।" भन्ने यस पात्र सरल, निश्चल र अनपढ देखिन्छे । सरल अशिक्षित आमाहरूकी प्रतिनिधि यो पात्र मञ्चीय पात्र हो ।

यससँगै उपन्यासमा एउटी प्राध्यापिका भनेर बीचबीचमा उपस्थित भएकी पात्र पनि छे, जो नेलीसँग प्राध्यापिका प्रिन्सिपल तथा अन्य विषयमा नेलीका धारणा सुन्ने र जिज्ञासा

राख्ने क्रममा प्रस्तुत भएकी छे । होटलमा भएको भव्य कार्यक्रममा प्रेम, आदर्श-प्रेम बारे प्रश्न गर्ने छात्राहरू तथा हुटिङ् गर्दै नेलीका भनाइको समर्थन गर्ने छात्राहरू र अध्यापिकाहरू आदि अतिगौण भूमिकामा देखिएका छन् । अतिगौण भूमिकामा आएका यी नारीपात्रहरू मञ्चीय पात्र हुन् । यसमध्ये बम्भोलाकी आमा, नेलीका बहिनीहरू सूच्य तथा नेपथ्य नारी पात्रहरू हुन् । यी सम्पूर्ण पात्रहरूले उपन्यासलाई गति दिएका र प्रमुख नारीचरित्रलाई प्रत्यक्ष्य र अप्रत्यक्ष्य भूमिकाबाट सहयोग गरेका छन् । तसर्थ यी सबै नारीचरित्रहरू उल्लेखनीय रहेका छन् ।

## ४.३ 'सुभद्रा बज्यै' उपन्यासका नारीपात्र

### ४.३.१ सुभद्रा बज्यै

**सुभद्रा बज्यै** लघु उपन्यास हो । यस उपन्यासकी प्रमुख नारीचरित्र सुभद्रा बज्यै हो । उसकै केन्द्रीयतामा उपन्यासको कथावस्तु विन्यस्त भएको छ । करुणाकर बाजेकी श्रीमतीका रूपमा रहेकी यस पात्र पछि खेमानन्दसँग पोइल गएकी छे । सम्पन्न, सम्भ्रान्त परिवारका पाका उमेरका बूढासँग बिहे भएपछि लोग्नेले जग्गा-जिमीदारी, घर-गृहस्थीको अभिभारा सुम्पिदा कलिली सुभद्रा बज्यै दयित्वबोधले तर्सिएकी पनि थिई । क्रमशः व्यवहार बुझ्दै गएपछि यिनी व्यवहारकुशल नारी बन्न पुगेकी छिन् । जिमीदरीका चाकरी गर्नेहरू मध्ये खेमानन्द एक थियो । उसले बज्यैको दयालुपनको फाइदा उठाइरहेको थियो । यो कुरा करुणाकर बाजेकी बहिनी र अन्य चाकरहरूलाई मन परेको थिएन । त्यसैले खेमानन्द र सुभद्रा बज्यै बीचको सम्बन्धलाई अनैतिक भनी अफवाह फैलाइयो । यो कुरा करुणाकर बाजेले थाहा पाई सुभद्राको गालामा दुई चड्कन लगाएका थिए । यही चोटका साथै समाजले लगाएको आक्षेपले गर्दा ऊ खेमानन्दसँग पोइल गएकी हो । यसरी तुरुन्त निर्णय गरी सहजै खेमानन्दलाई अँगाल्न पुग्नुले यो पात्रका अचेतनले खेमानन्दलाई चाहेको कुरा स्पष्ट हुन्छ । यो निर्णय उसका लागि घातक साबित भएको छ ।

उपन्यासको सुरुदेखि अन्त्यसम्म आएकी यस पात्र मञ्चीय पात्र हो । आफ्नो निश्चलपनको फाइदा उठाएको समेत थाहा नपाउने यो पात्र सरल छे । यही सरलताको फाइदा खेमानन्दले उठाउनाले उनीमाथि अनैतिकताको प्रश्न खडा भई जीवन खण्डित बन्न पुगेको छ । भावीले पन्ध्र वर्षे उमेरमा चालिस वर्षे बूढासँग सम्बन्ध जोरिदिएपछि ऊ लोग्नेको सेवा टहल, दान, पुण्यका कार्यमा लागेकी छे । खेमानन्द नामक व्यक्तिसँग नजानिदो रूपमा निकट हुनुको कारण अनमेल विवाहले आपूर्ति गर्न नसकेको यौन नै हो । तर यौनका दृष्टिमा यो सभ्य, सालिन र भद्र नारीचरित्र हो । दान दातव्यमा यो पात्र खुलेर लागेकी छे । गरिब छात्र, अनाथ केटाकेटी, असहाय मानिस, अनेक जातका आइमाई इत्यादिको हेरचाह गर्ने, सहयोग गर्ने यो पात्र सहयोगी तथा समाजसेवी नारीपात्र हो । दान दातब्य र सेवा टहलमा लागेर अचेतनमा रहेको कामवासनालाई भुलाइरहेकी यस पात्रले खेमानन्दलाई नै आफ्नो आकर्षणको बिन्दू बनाएकी छ । सामाजिक कलङ्क र बाजेको चड्कनपछि चरमतामा पुगी उसको अचेतनमा दबेर रहेको वासना विष्फोट भएको देखिन्छ ।

अचेतामा दबिएर रहेको वासना विष्फोट भई खेमानन्दलाई अँगाल्न पुगेपछि ऊ झन् विक्षिप्त भएकी छे । सम्भ्रान्त परिवारका बाहुनकी श्रीमती भएर एउटा तल्लो वर्गको व्यक्तिसँग पोइल गई बाहुनको इज्जतमा दाग लगाएकोमा ऊ पश्चाताप गर्छे । दानपुण्यका लागि बाजेले

उनको नाउँमा गरिदिएको शंकर नगर गाउँमा आँखा गाडेकोले गर्दा उनी खेमानन्दलाई पनि छोडेर हिड्ने तयारीमा रहेकी देखिन्छिन् । खेमानन्दले आफ्नो रूप जवानीलाई भन्दा पनि शंकर नगर त्यही जग्गाका लागि आफूलाई स्वीकारेको तथ्य खुल्न आएपछि उनमा खेमानन्दप्रति पलाएको आशा मरेको छ । यस बेला उसका मनमा एकातिर बाजेलाई छोडेकोमा र अर्कोतिर खेमानन्दले आफूलाई जग्गाकै लागि वरण गरेको खुलासा भएकाले अन्तर्द्वन्द्व चलेको छ । यसबाट ऊ मनोद्वन्द्वात्मक पात्र भएको प्रमाणित भएको छ । खेमानन्दले आफ्नो रूप जवानीलाई भन्दा पनि शंकर नगर त्यही जग्गाका लागि आफूलाई स्वीकारेको कुराले उसको अहंमा चोट पुगेको छ । व्यक्तिगत निर्णय गरी खेमानन्दलाई वरण गर्न पुगेकी यस चरित्र अस्तित्ववादी नारीचरित्र पनि हो । यस पात्रको स्वको रक्षा हुन नसक्दा यो विसङ्त पनि बन्न पुगेकी छे । आफ्ना  निर्णयहरूलाई पटक पटक परिवर्तन गरी जीवनको एक मोडबाट अर्को मोडमा पुग्दै पछुत्ताउँदै गर्ने यो पात्र गतिशील पात्र हो ।

खेमानन्दलाई पनि त्यागेर शंकर नगर बाजेकै नाममा राजिनामा दिन आतुर यो पात्रमा धन सम्पत्तिप्रति लालच छैन । आफूले बाजेलाई छोडेकामा पश्चाताप गर्ने यस पात्र आफूले गरेको गल्तीको प्रयाश्चित गर्न तत्पर रहेकी छे । समग्र उपन्यासमा यिनको गतिविधिको अध्ययन गर्दा अचेतनमा रहेको अतृप्त कामवासनाले नै अप्रत्यक्ष्यरूपमा यिनलाई घुमाईरहेको छ । जसलाई यिनले समाजमा सामाजिक परिवेशमा दबाएर नै राख्न खोजेकी थिइन् तर अन्त्यतः यो विष्फोटन भएपछि यिनको आन्तरिक जीवन मात्र नभई बाह्य जीवन पनि विचलित बन्न पुगेको छ । समग्रमा यो उपन्यासकी मनोवैज्ञानिक चरित्र भएको स्पष्ट हुन्छ ।

### ४.३.२ सुभद्रा बज्यै उपन्यासका नारीपात्रहरू

सुभद्रा बज्यै उपन्यासकी प्रमुख नारीपात्र सुभद्राकै केन्द्रीयतामा कथावस्तु अगाडि बढेको छ । सुभद्राबाहेक अन्य पात्रहरू उल्लेख्य भूमिकामा आएका छैनन् । तर पनि यसमा आएका पात्रहरू सुभद्राका सहयोगीका रूपमा आई उपन्यासका घटनालाई गति दिएका छन् । यस उपन्यासमा अति गौण पात्राका रूपमा करुणाकर बाजेकी विधुवी बहिनी आएकी छे । उपन्यासलाई गति दिने क्रममा यो पात्र महत्त्वपूर्ण रहेकी छे । आफ्नै भाउजू सुभद्रालाई आक्षेप लगाउने यो पात्र छुद्र स्वभावकी पात्र हो । त्यसैले यो प्रतिकूल पात्र हो । यो उपन्यासमा पाठकसँग भेट नहुने नेपथ्य पात्र हो । यस बाहेकका अन्य सूच्य नारीपात्रहरूमा करुणाकर बाजेकी दिवङ्गत जेठी श्रीमती, खेमान्नदकी जेठी श्रीमती, आइमाई, केटीहरू आदि रहेका छन् । यी सम्पूर्ण पात्रहरूले प्रत्यक्ष्य र अप्रत्यक्ष्यरूपमा लघु आयामको यस उपन्यासलाई महत्त्वपूर्ण बनाएका छन् ।

## ४.४ 'सुन्तली' उपन्यासका नारीपात्रहरू

### ४.४.१ सुन्तली

**सुन्तली** उपन्यासकी प्रमुख नारीपात्र सुन्तली  हो । उपन्यासको सम्पूर्ण कथावस्तुलाई डोऱ्याउने यस पात्र उपन्यसकी नायिका पनि हो । स्याङ्जा जिल्लाको नौडाँडामा जन्मेकी यो पात्र धर्मेकी छोरी तथा शिवशङ्कर अधिकारीकी बालशखा हो । बाल्यावस्थामा सिगाने फाहोरी र च्यतिएको चोलो लगाएकी पात्रका रूपमा यसको वर्णन गरिएको छ । पछि नौडाँडा पहाडमा

वर्षे साल आउने र मिठामिठा चिजहरू बाँडेर सबैको प्रिय बनेको लाहुरेद्वारा ऊ कलकत्ता शहरमा बाल्यकालमा नै बेचिएकी छे । बेश्यालयकी सञ्चालिकाले उसलाई छोरीसरह पालेकी छे । घरमै शिक्षक राखेर पढाएकी पनि छे । यसबाट ऊ साक्षर पात्र भएको देखिन्छ । त्यतिात्र नभई ऊ बेश्यालयको घृणित कार्यबाट पनि बचेकी छे । वेश्यालयकी सञ्चालिकालाई उसले आमा भनेकी र उक्त आमाले उसलाई आफ्नै छोरी सरह माया ममता दिई हुर्काएकी, लालन पालन र शिक्षा समेत दिई बिहे पनि गराइदिएकी छे । यस क्रममा उसको बिहे एक धनाड्य बङ्गालीको छोरासँग भएको छ । यसबाट सुन्तली बेचिएर पनि वेश्यालयको कठोरीमा यातना खप्नुको साटो वेश्यालयकै मालिक्नीद्वारा मातृवत् व्यवहार पाएकी एउटी काल्पनिक कथाकी पात्रझैँ लाग्दछे ।

अतिरञ्जित लाग्ने यो पात्र तत्कालीन ग्रामीण समाजकी निश्छल, कोमल र अनपढ बालिका हो । अभाव र गरिबीमा पिल्सिएकी बाल्यजीवनमा मिठो खाने र राम्रो लगाउने प्रलोभनमा परी ऊ कलकत्ताको कोठीमा बेचिएकी पात्र हो । यस समाजबाट लाहुरेजस्ता व्यक्तिद्वारा बेश्यालयमा पुऱ्याइने सोझीसिधी वर्गकी प्रतिनिधि पात्र हो । फरक यति मात्रै कि ऊ बेचिएकी अन्य चरित्रझैँ नरकमा परेकी छैन । त्यसैले यो पात्र भाग्यमानी पात्र हो । उसमा बालसुलभ गुण रहेका छन् । उसको यही बालापन र चञ्चलतादेखि कोठी मालिक्नी प्रभावित भएकी छे । गाउँमा छँदा ऊ सानी र फोहोरी पात्र भएकी, कलकत्ता पुगेपछि जवान बन्दै गएकी यस पात्रको वर्णन यसरी गरिएको छ - " पैन्ट, जर्सी-स्ट्रा, ह्याट धारी प्रगल्भ सुन्दर, परम स्वच्छ, परम पवित्र, परम आधुनिक सुषमा"[२७२] यसरी रूप र सौन्दर्यलाई स्वच्छ र परिष्कृत बनाएकी नौडाँडाकी सुन्तली कलकत्ता पुगेपछि सुषमावाला भएकी छे । यसपछि यो पात्रले आफ्नो गरिब परिवारलाई गोप्यरूपमा पैसा पनि पठाएकी छे । बर्षेनी उसले पठाएको पैसाले उसको बाबुले घरका भित्ता चम्काउने र घरको तला थप्ने काम गरेको छ । यसरी ऊ आफू बेचिएपछि पनि आफ्नो घर परिवारको गरिबीलाई निर्मूल पार्न लागिपरेकी छे । यसबाट ऊ आफ्नो घर परिवारप्रति उत्तरदायी नारीचरित्र भएको स्पष्ट भएको छ ।

यस पात्रका जीवनमा विभिन्न मोडहरू आएका छन् । यी मोडहरूमा यो पात्र विक्षिप्त बन्न पुगेकी छे । लाहुरेको प्रलोभनमा परी बेश्यालयमा पुग्नु र बङ्गालीसँग बिहे हुनु यसका जीवनका प्रमुख मोड हुन् । यी मोडहरूमा ऊ साह्रै मर्माहत भएकी छे । यो कुरा उसले शिबूसँगको भेटमा यसरी व्यक्त गरेकी छे - "लाहुरे पनि एक दुई पटक आएको थियो तर उसित भेट्नु निरर्थक र घिन लाग्ने भएर भेटिन बरू उसले नै एक पटक सप्रयास मसित भेट्यो । भेट्दा आमा-बुबाका कुरा, नौडाँडाका कुरा सोधेँ । उसले भन्यो, ठिकै छ, रुपियाँ पैसा पठाउनु छ भने देऊ, पुऱ्याइदिन्छु, सुनेर उसको मुखैमा थुक्ने इच्छा भयो तर बोलिन ।"[२७३] यसरी ऊ आफ्नो गाउँ, आफ्ना आमा बाबालाई सम्झेर तड्पिएकी छे भने आफ्नो यो हालत पार्ने त्यो लाहुरेलाई घृणा पनि गरेकी छे । नौडाँडाको प्राकृतिक परिवेश सम्झँदै बस्नु पर्ने यो बाध्यतालाई

---

५६ गरिमा, बैशाख, २०४०, पृ. ८ ।
५७ ऐजन, पृ. ११ ।

स्वीकार्न विवश भएको कुरा उसले यसरी व्यक्त गरेकी छे - "वर्तमानसँग सम्झौता गर्नैपर्ने जस्तो भयो ।"[२७४] यस कुराबाट यो पात्र विसङ्गतिवादी पात्र पनि हो ।

आफ्नो बालशखा शिवशङ्करलाई उसले दार्जिलिङमा भेटेपछिका संवादमा उसको जीवन वृत्तान्त प्रस्तुत भएका छन् । कलकत्ताको निराश जीवनबाट केही सन्तोष लिन आफ्नो बङ्गाली लोग्नेसँग ऊ दार्जिलिङ आइपुगेकी हुन्छे । त्यहाँ उसले शिबूलाई खबर गर्ने एउटा नेपाली बालकबाट शिबूले उसको चरित्र बारे बुझ्दा ऊ चरित्र नबेच्ने सत् नारीपात्र भएको रहस्य खुलेको छ । त्यति मात्र नभई उसले त्यस बालकलाई असाध्यै माया गरेको र कपडा समेत किनिदिएको कुराले यो पात्र दयालु भएको स्पष्ट भएको छ । त्यसै गरी नेपालीलाई आफ्नै परिवार समान ठान्ने यो पात्र नेपाल र नेपालीप्रति श्रद्धा राख्ने पात्र पनि हो ।

बङ्गलीसँग भएको विवाह उसका लागि सहज देखिँदैन । ऊ आफ्नो बालशखा शिबूलाई भेटेर साह्रै खुसी भएकी छे । शिबूलाई आफू जहाँ पुगेपनि आफ्नो ठेगाना पठाउन नभुल भनी सम्झाउने यो पात्रले उसलाई नै चाहेकी छे । बाल्यकालदेखि नै उसलाई मन पराएको कुरा उसले शिबूलाई खुलस्त बताएकी छे । कोठी सञ्चालिका आमाले घरमै पढाउनका लागि राखिदिएको शिक्षकले आफ्नो फक्रँदो जवानीलाई नियालीरहँदा उसप्रति मन लोभिएको भए पनि त्यस दिन आफूले शिबूलाई नै सम्झेको कुरा उसले यसरी उही शिबूलाई नै बताउँदै भन्छे - "तर शिबू, त्यस दिन पढाएर मास्टर गएपछि मैले तँलाई नसम्झेको होइन । सम्झेको मात्र होइन, दिनभरि नै सम्झिरहेँ । सानै केटी थिएँ , तर त्यो थियो उद्गम । अन्ततः एउटी नारीको उद्गम ।"[२७५] यसबाट उसको अचेतनमा शिवशङ्कर रहेको खुलासा भएको छ । यस कुराले ऊ मनोविश्लेषणात्मक पात्र हो भन्ने छर्लङ्ग हुन्छ । मास्टरले हेरिरहँदा मास्टरप्रति आकर्षण बढ्न पुग्नुबाट पनि यसको पुष्टि भएको देखिन्छ । पाठकसँग साक्षात्कार भइरहने यो पात्र मञ्चीय पात्र हो ।

सुन्तली पहाडी पाखाबाट चुँडिएर कलकत्ता शहरको फोहोरमा मिल्काइएकी सुन्दर फूल हो । यसको जीवन पढेर मर्माहित नहुने कोही पनि छैन होला । त्यसैले यो कारुणिकता जगाउने पात्र हो । यथार्थ जीवनमा घट्ने वास्तविक घटनासँग सम्बद्ध यो पात्र मूलतः मनोवैज्ञानिक पात्र हो । बङ्गालीसँग बिहे भए पनि शिवशङ्करलाई  बाल्यकालदेखि नै मनपराइराखेकी यो पात्र उपन्यासकी नयिका पनि हो । यसका व्यवहारबाट यो उपन्यासकी अनुकूल नारीचरित्र भएको प्रमाणित भएको छ । सिङ्गो उपन्यासका घटनालाई डाऱ्याउने यो पात्र तत्कालीन समाजमा बेचिने नारीहरूकी प्रतिनिधि हो ।

### ४.४.२ मालिक्नी

सुन्तली उपन्यासकी गौण पात्र मालिक्नी हो । सुन्तलीको जीवन मोडमा आएकी यो पात्र उपन्यासमा गौण भूमिकामा देखिएर पनि महत्त्वपूर्ण रहेकी छे । एउटी छोरी जन्मिएपछि लोग्नेको मृत्यु भएको र त्यसपछि आफू असहाय बन्न पुगेकी यो पात्रको जीवन विसङ्गत रहेको

---

५८ ऐजन, पृ. ११ ।
५९ गरिमा, जेठ, २०४०, पृ. ८ ।

छ । जीवन गुजाराका लागि बेश्यावृत्ति अँगाल्न पुगेकी यो पात्र कारुणिक पात्र हो । एकातर्फ अभावपूर्ण जीवनबाट माथि उठ्न उसले गर्नु परेको बेश्यावृत्तिबाट यस पात्रमाथि करुणा उब्जन्छ भने अर्को तर्फ वेश्यालय सञ्चालन गर्न पुगेकीले यस पात्रप्रति घृणा उब्जन्छ । यसको द्वैध चरित्र रहेको छ । सुन्तलीलाई लाहुरेसँग किनेर पनि छोरीकै रूपमा गरेका उसका सम्पूर्ण व्यवहारबाट ऊ कठोर नारी नभई नारी सुलभ गुण भएकी ममतामयी आमा हो भन्ने स्पष्ट भएको छ ।

उपन्यासको घटनालाई गति दिन उपन्यासमा आएकी यो पात्र मञ्चीय पात्र हो । उपन्यासको अन्त्यमा यो पात्रले वेश्यालय सञ्चालन गर्न छोडी अन्तै कतै हिँडी भन्ने सूचनाको वर्णनबाट यो गतिशील पात्र भएको बुझिन्छ । जीवनमा विवश भएर घृणित कार्य गर्न पुगेकी यो पात्र विसङ्गत पात्र हो । शरीर बेचेर गुजारा चल्दाचल्दै पनि वेश्यालय खोल्ने यो पात्र महत्त्वाकाङ्क्षी पात्र पनि हो । वेश्यालय सञ्चालन गर्ने र आफूले खरिद गरेकी केटीलाई शिक्षा, माया दिई हुर्काएर बिहेसम्म गराइदिने यो पात्र आदर्शोन्मुख यथार्थवादी पात्र हो ।

### ४.४.३ सुन्तली उपन्यासका अन्य नारीपात्रहरू

यस उपन्यासका घटनालाई अगाडि बढाउने क्रममा केही सूच्य नारीपात्रहरू पनि उपन्यासमा वर्णित भएका छन् । जसले उपन्यासको कथावस्तुलाई रोचक पनि बनाएका छन् । यस्ता सूच्य पात्रहरूमा शिवशङ्करकी फुपू, फुपूकी छोरी तथा आइमाईहरू, बुहारीहरू, छोरीहरू आदि रहेका छन् । यी सबै पात्रहरू नेपथ्य पात्रहरू हुन् ।

## ५. निष्कर्ष

भवानी भिक्षुका उपन्यासहरूका अध्ययन र विश्लेषण गर्ने क्रममा नारीपात्रमा केन्द्रित हुँदै गरिएको यस शोधकार्यमा भिक्षु र उनका नारीपात्रहरूलाई मात्र अध्ययनको विषय बनाइएको छ । उनले उपन्यासमा कथावस्तुलाई गति दिने क्रममा प्रमुख भूमिकामा यिनै नारीपात्रहरूलाई प्रयोग गरेका छन् । विषयवस्तुहरूलाई एक मोडबाट अर्को मोडमा पुऱ्याउने क्रममा पनि नारीपात्रहरूकै प्रयोगमा रुची देखाउने भिक्षु आख्यानका क्षेत्रमा नारीपात्रलाई शिष्ट र सौम्य तवरले प्रस्तुत गर्ने आख्यानकार हुन् । उनका उपन्यासका नारीपात्रहरू रूप र गुण सम्पन्न, भद्र र शालिन तथा महियसी पनि छन् । यस सन्दर्भमा **आगत**की कनकदेखि लिएर **सुन्तली** उपन्यासकी मालिक्नीसम्मको व्यवहारलाई दृष्टान्तका रूपमा लिन सकिन्छ । व्यवहार कुशल रूप र गुण सम्पन्न कनक धनाढ्य परिवारकी बुहारी हो । उसको रूप र गुण लेखकले वर्णन गरेका छन्, उसको व्यवहार उपन्यास भित्रका सबै पात्रका लागि प्रसंसनीय र अनुकरणीय भएका छन् । त्यसैगरी उपन्यासका पाठक पनि उसको वर्णनीय रूप र उपन्यासका कार्यव्यापारमा प्रस्तुत कुशल व्यवहारबाट आकर्षित नभई रहन सक्दैनन् । यस अर्थमा एउटा अनुकरणीय पात्रका रूपमा कनक **आगत** उपन्यासकी प्रतिनिधि नारी भएर देखिएकी छे । यसरी कुनै पात्रको व्यवहार अन्य पात्र र पाठकका लागि अनुकरणीय बन्न पुग्नुले त्यो पात्र आदर्शोन्मुख यथार्थवादी भएको कुरा पाश्चात्य साहित्य सिद्धान्तले प्रस्तुत गरेको छ । सत् पात्रका रूपमा प्रस्तुत कनकदेखि असत् कार्यतर्फ उद्यत् पात्र सुन्तली उपन्यासकी मालिक्नीलाई समेत यिनले अनुकरणीय बनाइदिएका छन् । यस क्रममा वेश्यालयकी मालिक्नीले वेश्यावृत्तिका लागि खरिद गरेकी सुन्तली नामकी केटीलाई मातृवत् व्यवहार गरी शिक्षा-दीक्षा तथा

विवाहसमेत गरिदिएर अन्त्यमा सामाजिक कलङ्क मानिने वेश्यावृत्तिजस्तो पेशा त्यागेर हिडेको देखाएका छन् । यसरी असत् पात्रलाई पनि अनुकरण योग्य बनाउन सफल भिक्षु नारी जीवनका विवशतालाई जरासम्म खोतली असत्बाट सत् मार्गमा हिडाउँदै आदर्श समाजको कल्पना गर्न पुगेका देखिन्छन् । यस क्रममा सभ्य र आदर्शमय पात्रहरूका रूपमा लक्ष्मी, सरला, मालिक्नी (कनककी सासू), आदि आउँछन् । यी पात्रहरू मूलतः गार्हस्थ्य जीवनमा नै केन्द्रित छन् ।

भिक्षुले आफ्ना केही नारीपात्रहरूलाई यौन कुण्ठाको सिकार पनि बनाएका छन् । यसको दृष्टान्तका रूपमा **सुभद्रा बज्यै**की सुभद्रा, **आगत**की सम्झना, **पाइप नं. २** की नेली, **सुन्तली**की सुन्तली हुन् । यी नारीपात्रहरूको मनोविश्लेषण गर्ने क्रममा पनि भिक्षुले सभ्य र शालिन बाटो रोजेका छन् । शिष्ट ढङ्गले नारीपात्रमा यौन मनोविश्लेषणको प्रस्तुति गर्ने भिक्षु विश्वेश्वरप्रसाद कोइराला जति अराजक देखिँखैनन् भने गोविन्दबहादुर मल्ल गोठाले भन्दा पनि पृथक् नै छन् । उनका नारीपात्र आफ्ना यौन कुण्ठालाई सहजै प्रस्तुत गर्दैनन् । आफ्ना कुण्ठाहरू दमन गर्ने क्रममा अचेतनमा रहेको दमित कामवासना एक्कासी प्रस्तुत भएपछि पोइल हिड्ने **सुभदै बज्यै** उपन्यासकी सुभद्रा त्यसै गरी विष्णुको हात समातेर अँगालोमा हाली चुम्बन गर्न पुगेकी **आगत**की सम्झना यसका दृष्टान्त हुन् । यसै गरी बिहे नगर्ने निर्णयमा पुगेकी **पाइप नं. २** की नेलीले अन्त्यतः आफ्नो मानसिकता नै परिवर्तन गरी युवकप्रति आफू पहिलेदेखि नै आकर्षित भएको रहस्य खोल्नु, **सुन्तली** उपन्यासकी सुन्तलीको विवाह एउटा बङ्गालीसँग भइसक्दा पनि आफ्नो बालशखा शिवप्रसादप्रति नै आफू आकर्षित रहेको भेद खोल्नु आदि मनोविश्लेषणीय पक्ष हुन् । यसरी सुभद्रा बज्यै नामकी पात्रको अचेता विष्फोटन भएर पोइल हिडेकी भए पनि अन्य मनोवैज्ञानिक पात्रहरू समाजका दृष्टिमा शालिन र भद्र नै ठहरिएका छन् । यसबाट नारीचरित्रको मनोविश्लेषण गर्ने क्रममा भिक्षु शिष्ट भएको कुरा पुष्टि हुन्छ ।

समग्रमा भिक्षुका नारीपात्रको अध्ययन र तिनीहरूका चारित्रिक विशेषता केलाउँदा परम्पराबाट ग्रसित, घरपरिवारको परिवृत्तबाट बाहिर निस्कन नसकेका, पुरुष (लोग्ने), परिवार (सासू, ससुरा, देवर......) आदिको सेवा टहलमा आफूलाई सीमित राखेका पात्रहरू नै उनका उपन्यासमा रहेका छन् । परिवार भित्रको संसार र मनभित्रको संसारभन्दा बाहिर आउन नसकेका परम्परित, तत्कालीन समाजका प्रतिनिधि पात्रहरूलाई भिक्षुले आदर्शको गोरेटोमा हिँडाएका छन् । यसमध्ये तत्कालीन राजनीतिप्रति रुष्ट हुँदै राणहरूको आलोचना गर्ने लक्ष्मीकी आमा भने उनका समग्र उपन्यामध्येकी एउटी सामाजिक परिवर्तन चाहने अन्य नारीपात्रभन्दा पृथक् नारीपात्र हो । यस पात्रलाई जसरी अन्य पात्रलाई पनि परिवर्तनगामी विचार धाराको बीज रोपिदिएर यथास्थितिबाट केही माथि उठाएको भए भिक्षुका उपन्यासले अहिले पाएको स्थान नेपाली साहित्यका लागि नगन्य नै हुने थियो । तर पनि तत्कालीन समयका अन्य आदर्शोन्मुख यथार्थवादी र मनोविश्लेषणवादी आख्यानकार भिन्न आदर्शोन्मुख यथार्थ र मनोविश्लेषणको धार पक्रेका हुनाले यिनका उपन्यास उल्लेखनीय नै रहेका छन् । त्यसैले नारीचरित्रहरूको पृथक् प्रस्तुतिका दृष्टिमा यिनी सफल उपन्यासकारका रूपमा प्रतिष्ठापित भएका छन् ।

# परिच्छेद पाँच

## उपसंहार

भवानी भिक्षुको जन्म वि. सं. १९६६ जेठ २१ गते बिहिवारका दिन वर्तमान लुम्बिनी अञ्चलको कपिलवस्तु जिल्लाको तौलिहवा नगरपालिकामा भएको हो । यिनको पिताको नाम इन्द्रप्रसाद गुप्ता थियो भने माताको नाम यशोदादेवी हो । जन्मेका केही दिनमा नै यिनी शीतला (बिफर) रोगबाट आक्रान्त भएका थिए । यिनकी आमाले शीतलादेवीसँग भिक्षा मागेर बचाएको हुनाले यिनी 'भिक्षा' 'भिष' आदि नामबाट सम्बोधित हुँदै गए । पछि आफैँले भवानी भिक्षु लेख्न थाले र यही नामबाट प्रसिद्धि पनि कमाए । यिनको न्वारनको नामचाहिँ 'नोहरराम' हो । साहित्यिक क्षेत्रमा भवानी भिक्षुका रूपमा  चिनिए पनि उनको औपचारिक नाम भने भवानीप्रसाद गुप्ता हो । भारतको बरूती हाइस्कुलमा सात कक्षासम्म अध्ययन गरेका भिक्षुले पछि घरमै स्वाध्ययन गरी बाह्र वर्षको उमेरमा हिन्दी साहित्यमा 'कुलभूषण' परीक्षा निजी रूपमा  दिई द्वितीय श्रेणीमा उत्तीर्ण गरे । मातृभाषा अवधि भए पनि हिन्दी भाषालगायत उर्दू, बङ्गाली र अङ्ग्रेजी भाषामा पनि स्वाध्यायनबाट राम्रो दखल हासिल गर्न यिनी सफल भएका थिए ।

पशुपतिप्रताप पुरीले यिनलाई साहित्यमा लाग्न प्रेरित गरेका थिए । त्यसपछि पशुपतिप्रताप पुरीले सङ्कलन गरेका हिन्दी, अङ्ग्रेजी, बङ्गाली, उर्दू आदि अनमोल ग्रन्थहरू भिक्षुले अध्ययन गर्दै गए । यस क्रममा भिक्षुले प्रेमचन्द, शरच्चन्द्र बंकीमचन्द्र, चेखव, गोर्की, गाल्सवर्दी, एडगर एलेन पो, दोस्तोएभ्स्की, मोपासाँ, बाल्जाक, सार्त्र, जोला, देवकोटा, कोइराला, सम आदिका कृतिहरूको अध्ययन गर्ने मौका पाए । भिक्षु यिनै विश्वविख्यात साहित्यकारहरूबाट प्रभावित थिए । यिनी सुरुमा हिन्दी भाषामा साहित्य रचना गर्दथे । १९८७-८८ तिर काठमाडौँ गएपछि भिक्षुको प्रेमराज शर्मा, कवि सिद्धिचरण श्रेष्ठ  र सुब्बा ऋद्धिबहादुर मल्लसँग परिचय र सम्पर्क स्थापित हुन पुग्यो ।

यिनले हिन्दी भाषामा तीन-चारवटा कहानी, एकदर्जन जति कविता र लेख- निबन्ध लेखेको पाइन्छ । यिनले कविता, निबन्ध, आख्यान र नाटक विधामा पनि कलम चलाएका छन् । भिक्षुका प्रकाशित साहित्यिक कृतिहरू निम्न रहेका छन् -

कविता सङ्ग्रहहरूमा **छायाँ** (२०१७), **प्रकाश** (२०१७) र **परिष्कार** (२०१७), कथा सङ्ग्रहहरूमा **गुनकेशरी** (२०१७) **मैयासाहेब** (२०१७) **आवर्त** (२०२४) र **अवान्तर** (२०३५), उपन्यासहरूमा **सुभद्रा बज्यै** (२०१९), **आगत** (२०३२), **पाइप नं. २** (२०३४) र **सुन्तली** (२०४०) रहेका छन् । यस मध्ये **सुभद्रा बज्यै** लघु उपन्यास **आवर्त** कथासङ्ग्रहमा सङ्ग्रहित छ । **सुन्तली** उपन्यास **गरिमा** २०४० मा धाराबाहिकरूपमा  पाँच भागमा प्रकाशित भएको छ । **आगत** र **पाइप नं. २** उपन्यास मात्र पुस्तकाकार कृतिका रूपमा  रहेका छन् ।

साहित्यका विविध विधामा कलम चलाएर भिक्षुले नेपाली भाषा साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनले विविध साहित्यिक पत्रिकामा आवद्ध भएर पनि

साहित्यमा योगदान दिएको पाइन्छ । वि.सं. १९९७ देखि वि.सं. २००२ सम्म उनले **शारदा** पत्रिकाको केही अङ्कमा सम्पादक भएर काम गरे । फेरि २००६ सालमा २/३ अङ्कसम्म सम्पादन गरे । उनले २०१३-१४ सालका बीच तत्कालीन **धरती** पत्रिकाका सह-सम्पादक भएर कार्य गरे । वि.सं. २०१४ देखि २०२७ सम्म ने.रा.प्र.प्र.को सक्रिय सदस्य पदमा रहेका भिक्षु त्यसपछि आजीवन सदस्य बन्न पुगे । नेपाली साहित्यमा आजीवन साधनारत तथा नेपाली भाषा-साहित्यको उत्थान र विकासमा अनवरतरूपमा लागिपरेका भिक्षु विविध सम्मान र पुरस्कारबाट पुरस्कृत पनि भएका छन् । **आगत** उपन्यासको प्रकाशनपछि भिक्षुले सोही वर्ष (२०३२) को मदन र साझा पुरस्कार पाए । समग्र साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै ने.रा.प्र.प्र.ले वि.सं. २०३६ मा त्रिभुवन प्रज्ञा पुरस्कारद्वारा सम्मान गऱ्यो । यसको केही वर्षपछि २०३८ वैशाख ४ गते ६७ वर्षको उमेरमा क्यान्सर रोगका कारणबाट उनको मृत्यु भयो ।

नेपाली उपन्यास साहित्यमा आधुनिककालको सुरुवात गर्ने उपन्यास वि. सं. (१९९१) को **रूपपती** नै हो । यो साहित्य चिन्ताका दृष्टिले मूलतः आदर्शोन्मुख यथार्थवादी उपन्यास हो । तर यस उपन्यासका नारीपात्रहरूको अध्ययन गर्दा रूपमती नामकी नारीचरित्र आदर्शोन्मुख यथार्थवादी र बराल पुत्री यथार्थवादी नारीचरित्र हो । यस दृष्टिले यथार्थवादी साहित्य चिन्तनको आरम्भ पनि रूपमतीबाटै भएको मान्न सकिन्छ । रूपमतीले आरम्भ गरेका यी दुई साहित्य मान्यता नारीचरित्रका आधारमा रहेको छ । रूपमतीदेखि हालसम्म पनि यस्ता प्रकारका उपन्यासहरू लेखिँदै आएका छन् । यसरी नारीचरित्रका दृष्टिले प्रथम आदर्शोन्मुख यथार्थवादी तथा प्रथम यथार्थवादी उपन्यास रूपमती देखिए पनि यसमा आंशिक रूपमा सामाजिक यथार्थवादको पनि प्रयोग भएको पाइन्छ । पूर्णतः सामाजिक यथार्थवादी साहित्य मान्यतालाई वरण गरेर रचिएको प्रथम उपन्यास **मुलुकबाहिर** (२००४) हो । सामाजिक यथार्थवादी उपन्यासमा उपन्यासकारले नारीलाई समाजले जस्तोरूपमा हेर्छ, त्यस्तै रूपमा प्रस्तुत गर्दछ । यस्ता उपन्यासहरूमा नारीपात्रहरूको प्रस्तुति उल्लेख्य रहेको देखिन्छ तर ऐतिहासिक यथार्थवादी उपन्यासमा नारीपात्रहरूको प्रयोग खासै देखिँदैन ।

आधुनिक नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी साहित्य मान्यतामा रचित प्रथम उपन्यास **स्वास्नीमान्छे** (२०११) हो । यस्ता उपन्यासका नारीपात्रहरू नारीमाथि गरिने भेदभाव र भोगवादी प्रवृत्तिलाई हाँक दिँदै सङ्घर्षका लागि एकजुट भएर लागेका पाइन्छन् । यस्ता नारीपात्रहरू सामाजिक विभेदप्रति आलोचना गर्न तत्पर भएका पनि देखिन्छन् । त्यस्तै वर्गीय विभेदप्रति विद्रोह गर्ने प्रवृत्ति भने समाजवादी यथार्थवादी साहित्यिक प्रवृत्ति हो । यस्ता उपन्यासहरू मूलतः मार्क्सेली द्वन्द्वात्मक भौतिकवादमा आधारित हुन्छन् । यस्ता उपन्यासका नारीचरित्रहरू उच्चवर्गबाट शोषित र शाषित भएका हुन्छन् । तिनै नारीचरित्रमा विद्रोहचेत भरेर उपन्यासकारले ती पात्रहरूलाई समाजवादी यथार्थवादको गोरेटोमा डोऱ्याउँछन् । डी.पी. अधिकारीको **आशमाया** (२०२५) समाजवादी यथार्थवादी साहित्यिक मान्यतालाई आधुनिक नेपाली उपन्यासमा प्रतिस्थापित गराउने प्रथम उपन्यास हो ।

मनोविश्लेषणवादी उपन्यासहरूमा भने पात्रको मनको विश्लेषण गरिएको पाइन्छ । प्रथम मनोविश्लेषणवादी उपन्यास गोविन्दबहादुर मल्ल 'गोठाले' को पल्लो **घरको झ्याल** (२०१६) हो । नारीचरित्रका दृष्टिले पनि यो उपन्यास प्रथम मनोविश्लेषणवादी उपन्यास हो ।

नारीका आन्तरिक र बाह्य दुवै जगत्को विश्लेषण यस्ता उपन्यासमा गरिएको पाइन्छ । मनको चित्रणमा मात्र सीमित नभई जीवनका विसङ्गत पक्षहरूलाई प्रस्तुत गर्ने साहित्य मान्यतालाई विसङ्गतिवाद भनिन्छ । यस साहित्य मान्यतासँग अस्तित्ववादी चिन्तन पनि अन्तर्निहित रहेको पाइन्छ । यस अस्तित्ववादी विसङ्गतिवादी साहित्य मान्यतालाई प्रस्तुत गर्ने प्रथम उपन्यास इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) हो । नारीचरित्रका दृष्टिले पूर्णतः विसङ्गतिवादी चिन्तन प्रयोग गरिएको प्रथम उपन्यास पारिजातको **शिरीषको फूल** (२०२२) हो । यस्ता उपन्यासमा नारीपात्रहरूका जीवनका विसङ्गतिलाई प्रस्तुत गरिएको हुन्छ । सकमबरी यस उपन्यासकी प्रमुख विसङ्गतिवादी नारीपात्र हो । त्यस्तै अस्तित्ववादी चिन्तनको पूर्णतः पालना गरी लेखिएको प्रथम उपन्यास विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (२०२५) हो । यस्ता उपन्यासमा व्यक्ति निर्णयलाई प्रश्रय दिएको हुन्छ । यस उपन्यासकी इन्द्रमाया अस्तित्ववादी पात्र हो । यसरी आधुनिक नेपाली उपन्यासको विकास यात्रामा विविध समयमा विविध साहित्यिक मूल्य र मान्यताले आफ्ने आधिपत्य जमाएको पाइन्छ । तर ती मूल्य र मान्यताहरूले निरन्तरता भने पाइरहेका छन् ।

भवानी भिक्षुका चार उपन्यासहरू प्रकासित भएका छन् । तीमध्ये औपन्यासिक आयामका दृष्टिले **आगत** सबैभन्दा महत्त्वपूर्ण उपन्यास हो । आयामगत दृष्टिले महत्त्वपूर्ण अर्को उपन्यास **पाइप नं. २** हो । यस क्रममा **सुभद्र बज्यै** र **सुन्तली** लघु आयमका उपन्यास हुन् । नारीपात्रका दृष्टिले यी उपन्यासहरूको सर्वेक्षण गर्दा **आगत** नै महत्त्वपूर्ण रहेको छ । अरू तीन उपन्यासहरू नारीपात्रकै केन्द्रीयतामा रचिएका भए पनि एक प्रमुख नारीपात्रमै सीमित हुन पुगेका छन् । नारीपात्रको बाहुल्यताका दृष्टिमा **आगत** उपन्यास नै सर्वेसर्वा देखिएको छ । **पाइप नं. २**, **सभुद्रा बज्यै** र **सुन्तली** उपन्यास अल्प नारीचरित्रमा सीमित हुँदाहुँदै पनि नारीचरित्र प्रधान बन्न सफल भएका छन् । यी उपन्यासहरूमा रहेका नारीचरित्रहरूका सङ्ख्यात्मक स्वरूपलाई हेर्दा **आगत** उपन्यासमा एक कनक नामकी प्रमुख पात्र रहेकी छे भने लक्ष्मी, सम्झना, सरला, गुह्येश्वरी र मालिक्नी गरी पाँच नारीपात्र सहायक पात्रका रूपमा र एक गौण पात्र लक्ष्मीकी आमासहित सूच्यरूपमा थुप्रै नारीपात्रहरू पनि आएका छन् । त्यसै गरी **पाइप नं. २** मा नेली नमकी प्रमुख पात्रसँग अन्य केही पात्रहरू पनि गौण र सूच्यरूपमा आएका छन् । **सुभद्रा बज्यै** र **सुन्तली** उपन्यासमा सुभद्रा र सुन्तली नाम गरेका एकएक प्रमुख पात्रका साथमा अन्य केही गौण तथा सूच्य पात्रहरू पनि रहेका छन् । भिक्षुका चार उपन्यासमध्ये तीन उपन्यास नारीप्रधान बन्न पुगेका छन् । यी चार उपन्यासमा रहेका नारीपात्रहरूका अध्ययन र विश्लेषणबाट सङ्ख्यात्मक दृष्टिले भन्दा पनि गुणात्मकताका दृष्टिले नारीपात्रहरूको भूमिका महत्त्वपूर्ण रहेको कुरा पुष्टि भएको छ । जीवन र जगतका यावत् भोगाइका प्रतिनिधित्त्व यी नारीचरित्रहरूले गरेका छन् ।

भिक्षुका उपन्यासमा रहेका नारीपात्रहरू बौद्धिक र तर्कशील छन् । **आगत** र **पाइप नं. २** को भूमिकामा उपन्यासकार स्वयंले यस कुराको उल्लेख गरेका छन् । शैक्षिक दृष्टिले सामान्य रहेपनि ज्ञान गुनका कुरा गर्नमा उनीहरू खप्पिस छन् । **आगत** उपन्यासकी कनकलता, सम्झना, सरला **सुभद्रा बज्यै** उपन्यासकी सुभद्रा र **सुन्तली** उपन्यासकी सुन्तली शैक्षिकरूपमा सामान्य तर बौद्धिकरूपले सम्पन्न नारीचरित्रहरू हुन् । शिक्षित र बौद्धिक तर्कशील पात्रहरूमा एम. ए. गरेकी **पाइप नं. २** की नेली र म्याट्रिक गरेकी **आगत**की लक्ष्मी रहेका छन् । उनका सम्पूर्ण उपन्यासका नारीपात्रहरू बौद्धिक र तर्कशील रहेका छन् ।

भिक्षुका उपन्यासका नारीपात्रहरूले उच्च र निम्न दुवै वर्गको प्रतिनिधित्त्व गरेका छन् । यिनका उच्चवर्गका नारीपात्रहरूमा **आगत** उपन्यासका कनकलता, सरला, लक्ष्मी, मालिक्नी र लक्ष्मीकी आमा रहेका छन् भने **आगत** उपन्यासकी सम्झना, **पाइप नं. २** की नेली, **सुभद्र बज्यैकी** सुभद्रा र **सुन्तली** उपन्यासकी सुन्तली निम्न वर्गका नारीपात्रहरू हुन् । यस उपन्यासमा प्रस्तुत भएका उच्च वर्गीय नारीपात्रहरू आदर्शमय ठहरिएका छन् । त्यसै गरी निम्न वर्गका प्रतिनिधित्त्व गर्ने नारीपात्र अस्तित्व र विसङ्गतिका बीचबाट जीवन जगत्को यथार्थतालाई प्रस्तुत गर्न सफल भएका छन् । यिनले निम्नवर्गकै पात्रहरूको केन्द्रीयतामा बढी उपन्यास रचेका छन् ।

यिनका उपन्यासमा आएका प्रायः पात्रहरू अनुकूल चरित्र भएका छन् । **आगत**का नारीपात्रहरू कनक, सरला, लक्ष्मी, सम्झना, मालिक्नी, लक्ष्मीकी आमा, **पाइप नं. २** की नेली **सुभद्रा बज्यैकी** सुभद्रा र **सुन्तली**की सुन्तली सबै अनुकूल नारीपात्रहरू हुन् । **आगत**की गुह्येश्वरी नामकी पात्र भने उनका उपन्यासहरू मध्येकी प्रतिकूल पात्र हो । त्यसैगरी **पाइप नं. २** की गौणपात्र प्रिन्सिपल सुरुमा प्रतिकूल र पछि गएर अनुकूल बन्न पुगेकी पात्र हो । यसरी यिनका उपन्यासमा प्रयुक्त नारीपात्रहरूमा सकारात्मक सोच राख्ने पात्रहरूको बाहुल्यता रहेको छ ।

साहित्यिक मूल्यमान्यतका दृष्टिले भिक्षुका नारीपात्रहरू मूलतः आदर्शोन्मुख यथार्थवादी र मनोविश्लेषणवादी रहेका छन् । **आगत** उपन्यासका अधिकांश नारीपात्रहरू आदर्शोन्मुख यथार्थवादी रहेका छन् । यस उपन्यासका आदर्शोन्मुख यथार्थवादी नारीपात्रहरूमा कनक, सरला, लक्ष्मी, मालिक्नी र लक्ष्मीकी आमा रहेका छन् । मनोविश्लेषणवादी नारीचरित्रहरूमा **आगत**की सम्झना, **पाइप नं. २** की नेली, **सुभद्रा बज्यै**की सुभद्रा, सुन्तलीकी सुन्तली रहेका छन् । यस मध्ये **आगत** उपन्यासकी गुह्येश्वरी यथार्थवादी नारीचरित्र हो । यसबाहेक यी नारीपात्रहरू अस्तित्ववादी र विसङ्तिवादी मूल्य मान्यताका अंशियार पनि भएका छन् ।

यसरी भिक्षुका उपन्यासहरूमा रहेका नारीपात्रहरूको अध्ययन र विश्लेषणबाट आएको सारलाई प्रस्तुत गर्नुपर्दा आधुनिक नेपाली उपन्यास साहित्यमा नारीचरित्र तथा औपन्यासिक विषयवस्तु दुवै आधारमा **आगत** आदर्शोन्मुख यथार्थवादी , **पाइप नं. २, सुभद्रा बज्यै** र **सुन्तली** मनोविश्लेषवादी उपन्यास भएको पुष्टि भएको छ । यिनै नारीचरित्रहरूको चारित्रिक बैशिष्ट्यका आधारमा भिक्षुका उपन्याहरू उत्कृष्ट बन्न पुगेका कुरा पनि यस अध्ययनले प्रमाणित गरेको छ । यसरी नारीपात्रलाई सफलरूपमा प्रयोग गरेकै कारण आधुनिक नेपाली उपन्यास साहित्यमा यी उपन्यासहरूले आफ्नो स्थान उच्च राखेका छन् भने भिक्षु उत्कृष्ट उपन्यासकारका रूपमा जीवित रहेका छन् ।

भिक्षुका उपन्यासहरूमा रहेका नारीपात्रहरूका अध्ययन र विश्लेषमा मात्र केन्द्रित यस शोधकार्यबाट भिक्षुका नारीपात्रहरूको अध्ययन पूर्ण हुन सकेको छैन । त्यसैले विविध शीर्षकहरूमा उनका नारीपात्रहरूको अध्ययन गर्न सकिने देखिन्छ । यसका लागि उपयुक्त शीर्षकहरू निम्न अनुसार छन् :

- भवानी भिक्षुका उपन्यासमा रहेका नारीपात्रहरूका मनावैज्ञानिक पक्षको अध्ययन

- भवानी भिक्षुका उपन्यासमा रहेका नारीपात्रहरूका सामाजिक पक्षको अध्ययन
- आख्यानकार भिक्षुका नारीपात्रहरूको अध्ययन

# सन्दर्भग्रन्थसूची

## क) पुस्तकाकार कृतिहरू


१. उपाध्याय, केशवप्रसाद. साहित्य प्रकाश. ललितपुर : साझा प्रकाशन, २०५९ ।

२. ऋषि, उषा. **प्रेमचन्द और उनके उपन्यास**. नई दिल्ली : पृथ्वीराज पब्लिशर्स, १९७४ ।

३. कँडेल, घनश्याम उपाध्याय. **पाश्चात्य यथार्थवादी नाटक**. काठमाडौँ : श्रीमती सुभद्रा उपाध्याय कँडेल, २०४६ ।

४. __________ . (सम्पा.), **नेपाली समालोचना**. काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

५. घिमिरे, कृष्णप्रसाद र रामप्रसाद ज्ञवली. **आख्यानकार पारिजात**. काठमाडौँ : हजुरको पुस्तक संसार, २०५८ ।

६. ढकाल, भूपति. **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण**. काठमाडौँ : ए. बी. सी. प्रकाशन, २०६० ।

७. त्यागी, सुमित्रा. **हिन्दी उपन्यास आधुनिक विचारधाराएँ**. मालीवडा दिल्ली : साहित्य प्रकाशन, १९७८ ।

८. धराबासी, कृष्ण. **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू**. काठमाडौँ : पैरवी बुक्स एन्ड स्टेसनरी सेन्टर, २०५८ ।

९. पराजुली, कृष्णप्रसाद. **पन्ध्र तारा र नेपाली साहित्य**. ललितपुर : साझा प्रकाशन, २०६२ ।

१०. प्रधान, कृष्णचन्द्रसिंह. **नेपाली उपन्यास र उपन्यासकार**. ललितपुर : साझा प्रकाशन, २०६४ ।

११. पाण्डे, ज्ञानू. **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद**. काठमाडौँ : नेपाली आख्यान समाज, २०६० ।

१२. बख्शी, योगेन्द्र. **हिन्दी तथा नेपली उपन्यासको तुलनात्मक अध्ययन**. दिल्ली : शोधप्रबन्ध प्रकाशन, १९७६ ।

१३. बराल ईश्वर. **भारतेली साहित्य र साहित्यकार**. संम्पा. सरच्चन्द्र शर्मा (भट्टराई) र कमलकान्त सेढाई, सिक्किम : निर्माण प्रकाशन, १९९८ ।

१४. बराल ऋषिराज. **प्रगतिवाद र नेपाली उपन्यास**. विराटनगर : जनसाहित्य परिवार, २०४० ।

१५. बराल, ऋषिराज. **उपन्यासको सौन्दर्यशास्त्र**. ललितपुर : साझा प्रकाशन, २०६३ ।

१६. बराल, कृष्णहरि. **संदृष्टि.** ललितपुर : साझा प्रकाशन, २०५५ ।

१७. ———— र नेत्र एटम. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**. ललितपुर : साझा प्रकाशन, २०५८ ।

१८. भिक्षु, भवानी. **आगत**. काठमाडौँ : साझा प्रकाशन, २०५० ।

१९. ________ . **पाइप नं. २**. काठमाडौँ : साझा प्रकाशन, २०३४ ।

२०. ________. **आवर्त**. काठमाडौँ : साझा प्रकाशन, २०३८ ।

२१. मिश्र, रामदरश. **हिन्दी उपन्यास एक अन्तर्यात्रा**. नई दिल्ली : राजकमल प्रकाशन, १९८२ ।

२२. राइ, इन्द्रबहादुर. **नेपाली उपन्यासका आधारहरू**. ललितपुर : सझा प्रकाशन, २०५० ।

२३. शर्मा, तारानाथ. **नेपाली साहित्यको ऐतिहासिक परिचय**. ललितपुर : साझा प्रकाशन, २०६२ ।

२४. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल. **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

२५. श्रेष्ठ, ईश्वरकुमार. **पूर्वीय एवं पाश्चात्य समालोचना प्रमुख वाद र प्रणाली**. ललितपुर : साझा प्रकाशन, २०५४ ।

२६. श्रेष्ठ, दयाराम. **नेपाली साहित्यका केही पृष्ठ.** ललितपुर : साझा प्रकाशन, २०६४ ।

२७. ________ र मोहनराज शर्मा. **नेपाली साहित्यको संक्षिप्त इतिहास**. ललितपुर : साझा प्रकाशन, २०४९ ।

२८. सुवेदी, राजेन्द्र. **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**. ललितपुर : साझा प्रकाशन, २०६४ ।

२९. ________ . **विषय गहन सतह चिन्तन**. ललितपुर : साझा प्रकाशन, २०५०

३०. ________ . **सृजनाविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम**. ललितपुर : साझा प्रकाशन, २०५४ ।

३१. त्रिपाठी, वासुदेव. **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**. काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

**ख) अङ्ग्रेजी पुस्तकहरू**

1. Abrams, M. h.. **A glossary of literary terms.** 4th ed. , Banglor : Estern press, 2004.

2. Adams, Hazard**. Critical theory since plato.** Revised edition, (Washington : Harcourt Brace Jovanovich collage, Washington, 1992 .

3. **The New Encyclopaedia Britanica.**Volume 1& 9, Chicago / London / Tornoto / Geneva / Sydny / Tokyo / Manila / Seoul : Helen Hemingay Benton Publication, 1973-1974 .

ग) शोधपत्र

१. गौतम, ईश्वर. 'माइतघर उपन्यासको कृतिपरक अध्ययन'. स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, २०६१ ।

२ घर्ती, दुर्गाबहादुर. 'अनुराधा उपन्यासको कृतिपरक अध्ययन'. स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, २०५३ ।

३. घिमिरे, तुलसी. 'कथाकार भवानी भिक्षुको कथाको विश्लेषण'. स्नातकोत्तर शोधपत्र, मानविकी तथा सामाजिक सङ्काय, नेपाली शिक्षण विभाग, त्रि. वि. कीर्तिपुर, २०३४ ।

४. घिमिरे, भानु. 'कवि भवानी भिक्षुको कवित्व र विश्लेषण'. स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, २०५३ ।

५. थापा, पशाकान्ता. 'शिरिषको फूल उपन्यासको कृतिपरक अध्ययन'. स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, २०५६ ।

६. पाण्डे, ज्ञानू. 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद'. विद्यावारिधि शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, २०६० ।

७. पौडेल, तेजप्रसाद. 'उपन्यासकार भवानी भिक्षुको औपन्यासिक कृतिहरूको विश्लेषण'. स्नातकोत्तर शोधपत्र, मानविकी तथा सामाजिक सङ्काय, नेपाली शिक्षण विभाग, त्रि. वि. कीर्तिपुर २०४७ ।

८. पौडेल, विजयादेवी. 'अलिखित उपन्यासको कृतिपरक अध्ययन'. स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, २०५६ ।

९. पौडेल, विष्णुप्रसाद. 'उपन्यासकार ईन्द्रबहादुर राई'. (कृतिपरक अध्ययन), स्नातकोत्तर शोधपत्र, मानविकी तथा सामाजिक सङ्काय, नेपाली शिक्षण विभाग, त्रि. वि. कीर्तिपुर, २०४४ ।

१०. भण्डारी, गोपालप्रसाद. 'भवानी भिक्षुको कथामा मनोविज्ञान'. विद्यावारिधि शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, २०५१ ।

११. मल्ल, महेन्द्र. 'लैनसिंह बाङ्देलका औपन्यासिक. कृतिहरूको विश्लेषण'. स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, २०५३ ।

१२. शर्मा, शारदा. 'उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र तथा तिनका दृष्टिकोण र आकाङ्क्षा'. स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, २०४९ ।

१३. श्रेष्ठ, दयाराम. 'नेपाली कथा र यथार्थवाद'. विद्यावारिधि शोधपत्र, मानविकी र समाजशास्त्र अध्ययन संस्थान, नेपाली शिक्षण समिति, काठमाडौं : २०३८ आषढ ।

१४.राई, देविका चामलिङ. 'उपन्यासकार मदनमणि दीक्षितका उपन्यासमा नारीपात्र'.स्नातकोत्तर शोधपत्र, पद्मकन्या क्याम्पस बागबजार, २०५६ ।

१५. रेग्मी, भोलानाथ. 'उपन्यासकार डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास'. स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर, २०५३ ।

**ग) पत्रत्रिकाका लेखहरू**

१. अच्युतरमण अधिकारी, "आलोचनाका कसीमा सुभद्रा बज्यै", **मधुपर्क**, वर्ष ७, अङ्क ८, २०३१ पौष, पृ............।

२. _________, 'एउटा भिक्षुको कथा' **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. ४५४-४६१ ।

३. ईश्वर बराल, 'आगतकी सम्झना', **गरिमा**, वर्ष १, अङ्क ९, २०४०, भदौ, पृ. २५-३९ ।

४. कृष्णप्रसाद पराजुली, 'कथा समाप्त भैसक्यो' **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. ५४-६३ ।

५. कुमारबहादुर जोशी, 'भवानी भिक्षुसँग भेट', **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. १५६-१६१ ।

६. केशव उपाध्याय, 'प्रकाशका आलोकमा भिक्षुको कवितात्मक दृष्टि र सृष्टिको रेखाङ्कन', **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. ४७-५७ ।

७. खेम कोइराला बन्धु, "कथाकार भिक्षुको 'पाइप नं. २' एक दृष्टि", **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. ३१७-३२८ ।

८. _________, 'नेपाली उपन्यास परम्परामा पाइप नं. २', **मधुपर्क,** वर्ष १०, अङ्क १०, २०३४, फागुन, पृ. ८९-९९ ।

९. गङ्गाप्रसाद उप्रेती, 'आगतको परिवेश र भिक्षुको औपन्यासिकता' **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. २२२-२३७ ।

१०. गोपाल भण्डारी 'नेपाली औपन्यासिक क्षेत्रमा भवानी भिक्षु' **गरिमा**, वर्ष २४,अङ्क १, २०६२ पुष, पृ. ३७-४४ ।

११. गोपालप्रसाद भण्डारी, 'भैरहवादेखि गोटीहवासम्म', **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. २८-३८ ।

१२. गोपीकृष्ण शर्मा, 'कथाको नौलो संयोजन सुभद्रा बज्यै', **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. १६६-१६९ ।

१३. दधिराज सुवेदी, 'भिक्षुको 'मेरो सानू साथी' मा बालमानसिकताको नैसर्गिक प्रस्तुति', **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. २४-२९ ।

१४. धर्मराज थापा (जनकविकेशरी), 'रसवर्णनमा अवरोध किन ?- भिक्षु', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. ४७-५३ ।

१५. पूर्णप्रकाश नेपाल यात्री, ' कथाकार भवानी भिक्षु र 'त्यो फेरि फर्कला ?' कथामाथि विहंगम दृष्टि', **उन्नयन**, (भिक्षु विशेषाङ्क), (अङ्क १०, २०४९, साउन, भदौ, असोज), पृ. ५९-७४ ।

१६. महादेव अवस्थी, 'कथाकार भिक्षुको 'पाइप नं. २' एक दृष्टि', **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. ५९-७४ ।

१८. मुरारीप्रसाद रेग्मी, 'चारित्रिक कसीमा सुभद्रा बज्यै', **रूपरेखा**, वर्ष १७, अङ्क २, २०३३, असार, पृ.४५-५१ ।

१९. _________, 'पाइप नं. २ मनोविश्लेषणात्मक अध्ययन' **मधुपर्क**, वर्ष ११, अङ्क ७, २०३५, मङ्सिर, पृ. ६९-७८ ।

२०. रमेश भट्टराई, "उपन्यासकार भवानी भिक्षु र उनको 'आगत' उपन्यास", **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. १५१-१६५ ।

२१. लक्खीदेवी सुन्दास, 'आगतका नारीपात्रहरू', मधुपर्क, वर्ष १०, अङ्क ५, २०३४ असोज, पृ. ६५-७४ ।

२२. वासुदेव त्रिपाठी, 'भवानी भिक्षुको कथायात्रा एक रेखाङ्कन', **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ. ३४६-४५३ ।

२३. शिव रेग्मी, 'भवानी भिक्षु (१९६६-२०३८) को शारदामा योगदान', **उन्नयन**, (भिक्षु विशेषाङ्क), अङ्क १०, २०४९, साउन, भदौ, असोज, पृ.३३-३७ ।